# गाउँ शिक्षा योजना

## २०७८-२०८७

# बान्नीगढी जयगढ गाउँपालिका

## शिक्षा, युवा तथा खेलकुद शाखा

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**कार्यकारी सारांश**

मानवीय जीवननिर्वाह गर्न, सचेत तथा प्रस्तिपर्धी तथा दक्ष जनशक्ति उत्पादन गरी सामज तथा देशको विकास गर्नका लागि शिक्षाले महत्वपुर्ण रहेको छ। समाज तथा राष्ट्रको दिगो विकास, शान्ति सुशासन, विकास तथा समृद्धिका निर्माणका लागि शिक्षाले महत्वपुर्ण भुमिका खेलेको छ। यसकारण शिक्षालाई वैज्ञानीकरण, प्रतिस्पर्धी, व्यवसायिक तथा जिवन निर्वाहमुखी बनाईनु पर्दछ। यस आवश्यकतालाई मध्यनजर गर्दै बान्नीगढी जयगढ गाउँपालिकाले गुणस्तरीय शिक्षामा पहुँच तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि बिभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको छ।

यस गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गरेको भएपता पनि बालवालिकाको गुणात्मक शिक्षा, सिकाई उपलब्धीमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन। विद्यालयको भौतिक संरचनाको विकाससंगै बालवालिकाको सिकाई उपलब्धी बृद्धि गर्न, विद्यालय भन्दा बाहिर रहेका बालवालिकालाई विद्यालयको पहुँमा ल्याउने, कक्षा छोड्ने तथा दोहो¥याउने संख्या घटाई बालवालिकाको कक्षा उत्तीर्ण दरमा वृद्धि गर्ने जस्ता अरु गुणस्तरीय सुचकको वृद्धिमा प्राथमिकता राखी योजना तयार गरिएको छ। । शिक्षामा मार्फत दक्ष जनशक्ति उत्पदान गरी समुद्ध बान्नीगढी जयगढ गाउँपालिका निर्माण गर्दै जिल्लाको शैक्षिक नेतृत्व लिन प्रतिबद्धत हुदै योजनाबद्ध रुपबाट काम अगाडी बढाइ रहेको छ।

संघीय स्वरुपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकारबीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने मनसायले नेपाल सरकार शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ दस वर्षे (२०७८-२०८७) शिक्षा क्षेत्र योजना तयार गर्न लागेको सन्दर्भमा मुलुक संघीय संरचनामा रुपान्तरित भए पश्चात संघीय सरकारले मात्रै नभइ प्रादेशिक र स्थानीय सरकारहरुले आफ्नो अधिकार क्षेत्रको शिक्षा योजना बनाइ कार्यान्वयन गर्नु पर्ने हुन्छ । दिगो विकास लक्ष्यले सन २०३० (वि सं २०८७) सम्ममा मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तर गर्न प्रतिवद्धता जनाए अनुसार दीर्घकालिन सोच सहित सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय आकांक्षा पुरा गर्ने लक्ष्य लिएकोमा स्थानीय साधन श्रोतःको पहिचान र सदुपयोग गरी सबै तहका सरकारहरुले समन्वयात्मक ढंगले योजना बनाइ कार्यान्वयन गर्न सके मात्रै संघीय संरचना सफल हुन सक्ने भएकोले सीमित साधन श्रोतःको परिचालनका लागि शिक्षा क्षेत्रको योजना पनि दीगो विकास लक्ष्यको उद्देश्य नं ४ पुरा गर्ने दिशामा अग्रसर हुन आवश्यक भएकोले बान्नीगढी जयगढ गाउँपालिकाले यो योजना तयार गरेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको मूल विषयक्षेत्र मानिदै आएको पाइन्छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता

भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने  र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ ।

राज्यको आर्थिक समृद्घि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

## परिच्छेद १

## १. परिचय

### १.१ बान्नीगढी जयगढ गाउँपालिकाको भौगोलिक परिचय

पृष्ठभूमि

नेपालको कुल भूभाग १,४७,५१६ वर्ग कि.मि. मध्ये सुदूरपश्चिम प्रदेशले १९,८७४ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । यस प्रदेश अन्तर्गतका ९ ओटा जिल्ला मध्ये अछामको क्षेत्रफल १६९२ वर्ग कि.मि. रहेको छ । नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ । यो विभाजन मध्ये अछाम जिल्ला अन्तर्गत मंगलसेन, कमलबजार, साँफेबगर र पञ्चदेवल विनायक गरी ४ वटा नगरपालिका र चौरपाटी, मेल्लेख, बान्नीगढी जयगढ, रामारोशन, ढकारी र तुर्माखाँद गरी ६ वटा गाउँपालिका रहेका छन् । अछाम सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने पहाडी जिल्ला हो ।

अछाम जिल्लाका जम्मा १० ओटा स्थानीय तह मध्ये बान्नीगढी जयगढ गाउँपालिका जिल्लाको मध्य भुभागमा पर्दछ । हाल ६ वटा वडा कायम गरिएको बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय जयगढमा रहेको छ र यसको क्षेत्रफल ५८.२६ वर्ग कि.मि. रहेको छ । यस गाउँपालिकाको सिमानामा पुर्वमा रामारोशन गाउँपालिका, पश्चिममा साँफेबगर नगरपालिका, उत्तरमा मेल्लेख गाउँपालिका र दक्षिणमा मंगलसेन नगरपालिका पर्दछन् । यो गाउँपालिका २९° ११'५३" उत्तरी अक्षांस र ८१° १६'४२" पुर्वी देशान्तरमा फैलिएको छ । समुन्द्री सतहको न्युनतम ६९१ मिटरको उचाई देखि अधिकतम २१०० मिटरसम्मको उचाईमा रहेको छ । वि.सं.२०६८ सालको जनगणना अनुसार बान्नीगढी जयगढ गाउँपालिकाको कुल घरधुरी संख्या ३३७३ र कुल जनसंख्या १७३५९ जना रहेको थियो भने वि.सं.२०७५ सालमा गाउँपालिकाले गरेको सर्वेक्षेण अनुसार घरधुरी संख्या ३३२० छ भने कुल जनसंख्या २१६२९ मध्ये मध्ये महिला १०५२४ (४८.६६) र पुरुष १११०५ (५१.३४) रहेका छन् । १८ वर्ष मुनिका ४३०८ बालिका र ४७२१ बालक गरी जम्मा ९०२९ जना बालबालिकाहरुको संख्या रहेको छ ।


बान्नीगढी जयगढ गाउँपालिकामा १९ आधारभुत, ६ माध्यमिक सहित २५ सामुदायिक र ३ वटा निजी गरी २८ विद्यालय सञ्चालनमा रहेका छन् । पालिका भरीमा ४४ वटा बालविकास केन्द्र रहेका छन । जसमध्ये ३१ वटा विद्यालयमा आधारित र १३ वटा समुदायमा आधारित रहेका छन । बाल विकास केन्द्रमा ४४ जना बालविकास सहजकर्ता कार्यरत छन । त्यसै गरी वडा नं.६ दर्नामा पञ्चदेवल सामुदायिक सिकाइ केन्द्र र पञ्चदेवल युवा सूचना केन्द्र, वडा नं.५ कालिकामा सामुदायिक सुचाना प्रविधि केन्द्र, वडा नं.३ मा वरदादेवी सामुदायिक सिकाइ केन्द्र सञ्चालन भइरहेका छन् । बाल विकास देखि कक्षा १२ सम्म ४ हजार ५ शय ३७ बालबालिका अध्ययन गरिरहका छन भने

स्थायी, अस्थायी, राहत, निजी, गाउँपालिका अनुदान, बाल विकास सहजकर्ता गरी जम्मा २५५ जना शिक्षक तथा कर्मचारीहरू रहेका छन् ।

*(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको वस्तुगत विवरण २०७५)*

**१.२ बान्नीगढी जयगढ गाउँपालिकाको राजनैतिक प्रशासनिक विभाजन**

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ । यो विभाजन मध्ये यस सुदूरपश्चिम प्रदेश अन्तर्गत महाकाली अञ्चलका ४ जिल्ला दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर, सेती अञ्चलका बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली गरी जम्मा ९ जिल्ला रहेका छन । १ उप-महानगरपालिका, ३३



Copyright@MoFALD

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय तह रहेका छन।यी विभाजन मध्ये अछाम जिल्ला अन्तर्गत मंगलसेन, कमलबजार, साँफेबगर र पञ्चदेवल विनायक गरी ४ वटा नगरपालिका र चौरपाटी, मेल्लेख, बान्नीगढी जयगढ, रामारोशन, ढकारी र तुर्माखाँद गरी ६ वटा गाउँपालिका रहेका छन् । १० ओटा स्थानीय तह मध्ये बान्नीगढी जयगढ गाउँपालिका जिल्लाको मध्य भुभागमा पर्दछ । हाल ६ वटा वडा कायम गरिएको बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय जयगढमा रहेको छ ।

*(श्रोतः संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय)*

### १.३ जनसांख्यिक विवरण

२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये सुदूरपश्चिम प्रदेशको जनसंख्या २,५५२,५१७ रहेको छ जुन कुल जनसंख्याको ९.६३% हुन आउँछ । यस मध्ये पुरुषको जनसंख्या १२,१७,८८७ र महिलाको जनसंख्या १३,३४,६३० रहेको छ ।

भौगोलिक क्षेत्रको आधारमा सुदूरपश्चिम प्रदेशको जनसंख्या हिमाली क्षेत्रको जनसंख्या ४,६३,३४५ (१८.१६%), पहाडी क्षेत्रको जनसंख्या ८,६२,२१५(३३.७८%) र तराई क्षेत्रको जनसंख्या १२,२६,९५७ (४८.०६%) रहेको छ। *(श्रोतः राष्ट्रिय जनगणना तथ्यांक २०६८)*

बान्नीगढी जयगढ गाउँपालिकाको पञ्जिकरण तथ्यांक २०७५ अनुसार यस पालिकाको जम्मा जनसंख्या २१६२९ रहेको छ ।सर्वेअनुसारको कुल जनसंख्या मध्ये महिला १०५२४ (४८.६६%) र पुरुष १११०५ (५१.३४%) रहेका छन ।

*(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको वस्तुगत विवरण २०७५)*

### १.४ प्रमुख नदीनाला, ताल तथा धार्मिक स्थलहरु

बान्नीगढी जयगढ गाउँपालिका र मंगलसेन नगरपालिकाको बीचमा कैलाशखोला रहेको छ भने साँफेबगर नगरपालिकाको सिमानासँग छिपेखोला रहेको छ । पर्यटकि स्थलको रुपमा बान्नीगढी, छातासैन, बिल्थम, दर्ना दरवार, देवल र सिद्धबाबा गुफा रहेका छन भने वडा नं.३ वरदादेवीको छातासैन क्षेत्रमा छातासैन ताल रहेको छ । छातासैन यस गाउँपालिको आलु पकेट क्षेत्रको रुपमा परिचित रहेको छ । धार्मिक दृष्टिकोणबाट बान्नीगढी गाउँपालिकामा वरदादेवी, कालिका, त्रिपुरासुन्दरी, जनालिकोट, जाल्पादेवी, मष्टा देवता र शिव मन्दिर प्रसिद्ध छन् ।

*(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको वस्तुगत विवरण २०७५)*

### १.५ जातजाति तथा भाषाभाषी

बान्नीगढी जयगढ गाउँपालिकाको कुल जनसंख्याको ६०.९४ प्रतिशत क्षेत्री, ६.१५ प्रतिशत ब्राहमण, २९.९६ प्रतिशत दलित र २.९५ अन्य जातजाति रहेका छन । राष्ट्रिय जनगणना , २०६८ अनुसार यस पालिकामा वोलीने प्रमुख भाषाहरूमा अछामी रहेको छ ।

*(श्रोतः राष्ट्रिय जनगणना तथ्यांक २०६८)*

### १.६ आर्थिक अवस्था

प्राकृतिक श्रोतःको पर्याप्त उपलब्धता हुँदाहुँदै पनि यहाँको आर्थिक अवस्था तुलनात्मक रुपले कमजोर रहेको तथ्याङ्कहरुले देखाएको छ । आ.व. २०७५/७६ को प्रदेशगत कूल गार्हस्थ उत्पादनको वृद्धिदर सुदूरपश्चिममा सबै भन्दा बढी ४.१ % रहेको छ । प्रदेशको एक तिहाई जनसंख्या अझै पनि निरपेक्ष गरीविको रेखामुनि रहेको अवस्था विद्यमान छ। सात वटै प्रदेशहरूको तुलना गर्दा प्रदेश नं २ पछि उच्च वेरोजगारीको दर (११.५ %) पनि यस प्रदेशले सामना गरी रहनु परेको छ।

*(श्रोतःआर्थिक सर्वेक्षण २०६७/०७७)*

बान्नीगढी जयगढ गाउँपालिकामा हाल ३३२० घरधुरीमा औसत मासिक पारिवारिक आम्दानी १० हजारभन्दा कम हुने २०५५, १० देखि १५ हजारसम्म हुने ४२७, १५ हजार देखि २० हजार हुने ३३९, २० हजार देखि २५ हजार हुने १२५ छन् भने त्यसैगरी २५ हजारभन्दा माथि मासिक पारिवारिक आम्दानी हुने परिवार संख्या ३४९ रहेको छ । कामको शिलसिलामा भारत बाहेक तेस्रो मुलुक जाने ६५ जना रहेका छन् । यस पालिकाको मुख्य पेशाको रुपमा खेतिपाति रहेको छ ।

*(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५)*

### १.७ शैक्षिक अवस्था

शिक्षा आधारभूत आवश्यकता मध्येको एक हो । शिक्षाले स्वास्थ्य र सशक्तिकरणमा प्रत्यक्ष असर पारेको हुन्छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरिनुका साथै अवसरको सिर्जना गर्नुलाई राज्यको दायित्वमा राखेको छ । महिलाको शैक्षिक स्तरमा उल्लेखनीय रूपमा वृद्धि भएतापनि महिलाको साक्षरता पुरूषको तुलनामा अझै कम रहेको छ । वि.स. २००८/००९ मा नेपालको साक्षरता दर ५.३ % , वि.स.२०१८ मा ८.९ % , वि.स.२०२८ मा १४% , वि.स. २०४८ मा ३९ % रहेको थियो भने वि.स.२०६८ मा साक्षरता दर ६५.९ प्रतिशतमा महिलाको ५७.४ प्रतिशत र पुरूषको ७५.१ प्रतिशत रहेको छ ।

***(श्रोतः शैक्षिक सूचना तथ्यांक २०७३)***

बान्नीगढी जयगढ गाउँपालिकामा ५ वर्षमाथिको पुरुषको जम्मा जनसंख्या ९९८३ मध्ये ९००६ साक्षर संख्या रहेको छ । त्यसै गरी ५ वर्षमाथिको महिलाको जम्मा जनसंख्या ९५७१ मध्ये ७९०२ साक्षर संख्या रहेको छ । यस तथ्यका आधारमा महिला साक्षरता दर ८२.५६ प्रतिशत र पुरुष साक्षर दर ९०.२१ प्रतिशत रहेको छ । तुलनात्मक आधारमा महिला साक्षरता दर कम रहेको देखिन्छ ।

***(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५)***

### १.८ विद्यालय विवरण

बान्नीगढी जयगढ गाउँपालिकामा आधारभूत तहको कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयको संख्या ५, कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको संख्या १२ आधारभूत तह कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालयको संख्या २ माध्यमिक तहको कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको संख्या ३ माध्यमिक तह कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालयको संख्या ३, गरी जम्मा सामुदायिक विद्यालयको संख्या २५ रहेको छ भने संस्थागत आधारभूत तहको विद्यालयको संख्या ३ रहेको छ । यसरी सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयको संख्या २८ रहेको छ । यसैगरी पालिकाभित्र अनुदान प्राप्त बालविकास केन्द्रहरूको संख्या ४४ रहेको छ ।

*(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको शैक्षिक प्रोफाइल २०७७)*

**१.९ शिक्षक दरबन्दी**

बान्नीगढी जयगढ गाउँपालिकाको शैक्षिक सत्र २०७७ को आधारभूत तह (१-५), आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (११- १२) को विद्यालय विद्यार्थी अनुपात क्रमश: २१, २७, ३४ र ४५ रहेको देखिन्छ । समग्र नेपालको आधारभूत तह (१-५), आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (११- १२) को विद्यालय विद्यार्थी अनुपात क्रमशः ९७, १०८, ११०, १५० रहेको छ। यसबाट प्रति विद्यालय विद्यार्थी संख्या राष्ट्रिय अनुपात राष्ट्रिय अनुपात संग लगभग बराबर नै देखिन्छ । बान्नीगढी जयगढ गाउँपालिकामा कक्षा १-५ मा स्थायी, अस्थायी, राहत दरबन्दीका शिक्षक क्रमशः ६१, ३, २२ रहेको छ । कक्षा ६-८ मा स्थायी, अस्थायी, राहत दरबन्दीका शिक्षक क्रमशः १२, ३, ७ रहेको छ । कक्षा ९-१० मा स्थायी, अस्थायी र राहत दरबन्दीका शिक्षक संख्या क्रमशः ३, ०, १३ रहेको छ । कक्षा ११-१२ मा दरवन्दी ३ जना र अनुदान ५ जना शिक्षक रहेका छन् । यसरी स्थायी, अस्थायी र राहत कोटामा कार्यरत शिक्षक संख्या बान्नीगढीमा जम्मा १३२ रहेको छ ।

*(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको शैक्षिक प्रोफाइल २०७७)*

**१.१० विद्यार्थी भर्नाको विवरण**

शैक्षिक वर्ष २०७७ को बान्नीगढी जयगढ गाउँपालिकाको विद्यार्थी भर्नाको विवरण यस प्रकार छ । आधारभूत तह कक्षा १-५ मा छात्रा १०२३ र छात्र ८१२ , कक्षा ६-८ मा छात्रा ६९३, छात्र ४९८, कक्षा १-८ मा छात्रा १७१६ र छात्र १३१०, कक्षा ९-१० मा छात्रा ३९३, छात्र २८, कक्षा ११-१२ मा छात्रा १९९, छात्र १६३, कक्षा ९-१२ मा छात्रा ५९२, छात्र ४९१ विद्यार्थी भर्ना भई अध्ययनरत रहेका छन ।

***(श्रोतः बान्नीगढी जयगढ गाउँपालिकाको प्रोफाइल २०७७)***

**१.११ बान्नीगढी जयगढ गाउँपालिकामा उच्च शिक्षाको अवस्थाः**

अछाममा सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत बयलपाटामा रहेको जनता बहुमुखी क्याम्पस र मंगलसेनमा रहेको अछाम बुहुमुखी क्याम्पस गरी २ वटा आंगिक क्याम्पस रहेका छन । बान्नीगढी जयगढ गाउँपालिकामा क्याम्पस सञ्चालन हुन सकेको छैन । यहाँका विद्यार्थीहरु उच्च शिक्षा अध्ययनका लागि बयलपाटामा रहेको जनता बहुमुखी क्याम्पस र मंगलसेनमा रहेको अछाम बुहुमुखी क्याम्पसमा अध्ययन गर्ने गर्दछन ।

**१.१३ सबल पक्ष, आन्तरिक तथा बाहय वातावरण सुधारः**

समग्र राष्ट्रिय विकासको सन्दर्भमा शिक्षा क्षेत्रबाट गरिएका अपेक्षाको परिपुर्ति निकै नै महत्त्वपुर्ण छ । यसका साथै हरेक व्यक्तिका अन्तर्निहित प्रतिभा र सम्भावनालाई उजिल्याउने र प्रस्फुटित हुने अवसर प्रदान गर्दै समतामुलक समाज निर्माण मा योगदान गर्ने कुरा त्यत्तिकै महत्त्वपुर्ण छ । यस सन्दर्भमा विद्यालय शिक्षाको निमित्त दीर्घकालीन योजना निर्माण गर्दा गुणस्तरीय शिक्षामा

पहुँच सुनिश्चित गर्ने, शिक्षाको सान्दर्भिकतामा सुधार गर्ने, सेवा प्रवाहमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने र नतिजामा समता प्रवर्द्धन गर्ने विषय महत्वपूर्ण छ । संघीय संरचनामा मुलुकको प्रवेशले संविधानबाटै संघ प्रदेश र स्थानीय तहको व्यवस्था गरी संबैधानिक रुपमा नै तिन वटै सरकारका एकल अधिकार सूचिमा शिक्षा सम्बन्धी हक अधिकारको उल्लेख गरिनु साझा अधिकार सूचिमा समेत शिक्षाको व्यवस्था गरिनुले शिक्षा राष्ट्रिय महत्वको विषय रहेको छ । तिन तहमा सरकारको व्यवस्था गरी सबै तहको अधिकार सूचिमा शिक्षाको उल्लेख गरिनु सबै तहमा जननिर्वाचित प्रतिनिधिहरुको उपस्थिति रहनु संघीयता कार्यान्वयनमा राष्ट्रिय प्रतिवद्धता हनु आदि सबल पक्ष हुन ।

शिक्षाको पहुँचको व्यापकता, खुद र कुल भर्ना दरका सूचकहरु सकारात्मक रहनु, राज्यको लगानी सुनिश्चित हुनु, स्थानीय सरकारहरुको लगानीको प्राथमिकतामा पर्नु, मानव संशाधनको विकासमा एक्येवद्धता रहनु आदि आन्तरिक बातावरण सुधारका संकेत हुन भने विकास साझेदारहरुको सहभागिता रहनु, अन्तर्राष्ट्रिय प्रतिबद्धता रहनु, बाह्य वातावरण हो । राजनीतिक स्थायित्व संगै राष्ट्रिय लागानीको प्राथमिकतामा पारिनुका साथै सबै पक्षको सहयोगमा शिक्षाको गुणस्तर विकास गर्नु पर्ने कार्यभार सरकारहरुको रहेको छ । देशका लागि आवश्यक गुणस्तरीय जनशक्तिको निर्माण गर्नु गुणस्तरीय शिक्षामा समतामूलक पहुँच विस्तार गर्नु नै आजको आवश्यकता हो । यो आवश्यकता पूरा गर्नका लागि सबै पक्षले आफ्नो क्षेत्रबाट भूमिका खेल्नु पर्ने आवश्यकता छ ।

### १.१४ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण

वि सं २०७६ मा बान्नीगढी जयगढ गाउँपालिकाको साक्षरता दर ९६.०१ (बान्नीगढी जयगढ गाउँपालिकाको साक्षरता घोषणा कार्यक्रम २०७६) प्रतिशत रहेको थियो । यस गाउँपालिकामा विद्यालय संख्या २५ रहेको छ भने समुदाय र विद्यालयमा गरी अनुदान प्राप्त बालविकास केन्द्रहरूको संख्या ४४ रहेको छ । सबै विद्यालयमा बालविकास केन्द्रको स्थापना हुन सकेको छैन । राष्ट्रिय दाँजोमा यस गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात कम रहेको छ । अछाम जिल्लाको कुल शिक्षक दरबन्दी मध्ये यस गाउँपालिकाको प्राथमिक तहमा ८६ जना नि मा वि तहमा २२ जना मा वि तहमा १५ जना र उ मा वि तहमा ८ जनाको शिक्षक दरबन्दी रहेको छ । शिक्षक दरबन्दी र विद्यार्थीको अनुपात ३२ रहेको छ ।

बान्नीगढी जयगढ गाउँपालिकामा ६ वटा माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन । ६ वटा मावि मध्ये १ वटा प्राविधिक धारको विद्यालय रहेको छ । बान्नीगढ जयगढ गाउँपालिकाभित्र १०८३ विद्यार्थीहरु माध्यमिक शिक्षामा अध्ययनरत छन भने प्रविधिक तर्फ १५ जना विद्यार्थी अध्ययनरत छन ।

## गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेका राम्रा अभ्यासहरु

- गाउँपालिकाको सूचना प्रविधि प्रयोग सम्बन्धि कार्यविधि, २०७७
- बाल अनुदान कोष सञ्चालन निर्देशिका, २०७७
- गाउँपालिका शिक्षा कार्यविधि २०७५
- विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि अनुदान
- कक्षा पुस्तकालय स्थापनका लागि सहयोग
- संयुक्त अनुगमन

# परिच्छेद २
# नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको हुने र सो अनुसार राज्यशक्तिको प्रयोग तिनै तहका सरकारले नेपालको संविधान तथा कानुन बमोजिम गर्नु पर्ने संवैधानिक व्यवस्था गरिएको छ । यसरी तिनै तहका सरकारहरुले प्रयोग गर्ने राज्यशक्तिको बाँडफाँडलाई नेपालको संविधानको अनुसूचि ५, ६, ७, ८ र ९ मा व्यवस्था गरिएको छ । नेपालको संविधानले विद्यालय तहको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीयको अधिकार सूचिमा, उच्च शिक्षा प्रदेश विश्वविद्यालय पुस्तकालय र संग्रहालय प्रदेश सरकारको एकल अधिकार सूचिमा र केन्द्रीय विश्वविद्यालय तथा पुस्तकालय सम्बन्धी व्यवस्था संघीय सरकारको एकल अधिकारको सूचिमा व्यवस्था गरिएको छ । प्रदेश सरकारले आफ्नो प्रदेश भित्रको उच्च शिक्षा प्रदेश विश्वविद्यालयको सञ्चालन व्यवस्थापनको कार्य गर्नु पर्ने हुन्छ । स्थानीय सरकारको आन्तरिक राजश्व, प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने श्रोतः साधन स्थानीय सरकारले आफ्नो एकल अधिकार सूचिमा रहेको काम कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नीति योजना र कार्यक्रम तय गर्नु पर्छ । यसका साथै शिक्षालाई संविधानको साझा अधिकारको सूचिमा समेत समावेश गरिएको हुंदा तिनै तहका सरकारहरुले विद्यालय तह देखि उच्च शिक्षा सम्मका औपचारिक अनौपचारिक शिक्षा क्षेत्रमा नीति कार्यक्रम र योजना बनाइ समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्नु पर्ने भाव संविधानमा उल्लेख गरिएको छ । हाम्रो संबिधानले तिनै तहका सरकारहरुको समन्वय सहकार्य र सहअस्तित्वको कल्पना गरेको हुंदा नेपालको संघीयता प्रतिस्पर्धी भन्दा पनि सहअस्तित्व र समन्वयकारी प्रकृतिको छ । त्यसैले विद्यालय तहसम्मको क्षेत्रमा स्थानीय सरकारले शैक्षिक नीति योजना तथा कार्यक्रम निर्माण गर्नु पर्ने हुन्छ ।

विकास योजनाको इतिहासमै पहिलो पल्ट २५ वर्षे दीर्घकालिन सोंच समेत उल्लेख गरी वि स २१०० मा नेपाल कहाँ पुग्ने भन्ने स्पष्ट मार्ग चित्र समेत तय गरिएको छ । समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तय गरिएको छ । शिक्षा क्षेत्रको विकास र विस्तार गुणस्तर सुधार गर्दै सो लक्ष्य सम्म पुग्नका लागि समन्वय गर्नु आवश्यक रहेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा सन २०३० सम्मका लागि दीगो विकास लक्ष्य निर्धारण भई लक्ष्य नं ४ मा गुणस्तरीय शिक्षाको विकास गरी समन्यायिक पहुँचमा पुऱ्याउने गरी नेपालले प्रतिवद्धता व्यक्त गरेको छ  र सो लक्ष्य प्राप्तिको लागि प्रयासरत रहेको छ । सन २०२२ (वि सं  २०७८) सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा पुग्ने, सन २०३० (विसं २०८७ ) सम्म मध्यम आयस्तर भएको राष्ट्रमा रुपान्तर हुने लक्ष्यका साथ नेपालले १५ औं विकास योजना तय गरेको छ । त्यसो हुंदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार शिक्षा क्षेत्रको विकास तथा दीगो विकास लक्ष्यको प्राप्तिका लागि नेपालको शिक्षा योजनालाई एकाकार गर्ने प्रयोजनका लागि संघीय सरकारले शिक्षा क्षेत्रको १० वर्षे शिक्षा क्षेत्र विकास योजना तयार गर्न लागेकोमा संघीयताको मर्म र भावना अनुसार प्रदेश तथा स्थानीय तहहरुले समेत संघीय सरकारको नीति योजना तथा कार्यक्रम संग सहकार्य गर्दै आ आफ्नो क्षेत्रको विकास योजना निर्माण गर्नु पर्ने हुँदा संघीय सरकारबाट प्राप्त योजनाको ढाँचामा स्थानीय आवश्यकताहरु थप गर्दै बान्नीगढी जयगढ गाउँपालिकाको यो  शिक्षा क्षेत्र योजना तयार गरिएको छ  ।

**२.२ दीर्घकालीन राष्ट्रिय सोच**

आर्थिक सामाजिक रुपान्तरणको आधार मानवीय संशाधन

**२.३ सुदूरपश्चिम प्रदेशको दीर्घकालीन सोच गन्तव्य/मार्गचित्र**

प्रदेशको समृद्धि र रुपान्तरणका लागि सक्षम जनशक्ति उत्पादनमा आत्मनिर्भर ।

**२.४ बान्नीगढी जयगढ गाउँ पालिकाको दीर्घकालीन सोच तथा गन्तव्य**

समावेशी, समतामुलक, बालमैत्री, प्राविधिक, व्यवसायिक तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता ।

**२.५ बान्नीगढी जयगढ गाउँ पालिकाको नयाँ शिक्षा क्षेत्र योजनाका प्रमुख उद्देश्यहरू**

१.समावेशी, समतामूलक, बालमैत्री, सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण निर्माण गरी दक्ष, प्रतिष्पर्धि र सृजनशील विद्यार्थी उत्पादन गर्ने ।

२.चार वर्ष उमेर पुगेका सबै बालवालिकाको प्रारम्भिक शिक्षामा पहुच सुनिश्चित गर्नु।

३. बालवालिकाको सर्वाङ्गीण विकासका लागि गर्भवास्था देखि ८ वर्ष  सम्मका बालवालिकाको लागि   उमेरगत गुणस्तरीय कार्यक्रम संचालन गर्नु।

४ बालवालिकाको शिक्षामा पहुच सुनिश्चिता गरी  समानता, गुणात्मक तथा प्रतिस्पर्धी शिक्षा प्रदान  गर्नु।

५. आधारभुत तहको शिक्षा अनिवार्य तथा निशुल्क गरी गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्नु ।

६.प्राथमिक तहमा अध्ययन गर्ने उमेर पुगेका बालवालिकाको अनिवार्य भर्नाको सुनिश्चिता गर्नु ।
७. माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाले माध्यमिक तह सम्मको शिक्षा पुरा गरेको सुनिश्चित गर्नु।
८. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई अवसर सिर्जना गर्नु।
९. आधारभुत तह(कक्षा ५ र ८) को टिकाउ दरमा वृद्धि भएको सुनिश्चित गर्नु।
१०.विद्यालयमा बालमैत्री वातवरण सिर्जना गरी समातामुक शिक्षा प्रदान गर्नु।
११. संकट पुर्ण तथा महामारीको अवस्थामा पनि बालवालिकाको शिक्षा प्राप्त गर्ने अवसरको सिर्जना गर्नु।
१२. सबै तहमा नेतृत्व विकास तथा सुशासन निर्माण गरी बालवालिकाको सिकाई प्रति उत्तरदायित्व प्रणाली विकास गर्नु।
१३. विद्यालयमा स्वास्थ खानेपानी, बालमैत्री तथा किशोरमैत्री शौचालयको प्रवन्ध गर्नु।
१४. समुदाय स्तरमा बालवालिकाको पढाईको बातावरण सिर्जनाका लागि अभिभावक तथा समुदायको क्षमता विकास गरी परिचालन गर्नु।
१५. स्थानीय परिवेश सामजिक बसोबास, रहनसहन तथा सांस्कृतिक सुहाउने स्थानीय पाठ्क्रम निर्माण गरी गर्नु।
१६. बिद्यालयको गुणस्तर सुधारका लागि जनप्रतिनिधि तथा शिक्षा युवा तथा खेलकुद शाखाद्धारा नियमित अनुगमन गर्नु।

**२.६स्थानीय तहको रणनितिहरु**

**उद्धेश्यलाई प्राप्त गर्न यस गाउँपालिकाले बिभिन्न तल उल्लेखित बिभिन्न रणनीति तयार गरेको छ।**

१. संघिय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागतिाको सुनिश्चित गरिने छ।
२. प्रचलित कानुनी अनुसार बालविकासको गुणस्तर वुद्धि गर्न बालविकासको मापदण्ड तयारी लागु गरिनेछ।
३. प्रत्येक वडामा एउटा नमुना तथा अगुवा बालवविकास गरी कार्यान्यन गरिने छ।
४. आधारभुत शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाई सबै बालवालिकालाई गुणात्मक शिक्षा प्रदान गरिने छ।
५. शिक्षाको मूल प्रवाहमा आउन नसकेका सबै वर्ग, क्षेत्र र समुदायका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने ।
६. १ देखि ३ सम्मका कक्षाकोठालाई छापामय बनाई बालमैत्री विधिद्धारा कक्षा शिक्षण गरिनेछ।
७. कक्षा १ देखि ३ कक्षा सम्म कक्षा शिक्षण लागु गरिनेछ।

८.आधारभुत तहको कक्षा ५ र ८ को टिकाउ दर वृद्धि गर्नका लागि सघन कार्यक्रम संचालन गरिने छ।

९. माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको माध्यमिक शिक्षा प्राप्त गर्न अवसर सिर्जना गरिने छ।

१०.विशेष शिक्षा आवश्यक्ता भएका वालवालिका हरुका लागी विशेष कक्षा संचालन गरिनेछ ।

११. जोखिमा रहेका तथा जेहेन्दार पहिचान गरी छात्रवृति तथा शैक्षिक सामग्री सहयोग गरिनेछ।

१२.संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पुर्वाधार विकाश गरिनेछ।

१३.बालवालिकाको स्वास्थ्य तथा सरफाईको सुधारका लागि  गैरसरकारी तथा शिक्षा सरोकारवालासंग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिनेछ।

१४. कक्षा १ देखि ३ सम्मको बालवालिकाको पठन सीप परीक्षणका लागि कक्षाकोठामा आधारित पठनसीप परीक्षण गरिनेछ।

१५. शिक्षकको पेशागत विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

१५.सबै विद्यालयमा गुनासो पेटिका स्थापना गरी गुनासो सुन्ने तथा सम्बोधन गर्ने संरचनाको स्थापना गरिनेछ।

१७. प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा पहिचान गरी साना विद्यालयलाई सहयोग गर्ने प्रणाली विकास गरिनेछ।

१८. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता विकास गरी विद्यालयको अनुगमनमा सहभागीता बढाईने छ।

१९. सामुदायिक सिकाई केन्द्रको क्षमता विकास गर्ने र  साक्षरता तथा समुदाय परिचालनका लागि परिचालन गर्ने।

२०. घरपरिवारमा तथा समुदाय स्तरमा पढाईको बातावरण सिर्जना गर्नका लागि समुदायको जनचेतना अभिवृद्धि गरी परिचालन गरिनेछ।

२१. उत्कृष्ट शिक्षक छनौट गरी वर्षको उत्कृष्ट शिक्षकको रुपमा सम्मान तथा पुरस्कृत गरिने छ।

२२. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागी पालिका स्तरमा विज्ञ समुह,साथी समुह रोस्टर समुह गठन गरि परिचालन गरिने छ ।

२३. गाउँ शिक्षा योजनाको प्रभावकारीता अध्ययन गर्न पालिका स्तरमा विज्ञ समिति गठन गरी रणनैतिक योजना कार्यन्वयनको अवस्था मापन गरि  आवधिक प्रतिवेदन तयार गरिनेछ।

२४. शिक्षक नियुक्ती तथा व्यवस्थापनका लागि कार्यविधि तयार गरी लागु गरिनेछ।

२५. स्थानीय  शैक्षिक सामग्री निर्माण गरी प्रयोगमा जोड दिईनेछ।

२६. विपद तथा आपतकालिन प्रतिकार्य योजना बनाई लागु गरी विपद तथा आपतकालिन अवस्थामा पनि शिक्षालाई नियमिता गरिनेछ।

२७. सबै विद्यालयमा विद्यालयमको क्षेत्रमा फुलबारी तथा गार्डेन निर्माण गरिने छ।

२८. स्थानीय परिवेशको आधारमा  स्थानीय पाठ्क्रम निर्माण गरी लागु गरिनेछ।

२९. निजी क्षेत्रको सामजिक उत्तरदायित्व अन्तरगतको बजेट शिक्षाको गुणस्तरीय अभिवृद्धि गर्नका उपयोग गरिनेछ ।

३०. विद्यालय शिक्षाको लागि न्यूनतम २०% बजेट विनियोजन गर्ने ।

३१. आफ्ना छोराछोरीलाई नियमित विद्यालय नपठाउने अभिभावकलाई सेवा सुविधाबाट वञ्चित गर्ने।

३२. शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह-—अस्तित्वको अवधारण अनुरुप निति निर्माण, स्रोतको बाडफाँड तथा लगानीकालागि  संघ, प्रदेशसंघ सहकार्य गरिनेछ।

## २.७ प्रमुख उपलब्धि सूचकहरू

सबै विद्यालयहरुमा प्रारम्भिक तथा बालविकास केन्द्रको स्थापना र सञ्चालन भएको हुनेछ । बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरुको संख्या ९५% पुग्नेछ । आधारभूत विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरु विद्यालयको पहुँचमा पुग्नेछन । गुणस्तरीय र समतामूलक शिक्षाको सुनिश्चितताको लागि वडा तहमा समन्वय गरिनेछ । आन्तरिक तथा वाह्य सक्षमताका सूचकहरुमा उल्लेख्य प्रगति हुनेछ । स्थानीय क्षेत्रका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा लगानी वृद्धि गरिनेछ । स्थानीय स्तरमा आवश्यक प्राविधिक जनशक्ति तयार गर्न पिछडिएको क्षेत्र र वर्गका जेहेन्दार विद्यार्थीहरुका लागि बान्नीगढी सरकारबाट छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।

### मुख्य उपलब्धी तथा सुचकहरुः

| क्र.सं. | सुचकहरु | आधार वर्षको (२०७७) को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| **१.प्रारम्भिक बालविकास तथा शिक्षा** | | | **२०८२** | **२०८७** |
| १.१ | कुल भर्ना दर चार  वर्षका बालबालिकाको भर्ना अनुपात | | | |
| १.२ | न्युनत योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.३ | आधारभुत तालिम प्राप्त शिक्षक प्रतिशत | ९० | ९५ | १०० |

| | | | | |
|---|---|---|---|---|
| १.४ | कक्षा १ का नव प्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ९१ | ९५ | १०० |
| **२. आधारभुत तह** | | | | |
| **२.१** | कक्षा १ मा कुलप्रवेशदर | ९६.३४ | ९८ | १०० |
| **२.२** | कक्षा १ मा खुदप्रवेशदर | ९४.६५ | ९७ | १०० |
| **२.३** | कक्षा १ देखि ५ कुलभर्नादर | १०८.२३ | १०५ | १०२ |
| **२.४** | कक्षा १ देखि ५ खुदप्रवेशदर | ९६.३४ | ९८ | १०० |
| **२.५** | कक्षा १ देखि ८ कुलप्रवेशदर | १०२.९२ | १०१ | १०० |
| **२.६** | कक्षा १ देखि ८ खुदप्रवेशदर | ९५.९९ | ९७ | १०० |
| **२.७** | कक्षा १ देखि ८ खुदप्रवेशदर लैगिक समाता सुचांक | १.०० | १ | १ |
| **२.८** | कक्षा ८ मा टिकाउ दर | ७७.७ | ८२ | ९० |
| **२.९** | आधारभुत शिक्षाको तह पुरा गर्ने दर | ६७.८ | ७१ | ८० |
| **२.१०** | ५-१२ बर्ष उमेर बिद्यालय बाहिररहेका बालबालिकाको जना | २४१ | १०० | ० |
| **३ माध्यामिक** | | | | |
| ३.१ | कुलभर्नादर कक्षा ९ र १० | ८५.८ | ८८ | ९० |
| ३.२ | खुदभर्नादर कक्षा ९ र १० | ५८.४ | ६० | ६५ |
| ३.३ | कुलभर्नादर कक्षा ९ देखि १२ | ८७.२८ | ९० | ९५ |
| ३.४ | खुदभर्नादर कक्षा ९ देखि १२ | ४३.७१ | ५० | ६५ |
| ३.५ | कुलभर्नादर कक्षा ११ र १२ | ७६.३ | ८० | ८५ |
| ३.६ | खुदभर्नादर कक्षा ११ र १२ | २५.५ | ४५ | ६० |

| | | | | |
|---|---|---|---|---|
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ५१.६ | ६० | ७० |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | | | |
| ३.९ | कक्षा १ देखि १२ खुदप्रवेशदर लैगिक समाता सुचांक | १.०० | १ | १ |
| **४. औपचारिक शिक्षा तथा निरन्तर सिकाई** | | | | |
| **४.१** | ५ बर्षमाथिको साक्षरता दर | | | |
| **४.२** | ५-६० बर्षमाथिको साक्षरता दर | ९६.०१ | ९७ | १०० |
| **४.३** | १५ बर्ष भन्दामाथिको साक्षरता दर | | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| **५.१** | आधारभुत तह | २९.०७ | ३५ | ४० |
| **५. २** | माध्यामिक तह | १०.०० | १५ | २० |

**स्रोत** (CEHRD 2077)

# परिच्छेद ३

## शिक्षाका क्षेत्रहरू

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

**परिचयः**

प्रारम्भिक बालविकास बाल शिक्षाको प्रमुख उद्धेश्य भनेको गर्भावस्था देखि ८ वर्ष उमेर सम्मका बालवालिकाको सर्वाङ्गविकासका लागि आवश्यक स्वास्थ्य पोषण, संरक्षण, मानसिक, संवेगात्मक, शारिरीक विकासका गर्नु नै रहेको छ। त्यसैगरी बालवालिकाको सर्वाङ्गीण विकासका लागि विकास गरी आधारभुत तहको शिक्षाका लागि तयार गर्नु हो।

बालविकास केन्द्रमा बालवालिकालाई पढाईमा जोड दिने भन्दा पनि उनीहरुको सर्वाङ्गीण विकास हुने क्रियाकलापमा केन्द्रित भई खेल, गीत तथा त्यस्तै सिर्जनात्मक सिकाईबाट बालवालिकालाई आधारभुत तहको शिक्षाको लागि तयार गर्नु हो। बालविकास केन्द्रको अवधारणा कार्यान्वयन भएपछि कक्षामा १ मा बालवालिकाको भर्ना हुने संख्यामा उल्लेखनीय वृद्धि भएको छ भने विद्यालयमा टिक्ने राख्ने दरमा पनि वृद्धि भएको छ।

वर्तमान अवस्थामा विद्यालयमा तथा समुदायमा आधारित बालविकास केन्द्रहरु संचालनमा रहेको छन भने निजी विद्यालयले मन्टेश्वरी, नर्सरी जस्ता नाम दिई प्रारम्भिक बालविकास शिक्षा संचालन भईरहेका छन।

प्रारम्भिक बालविकास तथा बाल शिक्षालाई नीतिगत रुपमा चार वर्ष पुगेका बालवालिकालाई एक वर्षे कार्यक्रम संचालन गरी कक्षा १ मा भर्ना हुने व्यवस्था निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति साथै नेपालको पन्ध्रौ योजनाले कानुनी व्यवस्था गरेको छ।

**वर्तमान अवस्थाः**

शिक्षा नियमावली २०५९,बालबालिका सम्बन्धी ऐन २०७५ र बान्नीगढी जयगढ गाउँपालिकाले तयार गरेको शिक्षा कार्यविधि २०७५ अनुसार ४ बर्ष उमेर पुरा भएका बालबालिकालाई अनिवार्य रुपमा बाल विकास केन्द्रमा भर्ना गर्नु पर्ने कानुनी प्रावधान अनुसार यस गाउँपालिकामा पनि अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई पायक पर्ने बालविकास केन्द्रमा भर्ना गर्ने गरेको देखिन्छ।

यस गाँउपालिकामा २८ वटा सामुदायिक विद्यालयहरु रहेकोमा नेपाल सरकारको विद्यालय समायोजन तथा एकीकरण कार्यान्वयन कार्यविधि २०७७ अनुसार तोकिएको भन्दा कम विद्यार्थी संख्या भएका ३ वटा सामुदायिक विद्यालयहरुलाई गाउँकार्यपालिकाको निर्णयानुसार भौगोलिक अनुकुलता भएका नजिकैका अन्य विद्यालयमा समायोजन भएका छन । यस गाउँपालिकामा संघिय अनुदान बाट संचालित ४२ वटा बालविकास केन्द्र रहेका छन जसमध्ये २२ वटा विद्यालयमा

आधारित र २० वटा समुदायमा आधारित छन । त्यसै गरी २ वटा बालविकास केन्द्रहरु गाउँपालिकाको समानीकरण अनुदान बाट संचालित छन । गाँउपालिकामा भएका ३ वटा सँस्थागत विद्यालयले नर्सरी, एलकेजी, युकेजी गरेर बालविकास कक्षा संचालन गरेको छ । वडागत तथ्याँकलाई हेर्ने हो भने कुनै पनि वडामा बालविकास केन्द्र नभएको अवस्था छैन।

शैक्षित्र सत्र २०७७ को IEMIS को तथ्याँक हेर्ने हो भने पनि यस गाँउपालिकामा भएका बालविकास केन्द्रहरुमा २३२ केटी र २७९ केटाहरु गरी जम्मा ५११ बलबालिका रहेका छन् । सबै बालविकास केन्द्रमा न्यूनतम योग्यता पुगेका महिला बालविकास सहजकर्ता छन । शिक्षकहरु राख्दा विवाहित महिलालाई प्राथमिकतामा राखिएको हुँदा यी शिक्षकहरुले काम छाड्दै जाने अवस्था भने कमै देखिएको छ ।

यस गाउँपालिकाले आफ्नै स्रोत तथा प्रदेश तथा संघीय सरकारबाट प्राप्त अनुदाको स्रोतको परिचालन गरी प्रारम्भिक बालविकास केन्द्रले भौतिक तथा शैक्षिक वातावरण व्यवस्थापनका लागि काम गर्दै आईरहेको छ। यस गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रमा भौतिक संरचना, सिकाई तथा शैक्षिक सामग्री तथा खानेपानी तथा व्यक्तिगत सरफाईका लागि बिभिन्न सहयोग गर्दै आईरहेको छ। यस्ता सहयोगले प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर सुधारका लागि टेवा पु¥याएको देखिन्छ।

सिमीत स्रोत साधनको उपलब्धताको समुचुत परिचालन गरी प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर सुधार गर्न तथा सबै बालवालिकाहरुको केन्द्रमा भर्ना अनिवार्य गरी पहुँचको सुनिश्चित गर्नका लागि यस गाउँपालिकाले अनवरत रुपमा काम गरीरहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा बालवालिकाको पहुँचमा वृद्धि भएको देखिन्छ जसको परिणाम कक्षा १ को भर्नादरमा वृद्धि भएका छ। तर प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शन २०६७ को पहिलो संसोधन २०७५ मा उल्लेखित मापदण्ड प्रायः सबैजसो केन्द्रले पुरा गर्न नसिकएको अवस्था रहेको छ। यसका अलवा प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मापदण्ड पुरा गरी गुणस्तरीय सेवा प्रवाह गर्नका लागि तपशिल बमोजिमका प्रमुख समस्या तथा चुनौती रहेका छन जसलाई समाधान गर्दै प्रारम्भिक बालविकास तथा बालशिक्षाको गुणस्तरीय कायम गरिनेछः

## २.प्रमुख समस्या र चुनौतीः

२.१ बालबालिकाको अधिकारको लागि आमाको गर्भावस्थादेखि जन्मपश्चात ८ बर्षसम्मको उमेर धैरै महत्वपूर्ण छ भन्ने तथ्य सबैले समान रुपमा स्वीकार नगर्नु ।

२.२ बालशिक्षामा लगानी फरक फरक ढंगले हुनु ।

२.३ बालबालिकाहरुको विविधतालाई ख्याल नगरिनु ।

२.४ सबै बालबालिकाको समावेशी सहभागिता नुहुनु ।

२.५ सम्बन्धित सरोकारवालाहरुले प्राथिमक शिक्षालाई पूर्व शर्तको रुपमा स्वीकार नगर्नु ।

२.६ बाल अधिकारका चारओटा क्षेत्रलाई सबै सरोकारवालाहरुले प्रत्याभूति गर्न नसक्नु ।

२.७ जोखिम तथा वेसाहारा बालबालिकाका लागि उनीहरुको अधिकार सुनिश्चित गर्न विद्यमान चुनौती रहनु ।

२.८ अभिभावक र शिक्षकहरुको बालबालिकाहरुको सरसफाईमा ध्यान नदिनु ।

२.९ अभिभावकको शिक्षामा लगानी नहुनु ।

**३. अवसरहरुः**

३.१ नेपाल बाल अधिकारको पक्ष राष्ट्र भएकोले बाल अधिकारलाई मौलिक अधिकारको रुपमा स्विकार गर्नु ।

३.२ शिक्षा ऐन २०२८ को आठौं संशोधन अनुसार बाल विकासलाई आधारभूत शिक्षाका रुपमा स्वीकार गर्नु ।

३.३ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले अपाङ्गता तथा असाहाय बालबालिकाको लागि सम्बन्धित स्थानीय तह तथा वडा जिम्मेवार हुने व्यवस्था गर्नु ।

३.४ विभिन्न गैह्रसरकारी क्षेत्रको लगानी आकर्षित गर्ने अवसर हुनु ।

३.५ बालबालिकाको क्षेत्रमा बजेट विनियोजन गर्न स्थानीय तह स्वायत्त हुनु ।

३.६ शिक्षा व्यावस्थापनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज मा यथेस्ट व्यवस्था हुनु ।

३.७ राष्ट्रिय शिक्षा नीति २०७६ ले बाल विकास र शिक्षालाई प्राथमिकता दिनु ।

३.८ यस बान्नीगढी जयगढ गाउँपालिकाद्वारा “बाल विवाह विरुद्ध म बोल्छु” भन्ने अभियान सञ्चालन गरिनु ।

**४ सोच:**

गुणस्तरीय प्रारम्भिक बाल विकास सेवा प्रभावकारी तथा व्यवस्थित सहयोगी संयन्त्र एवंम सक्रिय समूदाय बान्नीगढी पालिका विकासको पूर्वाधार ।

**५ लक्ष्य:**

**५.१** घरेलु क्रियाकलापमा आधारित बाल विकास सेवा, मातृ स्वास्थ्य र बाल स्वास्थ्यको संयोजन गरी मनोवैज्ञानिक उपचार तथा व्यवस्थापन सहित बालमैत्री बाल विकासको सुनिश्चितता मार्फत बाल विकास शिक्षाको व्यवस्थापन तथा विकास गर्ने ।

**५.२** अर्थपूर्ण सहभागिता, गुणस्तरीय स्वास्थ्य र शिक्षा मार्फत बालबालिकाहरुलाई सर्वाङ्गिण अवसर सुनिश्चित गर्ने ।

## ६ उद्‌देश्यः

१.बालबालिकाको चौतर्फी विकास हुने गरी कानुनी तथा संस्थागत समन्वयकारी संयन्त्रको सुनिश्चित गर्नु।

२. गर्भावस्थादेखि ८ वर्ष सम्मका सबै बालबालिकाहरुको अधिकारको सुनिश्चित गर्ने ।

३ प्रारम्भिक उमेर समुहका सबै बालवालिकालाई प्रारम्भिक शिक्षाको पहुँचमा सुनिश्चित गरी बालमैत्री तथा समतामुलक गुणस्तरीय सिकाईको वातावरण सिर्जना गर्नु।

४. गर्भ देखि ३ वर्ष सम्मका सबै बालबालिकाहरुलाई घरेलु क्रियाकलापमा आधारित बाल विकास सेवा शिक्षाको सुनिश्चिि‍त गर्नु।

५.बालवालिकाको सर्वाङ्गीण विकासका लागि परिवार तथा समुदायको संलग्नता सुनिश्चि गर्नु।

६.गुणस्तरीय स्थास्थ्य सेवा प्रवाहका लागि स्थास्थ्य सेवा प्रणालीको विकास गर्नु।

## ७. रणनीतिहरु तथा कार्यनीतिः

| रणनीतिहरु | कार्यनीतिः |
|---|---|
| बालविकास केन्द्रको नक्साङन, समायोजन तथा पुनर्वितरण तथा केन्द्रको विस्तार गरी सबै बालबालिकाको पहुँचको सुनिश्चिता गरिने छ। | १. बालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण तथा विद्‌यालय तथा समुदाय स्तरमा विस्तार गर्ने।<br>२. संघन भर्ना अभियान तथा नियमित घरदैलो कार्यक्रम संचालन गर्ने।<br>३. सबै बालवालिकालाई भर्ना गर्ने। |
| सबै बालविकासको न्युनतम मापदण्ड पुरा भएको सुनिश्चित गर्नका कार्ययोजना बनाई लागु गर्ने। | १. विद्‌यामान नीति नियम तथा ऐनका आधारमा कार्यक्रम निर्माण गरी लागु गर्ने ।<br>२. बाल विकास केन्द्रलाई अनुदान उपलब्ध गराउने। |
| प्रत्येक वडामा एक वटा नमुना/ अगुवा बालविकास केन्द्रको अवधारण कार्यान्वयन गरिने छ। | १. प्रत्येक वडामा एउटा नमुना तथा अगुवा बालवविकास गर्ने।<br>२. अगुवा बालविकास केन्द्रको क्षमता विकास गर्ने र त्यस केन्द्रले अरुलाई सहयोग गर्ने। । |
| सबै बालविकास केन्द्रमा बालमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गरिने छ। | १. सबै बालविकासको कक्षामा सिकाई कुना स्थापना गर्ने।<br>२. बालमैत्री व्यवस्थापनका लागि कार्पेट, पि.फर्म सहयोग गर्ने। |

| | |
|---|---|
| | ३.मातृभाषाद्धारा शिक्षण क्रियाकलाप संचालन गर्ने।<br>४.स्थानीय भाषा, संस्कृति, चालचालन जस्ता सामाजिक चालचलनका आधारमा स्थानीय सिकाई सामग्री निर्माण गरी प्रयोग गर्ने। |
| भौगोलिक विकटता र अपाङ्ता भएका बालवालिकाको सहज पहुचका सुनिश्चित गरिने छ। | अपाङगता भएका तथा भौगालिक विकटता कारण प्रारम्भिक बालविकास केन्द्रमा आउन नसक्ने बालवालिकाका लागि परिवार तथा सामुदाय स्तरमा कक्षा संचालन गरिने छ। |
| सबै बालविकास केन्द्रमा न्युनतम मापदण्ड पुरा गरेका दक्ष तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरिने छ। | १. दक्ष, तालिम प्राप्त, न्युनतम योग्यता पुगेका स्थानीय व्यक्तिलाई सहजकर्ताको रुपमा नियुक्ती गर्ने।<br>२. बाल विकास सहयोगी कार्यकर्तालाई बाल विकास विज्ञको रुपमा विकास गरी न्यूनतम तलब तोकेर तीन तहको सरकारको<br>सहभागितामा न्युनतम सेवा उपलब्ध गर्ने।<br>३. सहकर्ताहरुको तालिम, सिकाई आदनप्रदान भ्रमण जस्ता कार्यक्रम मार्फत क्षमता विकास गरिने छ।<br>४. बालविकासका सहजकर्ताहरुको बैठक तथा सिकाई आदनप्रदन। |
| बालवालिकाको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिने छ। | १. प्रारम्भिक बालविकास केन्द्रमै नियमति रुपमा बालबालिकाको तौल लिन, स्वास्थ्य परीक्षण, भिटामिन तथा जुकाको औषधी खुवाउने तथा त्यसको रेकर्ड व्यवस्थापन गर्ने।<br>२. नियमित रुपमा बालवालिकाको स्वास्थ्य परीक्षण आवश्यक रेकर्ड व्यवस्थापन गर्ने र अभिभावकलाई जानकारी गराउने |
| | १. बालवालिकाको स्थानीय चालचलन, रहनसहन, खानपीन, दैनिक रुपमा घरमा प्रयोग हुने बस्तुको |

| | |
|---|---|
| बालवालिकालाई स्थानीय भाषा, कला संस्कृति, खानपीन रहनसहनका बारेमा ज्ञान अभिवृद्धि गरिने छ | व्यवहारिक ज्ञान वृद्धि गर्नका लागि सिकाई भ्रमण कार्यक्रम संचालन गरिने छ। <br>२. प्रत्येक महिना बालवालिकालाई स्थानीय भाषा, कला, संस्कृति तथा परम्परा सिकाउन अभिभावक र बालवालिका बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ। |
| बालवालिकाको सर्वाङ्गीण विकासका लागि परिवार तथा समुदायको संलग्नता सुनिश्चि गरिने छ | १. निरन्तर रुपमा अभिभावक शिक्षा संचालन गर्ने। <br>२. बालवाललिकाको शारिरीक, मानसिक तथा संवेगात्मक विकाश गर्न रचनात्मक क्रियाकलाप गर्ने। <br>३.बालविकास केन्द्रको संचालन, व्यवस्थापन तथा योजना निर्माणका लागि अभिभावकसंग अन्तरक्रिया गरिने छ। |

## ९. उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**उपलब्धी (Outcomes)**

१. सबै बालवालिकाको बालविकास केन्द्रमा पहुच सुनिश्चि गरी समानता, समावेशी तथा गुणस्तरीय प्रारम्भिक बालविकास तथा बाल शिक्षको अवसर प्रदान गर्नु ।

**मुख्य नतिजा (Key performance)**

१. आगामी १० बर्षमा यस योजना मार्फत गाउँपालिका भित्रका प्रारम्भिक बाल विकास रणनीति तथा सबै वडाको एकिकृत प्रारम्भिक बाल विकास योजना तयार भई कार्यान्वयनमा आएको हुने।

२. कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये ९५% बालबालिका बाल विकास शिक्षाको अनुभव सहित आएका हुने।

३. भौगोलिक विकटता र अपाङ्ता भएका बालवालिको लागि समुदाय स्तरमा बालविकासको विस्तार गरी शिक्षाको अवसर प्राप्त गरेको हुने।

४. सबै प्रारम्भिक बालविकासमा न्युनतम योग्यता तथा तालिम प्राप्त शिक्षक व्यवस्थापन भएको हुने।

५. कम्तीमा ८०% बाल विकास केन्द्रले राष्ट्रिय न्यूनतम मापदण्ड पुरा गरेको हुने ।

६. बालवालिकाको गुणस्तरीय स्वास्थ्य सेवामा पहुच भई स्वास्थ्य तथा पोषणमा तथा सरफाई तथा वृद्धि विकासमा सुधार भएको हुने।

७. बालवालिकाको सर्वाङ्गीण विकास लागि परिवार तथा समुदायको संलग्नतामा वृद्धि भएको हुने।

८. बालवालिकाहरुले स्थानीय भाषा, संस्कृति, रहनसहनको व्याहारिक ज्ञान प्राप्त गरी व्यवहारिक रुपमा प्रयोग जीवनमा प्रयोग गरेका हनु

**क्रियाकलाप तथा कार्यक्रम योजना तथा आवश्यक बजेट**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | प्रारम्भिक बालविकस तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने | | √ | | | | | | स्थानीय सरकार |
| २ | भर्ना अभियान तथा घरदैलो कार्यक्रम | संख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | | स्थानीय सरकार |
| ४ | अपाङगता बालवालिकाका लागि समुदाय स्तरमा कक्षा संचालन गर्ने | | √ | √ | √ | √ | √ | | स्थानीय सरकार |
| ५ | बालमैत्री व्यवस्थापनका लागि कार्पेट, पि.फर्म सहयोग | संख्या | ५ | ९ | १० | १० | १० | | स्थानीय सरकार |
| ६ | बालविकासका सहजकर्ताको तालिम | | | | | | | | स्थानीय सरकार |
| ७ | बालबालिकाको शिक्षा, स्वास्थ्य, परिवारिक लगायतका अभिलेख राख्ने | | √ | √ | √ | √ | √ | | विद्यालय |
| ८ | महिनाको कम्तीमा १ पटक अभिभवक मार्फत स्थानीय, ज्ञान, संस्कृति तथा | | √ | √ | √ | √ | √ | | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रीतिरिवाज सम्बन्धि बालवालिकालाई ज्ञान प्रदान गर्ने | | | | | | | | |
| १० | बालवालिकाको शारिरीक, मानसिक तथा संवेगात्मक विकाश गर्न रचनात्मक क्रियाकलाप | | √ | √ | √ | √ | √ | | विद्यालय |
| ११ | बालविकास केन्द्रमा पर्याप्त मात्रमा शैक्षिक सामग्री तथा अन्य ामग्री सहयोग | | √ | √ | √ | √ | √ | | |
| १२ | बालवालिकाको स्वास्थ्य परीक्षण गर्ने तथा भिटामिन तथा जुकाको औषधी खुवाउने तथा तौल लिने | | √ | √ | √ | √ | √ | | |
| १३ | मातृभाषा मार्फत सिकाई सहजीकरया गर्ने | | √ | √ | √ | √ | √ | | |
| १४ | नियमित रुपमा अभिभावक शिक्षा संचालन गर्ने | | √ | √ | √ | √ | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | बालविकास केन्द्रको सुधार योजना बनाई कार्यान्यन गर्ने | | √ | √ | √ | √ | √ | | |
| १६ | वि.व्य.स., प्रअ तथा पालिकाद्धारा नियमित रुपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने | | √ | √ | √ | √ | √ | | |
| १७ | बालविका सहजकर्ताको बैठक तथा सिकाई आदनप्रदन | | √ | √ | √ | √ | √ | | |

**प्रारम्भिक बालविकास तथा बाल शिक्षाका लागि आवश्यक बजेटः रु हजारमा**

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता | अन्य |
| १. | प्रारम्भिक बालविकस तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने | | ० | ० | ० | ० | ० | √ | | √ | | | |
| २ | भर्ना अभियान तथा दरदैलो कार्यक्रम | | ० | ० | ० | ० | ० | | | | ✓ | ✓ | |
| ४ | अपाङगता बालवालिकाका लागि समुदाय स्तरमा कक्षा संचालन गर्ने | | १०० | १०० | १०५ | ११० | ११५ | | | √ | | ✓ | |
| ५ | बालमैत्री व्यवस्थापनका लागि कार्पेट, पि.फर्म सहयोग गर्ने | | १०० | १८० | २०० | २०० | २०० | | | √ | | | |
| ६ | बालविकासका सहजकर्ताको तालिम | | २५० | | २५० | | २५० | | | √ | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बालबालिकाको शिक्षा, स्वास्थ्य, परिवारिक लगायतका अभिलेख राख्ने | | | | | | | | | | | | |
| ८ | महिनाको कम्तीमा १ पटक अभिभवक मार्फत स्थानीय, ज्ञान, संस्कृति तथा रीतिरिवाज सम्बन्धि बालवालिकालाई ज्ञान प्रदान गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | बालवाललिकाको शारिरीक, मानसिक तथा संवेगात्मक विकाश गर्न रचनात्मक क्रियाकलाप गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ✓ | ० |
| ११ | बालविकास केन्द्रमा पर्याप्त मात्रमा शैक्षिक सामग्री तथा अन्य ामग्री सहयोग गर्ने | | १०० | १८० | २०० | २०० | २०० | √ | | √ | | ✓ | |
| १४ | नियमित रुपमा अभिभावक शिक्षा संचालन गर्ने | | २६४ | २६४ | २६४ | २६४ | २६४ | | | | √ | | |
| १६ | वि.व्य.स., प्रअ तथा पालिकाद्धारा नियमित रुपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने | ० | ० | ० | ० | ० | ० | | | ✓ | ✓ | | |
| १७ | बालविका सहजकर्ताको बैठक तथा सिकाई आदनप्रदन | ० | ० | ० | ० | ० | ० | | | ✓ | ✓ | | |

## ३.२ आधारभूत शिक्षा

### १. पृष्ठभूमीः

एक्काईसौ शताब्दिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र देश विकासको लागि चाहिने जनशक्ति उत्पादन गर्न शिक्षाको भूमिका अपरिहार्य रहेको हुन्छ । शिक्षाको आधार नै आधारभूत तह हुने भएकाले यसको वैज्ञानिक विकास हुन नितान्त आवश्यक छ । सफल मानव जीवनयापनका लागि आवश्यक पर्ने आधारभूत ज्ञान, सीप आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा समायोजन भई जीवनयापन गर्न सहज बनाउनु मद्धत गर्ने शिक्षा नै आधारभूत शिक्षा हो । बालबालिकाको सर्वाङ्गीण विकासको दृष्टिले पनि आधारभूत शिक्षा व्यक्तिको जीवन र माथिल्लो तहको शिक्षाको महत्वपूर्ण आधार शो ।

विद्यालय क्षेत्र सुधार योजना २०६६-०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभुत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षामा रुपान्तरण गरेपछि दुई तहमा परिभाषित भएको छ । नेपालको संधिानले आधारभुत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरको छ। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभुत तहको शिक्षा प्रदानको व्यवस्थापन गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व हुन व्यवस्था गरेको छ।

नेपालको संविधानले तीनै वटा सरकारको शिक्षा सम्बन्धिका अधिकारको व्यवस्था गरेको छ। संविधानको अनुसूची ८ ले स्थानीय आधारभुत तथा माध्यमिक शिक्षाका अधिकारलाई स्थानीय तहको अधिकार भित्र राखेको छ। यसैगरी संविधानको अनुसुची ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि शिक्षा, खेलकुद शिक्षा सबै तहका सरकारहरुको साझा अधिकारको विषय व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ज मा आधारभुत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय तहको अधिकारको व्यवस्था गरेको छ।

गुणस्तरीय आधारभूत शिक्षाले गरीबी घटाउन मद्धत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडी बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत पढाई सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरीबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनबद्ध रुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि बान्नीगढी जयगढ गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ ।

**वर्तमान अवस्थाः**

शैक्षिक सत्र २०७७ को तथ्याँक अनुसार यस गाँउपालिकामा आधारभुत तह संचालित २८ वटा विद्यालयहरु मध्ये ३ वटा सामुदायिक विद्यालय समायोजन भइ २५ वटा विद्यालय रहेको छ। आधारभुत तह कक्षा संचालनमा रहेका जम्मा १३ वटा विद्यालय रहेका छन जसमध्ये कक्षा १-८ संचालित २ वटा सामुदायिक विद्यालय, कक्षा १-५ संचालित ११ वटा सामुदायिक विद्यालय रहेका छन। वडागत तथ्याँकलाई हेर्ने हो भने कुनै पनि वडामा आधारभुत तहको विद्यालय नभएको हालको अवस्था छैन ।

शैक्षिक सत्र २०७७ को तथ्याँक हेर्ने हो भने पनि यस गाँउपालिकामा भएका विद्यालयहरुको आधारभुत तह कक्षा १ देखि ५ सम्ममा १८३५ वालवालिकाहरुमध्ये १०२३ छात्रा र ८१२ छात्रहरु रहेका छन् । यसमध्ये ५९३ जना वालवालिकाहरु दलित समुदायबाट आएका छन् । कुल विद्यार्थीमध्येको यो ३२ प्रतिशत विद्यार्थी हो । त्यसैगरी आधारभूत तह कक्षा ६ देखि ८ सम्म जम्मा ११९१ जना अध्ययनरत विद्यार्थी मध्ये ६९३ छात्रा र ४९८ जना छात्र रहेका छन । जसमध्ये ३९१ जना दलित विद्यार्थी अध्ययनरत छन ।

**गुणस्तरः**

विगतमा यस गाउँपालिकाले आधारभुत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य सुनिश्चित गरी सबै बालवालिकाको आधारभुत तहको शिक्षामा प्राप्तीको सुनिश्चित गरेको छ। यस गाउँपालिकाको समग्र शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि बिभिन्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरी कार्यान्वयन गरेका हुदा केही महत्वपुर्ण उपलब्धी हासिल गरेको देखिन्छ। यद्यपि शिक्षाको थुप्रै क्षेत्रहरु विकास तथा बालवालिकाको सिकाई उपलब्धीको क्षेत्रमा अझै काम गर्न बाँकी छ। प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गरी कक्षा १ मा भर्ना हुने बालवालिकाको ९१ प्रतिशत रहेको छ। कक्षा १ कक्षा १ को सहजै देखिने कुल भर्ना दर ९६.३४ तथा कक्षा १ को सहजै देखिने खुद भर्ना दर ९४.६५ छ रहेको छ। त्यसैगरी आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर १०८.२३ तथा आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर ९६.३४ रहेको छ। यस्तै आधारभूत तह कक्षा १-८ को कुल भर्ना दर १०२.९२ , आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर ९५.९९ रहेको छ। यस गाउँपालिकामा आधारभूत तह कक्षा १-८ को खुद भर्ना दरमा भएको लैङ्गिक समता दर १०० रहेको छ। विद्यालय भन्दा बाहिर जम्मा १६८ जना बालवालिका रहेका छन। यस बान्नीगढी जयगढ गाउँपालिकामा कक्षा ८ को टिकाउ दर ७७.७ तथा आधारभूत तह पार गर्ने दर ६८.८ दर रहेको छ। आधारभूत तहमा महिला शिक्षक प्रतिशत २९.०७ रहेको छ।

सिकाई उपलब्धी २०७७ अनुसार

| | सिकाइ उपलब्धिमा आधारित सूचक तथा सूचाँकहरु | |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | आधारभूत तह कक्षा ५ को सिकाइ उपलब्धि (%) | गणित | ५२ |
| | | नेपाली | ५४ |
| | | अङ्ग्रेजी | ५३ |
| | | सामाजिक | |
| | | विज्ञान | |
| २ | आधारभूत तह कक्षा ८ को सिकाइ उपलब्धि (%) | गणित | ४८ |
| | | नेपाली | ५२ |
| | | अङ्ग्रेजी | |
| | | सामाजिक | |
| | | विज्ञान | ४९ |

यस गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई विश्लेषण गर्दा बालवालिकाको पहुँचमा राम्रो अवस्था देखिएको छ तथापि अझै पनि १६८ जना बालवालिकाका विद्यालय भन्दा बाहिर रहेको देखिन्छ। बहिर रहेका बालवालिकाको पहिचान गरी विद्यालयको ती बालवालिकाहरुलाई पहुँचमा ल्याउन जरुरी देखिन्छ।

आधारभुत तहको तह पुरा गर्ने दर कमी रहेको छ त्यसै गरी कक्षा ८ को टिकाउ दर पनि ८० प्रतिशत भन्दा कम रहेको छ। बालवालिकाले आधारभुत तहको शिक्षा पुरा गर्न सक्नुका कारण तथा यसका समाधानका उपयाहरु सुक्ष्म तरिकाले विश्लेषण गर्न जरुरी छ। साथै तह पुरा गर्नका लागि विशेष कार्यक्रम ल्याउन जरुरी देखिन्छ। आधारभुत तहको टिकाउ दरमा पनि अपेक्षित राम्रो अवस्था देखिदैन कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये जम्मा ७७ जनाले तह पुरा गरेको देखिन्छ, बाँकी बालवािलकाले किन तह पुरा गर्न सकेन त्यसको अवस्था विश्लेषण गरी योजना बनाउनु पर्ने देखिन्छ। त्यसै गरी बालवालिकाको सिकाई उपलब्धी राष्ट्रिय मापदण्ड भन्दा कमी रहेको छ। तथ्यांङ्कलाई हेर्दा अब दिनमा यस गाउँपालिकाले आधारभुत तहमा गुणात्मक शिक्षाका लागि बढी कार्यक्रम गर्नुपर्ने आवश्कता देखिन्छ र यस १० वर्षे शिक्षा योजनामा आधारभुत तहको शिक्षालाई थप गुणात्मक बनाई बालवालिकाको तह पुरा गर्ने तथा सिकाई उपलब्धी हासिल गर्ने केन्द्रित रहेको छ।

## २. प्रमुख समस्या र चुनौतीहरुः

शिक्षकहरुको वर्गीकरण हेर्ने हो भने पनि समाता पाईदैन । कतै आवश्यकता भन्दा बढी र कतै अपुग हुने अवस्था कायमै छ । यसर्थ यी विविध समस्याहरुको वैज्ञानिक तवरले समाधान निकाली यस पालिकाको शैक्षिक स्थितिमा गुणात्मक सुधार ल्याउन टेवा पुऱ्याउने यो योजनाको आवश्कता महसुस गरीएको छ ।

बान्नीगढी जयगढ गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई दृष्टिगत गर्दा आधारभूत शिक्षामा देहाय बमोजिमका समस्याहरु रहेका छन्:-

२.१ सबै जाति, वर्ग, विपन्न, अपाङ्ग, दलित, भौगोलिक कठिनाईमा परेका बालबालिकाहरुलाई आधारभूत शिक्षाको अवसर र पहुँचको सुनिश्चित गर्न सकिएको छैन् ।

२.२ विद्यालय प्रति स्थानीय उपस्थिति बढाउन सकिएको छैन् ।

२.३ शिक्षाको आधार मानिने आधारभूत शिक्षामा प्रयाप्त लगानीको अभाव छ ।

२.४ विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्न सकिएको छैन् ।

२.५ आधारभूत शिक्षाको गुणस्तर र सिकाई उपलब्धी सन्तोषजनक पुऱ्याउन सकिएको छैन् ।

२.६ शिक्षामा नयाँ प्रविधि तथा विधि भित्र्याउन सकिएको छैन् ।

२.७ शिक्षकका पेशागत दक्षता अभिवृद्धि गर्ने कार्यक्रम शुन्य प्राय छन् ।

२.८ बालमैत्री र सुरक्षित पूर्वाधारको अभाव छ ।

२.९ तालिम प्राप्त शिक्षकको अभाव कायमै छ ।

२.१० पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्कयसामाग्रीको अभाव सधै प्राय छ ।

२.११ अभिभावक, शिक्षक अभिभावक संघ र वि.व्य.स.को भूमिका नगण्य छ ।

२.१२ अभिभावकको जनचेतना स्तर न्यून छ ।

२.१३ विद्यालय अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण निकै कम छ ।

२.१४ शिक्षकलाई प्रोत्साहन नभई हतोत्साहित बनाउने परम्पार हाबी छ ।

२.१५ कक्षा छाड्ने दर उच्च छ ।

२.१६ शिक्षण प्रकिया परीक्षामुखी हुनु ।

२.१७ मौजुदा शिक्षा नीति कार्यान्वयन हुन नसक्नु ।

२.१८ निशुल्क शिक्षा भनियता पनि विभिन्न नामका शुल्क लिनु

२.१९ उचित श्रोतःको व्यवस्थापन नहुनु ।

सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु शैक्षिक सुधारका लागि सरोकारवालाबीच अपनत्व सिर्जना गर्नु, आधारभूत तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षा तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, विचमा कक्षा छोड्ने दर कम गर्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन, मापदण्ड बमोजिमका भौतिक पूर्वाधारको प्रयाप्तता, शिक्षक पदपुर्ति, पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामाग्रीको उपलब्धता गराउन निकै ठुलो चुनौती रहेको छ ।

**३. अवसरहरुः**

यस बान्नीगढि जयगढ गाउँपालिकाको आधारभूत तहको शिक्षामा विभिन्न समस्या र चुनौती देखिएता पनि केही अवसरहरु पनि अवश्य छन् । वर्तमान नेपाल संघियताको कार्यान्वयन चरणमा

छ । यस अर्थमा पनि शिक्षासँग सरोकार राख्ने वर्गहरुमा चासो र चिन्ता बढ्दै गएको पाईन्छ । यसले विद्यालय प्रति सकारात्मक उपस्थितिको परिकल्पना गर्न सकिन्छ । विश्व ब्राहमाण्ड एक साझा घर भएको अवस्थाले पनि यस तहको शिक्षामा विकास भएका नविनतम विधि प्रविधिलाई पनि हाम्रा कक्षाकोठामा प्रवेश गराउन सकिने अवस्था जिवित छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ र राष्ट्रिय शिक्षा नीति, २०७६ जारी भई आधारभूत तहसम्मको शिक्षामा नीतिगत व्यवस्था भएको छ । माध्यमिक तहसम्मको सबै अधिकार स्थानीय तहमा हस्तान्तरण भएको छ । विभिन्न शैक्षिक संघ र संगठनले पनि कडा रुपमा प्रतिवद्धता जनाउदै आएका छन् । विभिन्न आर्कषणका कार्यक्रम राखी विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन मद्धत भएको छ । आधारभूत तहका विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको समायोजन र पुर्नःवितरण कार्य शुरु भएको छ । यसर्थ पनि विविध समस्या र चुनौतीका बाबजुद पनि थुप्रै अवसरहरु पनि छन् । जसलाई कार्यान्वयन गर्न सकेमा बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षा क्षेत्रले सकारात्मक गति लिनेमा दुईमत छैन् ।

**४ सोचः**

बान्नीगढी जयगढ गाउँपालिका भित्रका सबै बालबालिकालाई समावेशी, समतामूलक, गुणस्तरीय आधारभूत शिक्षा प्रदान गरी नैतिक र सिर्जनशील नागरिक तयार पार्ने ।

**५ लक्ष्य**

५.२ राष्ट्र र समाजको आवश्यकतानुसार बालबालिकाहरुलाई प्राविधिक, जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा प्रदान गर्ने

**६ उद्देश्यः**

१. आधारभुत तहमा अनिवार्य तथा निःशुल्क शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वय गरी सबै बालवालिकाको पहुँच सुनिश्चित गर्नु।

२. प्रारम्भिक बालविकास केन्द्र अनुभवी सबै बालवालिका कक्षा १ मा भर्ना भएको सुनिश्चिता गर्नु।

३. सबै बालवालिकाले आधारभुत तहको शिक्षा पुरा गरेको अवस्था सुनिश्चित गर्नु।

बालवालिकाले कक्षा छोड्ने तथा दोहो¥याउने दरमा कमी ल्याई कक्षा उतीण दरमा वृद्धि भएको सुनिश्चि गर्नु।

५. शैक्षिणिक क्रियाकलापमा तथा गुणस्तर सुधार गरी बालवालिकाको सिकाई उपलब्धी वृद्धि भएका सुनुश्चित गर्नु ।

६. क्षमता विकास गरी शिक्षण क्रियाकलापमा सुधार भएको सुनिश्चित गर्नु।

७. आधारभुत तहमा बालमैत्री, अपाङग मैत्री, समावेशी विद्यालयको पुर्वाधार निर्माण गर्नु।

८. विद्यालयको वातावरण भयरहित, सामावेशी तथा बिभेद रहित बालमैत्री बतावरण सिर्जना गरी बालमैत्री तथा समावेशी गुणस्तरीय शिक्षा प्रदान गर्नु।
९. आधारभुत तहमा सूचना तथा प्रविधिको विकास तथा विस्तार गरी सूचना प्रविधि मार्फत कक्षा शिक्षण, विद्यालयमा विद्युतीय सिकाई सामग्रीको व्यवस्थापन गरी बालवालिकाको पहुँचको सुनिश्चित गर्नु।
१०. कक्षा १ देखि ३ सम्म कक्षा शिक्षणको व्यवस्था भएको सुनिश्चित गर्नु।
११. विपद उत्थानशील कार्ययोजना बनाई विपद मैत्र भौतिक संरचना निर्माण तथा विपदको अवस्थामा पनि पढाई निरन्नता भएको अवस्था सिर्जना गर्नु।
१२. प्रारम्भिक कक्षामा बालवालिकाको सिकाई उपलब्धी तथा पठन सीप परीक्षण गर्नु।
१३. महामारी तथा संकटापुर्ण अवस्थामा बालवालिकाको शिक्षाको निरन्तरतका लागि आपतकालीन कोष स्थापना गर्नु।
१४. कम्तीमा ५० प्रतिशत विद्यालयले प्राथमिकता प्राप्त न्युनतम आवश्यकताहरु (Priority Minimum Enabling Conditions- PMEC) पुरा गरेको सुनिश्चिता गरिने छ।
१५. विद्यालयो अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्नु।

## आधारभुत रणनिति र कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिने छ। | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने। |
| निःशुल्क तथा अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयन गरिने छ। | • ५ देखि १२ बर्ष उमेर समूहका सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षामा पहुँचको सुनिश्चिता गरिने छ।<br>• विद्यालय वाहिर रहेका बालबालिकाको यथार्थ तथ्याङ्क संकलन गर्न गरी विद्यालयमा भर्ना गर्ने।<br>• सघन भर्ना अभियान संचालन गरिनेछ।<br>• विभिन्न सघं संस्था, अभिभावकको सहयोगमा विद्यालयमा बाल कल्याकारी कोष स्थापना गर्ने। |

| | |
|---|---|
| | • संस्थागत विद्यालयहरुको सामाजिक उत्तरदायित्व रकमको परिचालन गरी गरीब तथा जोखिमा रहेका बालवालिकालाई निःशुल्क शिक्षा प्रदान गर्ने। |
| हरेक वडामा नमुना⁄ अग्रीनी विद्यालयको अवधारण कार्यान्वय गरिने छ। | • विद्यमान नीति तथा कार्यविधिको आधारमा नमुना विद्यालयको अवधारण तयार गर्ने।<br>• प्रत्येक वडाबाट नमुना विद्यालय छनौट गरी आवश्यक सहयोग उपलब्ध गराउने।<br>• विद्यालयलाई अनुदान उपलब्ध गराउने। |
| विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालवालिकाको पहिचान गरी विद्यालयको पहुँचमा ल्याई टिकाई राखेको सुनिश्चित गरिने छ। | • छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गर्ने।<br>• कक्षा ६ देखि ८ सम्मका बालवालिकालाई जीवनउपयोगी शिक्षा दिने।<br>• सबै बालवालिकालाई सयमा रंगिन पाठ्यपुस्तक सममा उपलब्ध गराईने छ। |
| विद्यालय शिक्षण सिकाई क्रियाकलाप तथा गुणस्तर अभिवृद्ध गर्नका लागि विद्यालयलाई अनुदान उपलब्ध गराईने छ। | • विद्यालयको अनुदानको कार्यविधि बनाई अनुदान सहयोग गर्ने।<br>• अनुदानको प्रभावकारी कार्यान्वयन तथा उपलब्धीको नतिजाको यकिन गर्ने। |
| जोखिम, भौगालिक विकटा तथा अपाङता भएका बालवालिकालाई आवश्यकतानुसार घुम्ती पढाई कक्षा संचालन गरिने छ। | • आवसीय विद्यालय संचालन गर्ने।<br>• समुदाय स्तरमा घुम्ती कक्षा संचालन गर्ने।<br>• सबै बालवालिकालाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने।<br>• सबै बालवालिकालाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने। |
| प्रारम्भिक कक्षामा कक्षा शिक्षण लागु गरिने छ | • कक्षा शिक्षणका लागि शिक्षक छनौट गर्ने तथा जिम्मेवारी प्रदान गर्ने। |

| | |
|---|---|
| विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी बनाईने छ। | • कक्षा १ देखि ३ सम्मका बालवालिकाका बसाई व्यवस्थापनका लागि कार्पेट तथा कक्षाकोठा छापामय बनाउनका सहयोग गर्ने ।<br>• विद्यालयमा बालमैत्री तथा समावेशी भवन कक्षाकोठा निर्माण गर्ने र आवश्यक फर्निचर, तारबार तथा खेलमैदान निर्माण गर्ने।<br>• प्रारम्भिक शैक्षिणिक सामग्री उपलब्ध गराईने छ। । |
| कक्षाकोठामा सिकाई मैत्री वातावरण सिर्जना गरिने छ। । | • सबै विद्यालयमा प्रारम्भिक कक्षामा बुक कर्नर, कक्षा पुस्तकालय स्थापना गरी बालवालिकालाई पढाईको अवसर सिर्जना गर्ने। |
| विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको विस्तार गरी सबै बालवालिकाको पहुँच सुनिश्चित गरिने छ। | सबै विद्यालयमा न्युनतम सूचना प्रविधि तथा सञ्चार अन्तरगत कम्प्युटर तथा अन्य विद्युतीय सामग्री उपलब्ध गराउने। |
| शिक्षकको पेशागत क्षमता विकास गरी कक्षाकोठामा गरिने शिक्षण क्रियाकलापलाई सुधार गरी बालवालिका केन्दित शिक्षण गर्न व्यवस्था गरिने छ। | • शिक्षकको दरबन्दीको मिलान गर्ने तथा अपुग दरबन्दी गाउँपालिकाले व्यवस्था गर्ने।<br>• सबै शिक्षकलाई पेशागत विकासका लागि तालिम उपलब्ध गराईने छ।<br>• कक्षा १ देखि ३ सम्मका शिक्षकलाई नयाँ पाठ्क्रमा आधारित तालिम संचालन गर्ने। |
| विद्यालयमा सुरक्षित, बालमैत्री तथा समावेशी वातावरण सिर्जना गरिनेछ। | • विद्यालयमा सुरक्षित सिकाई तथा बालमैत्री बातावरण निर्माण गर्ने। विद्यालयमा गुनासो पेटिका स्थापना गर्ने।<br>• सबै विद्यालयमा बालमैत्री, भयरहित तथा विभेद रहित वातावरण सिर्जना गरी गुनासो सुन्ने तथा सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ। |
| | • जोखिम रहेका, अपाङ बालवालिकाहरुको लागि बाल कोष स्थापना गर्ने गरी शैक्षिक |

| | |
|---|---|
| आधारभुत तहमा कक्षा दाहोऱ्याउने तथा कक्षा छोड्ने दरमा कमी ल्याई बालवालिकाले तह पुरा गरेको दरमा वृद्धि गरिने छ । | • सामग्री तथा छात्रवृत्ति सहयोग गर्ने।<br>• बालवालिकाको सिकाई उपलब्धीको विश्लेषण गरी अभिभावक बीच प्रस्तुतीकरण तथा अन्तरक्रिया संचालन गर्ने।<br>• जीवन उपयोगी सीप शिक्षा प्रदान गर्ने। घरमा तथा समुदायका पढ्नका लागि वातावरण सिर्जना गर्ने। |
| प्रारम्भिक कक्षामा बालवालिकाको पठन सीप तथा परीक्षण गरिने छ। | • कक्षा १ देखि ३ सम्म बालबालिकाको पठनसीप परीक्षणका लागि कक्षा कोठामा आधारित पठन सीप परीक्षण सचालन गर्ने।प्रारम्भिक कक्षामा गृहकार्य, कक्षा कार्य, Project work मार्फत बालवालिकाको उपलब्धी मापन गर्ने।<br>• निरन्तर मुल्याङ्क गर्ने र त्यसको रेकर्ड व्यवस्थित गर्ने तथा अभिभावकलाई जानकारी गराउने। |
| विद्यालयमा अनुगमन तथा पृष्ठपोषण गरिने छ। | • पअद्धारा कक्षा अनुगमन तथा शिक्षकलाई पृष्ठपोषण दिई त्यसको प्रतिबेदन तयार गरी विद्यालयमा राख्ने र आवश्यकतानुसार पालिकालाई जानकारी गराउने।<br>• वडा, पालिका, सरोकारवाला निकायसंग समन्वय गरी आधारभूत तह सञ्चालन भएका विद्यालयको अनुगमन तथा सपरीवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । |
| बालवालिकाको क्षमता तथा नेतृत्व विकास गरिने | • विद्यालय स्तरीय बाल क्लब गठन गर्ने।<br>• बाल क्लबका पदाधिकारीको क्षमता अभिवृद्धि गरी नेतृत्व विकास गर्ने।<br>• विद्यालयमा निर्माण हुने नीति कार्यक्रम तथा योजनामा बालवालिकाको प्रतिनिधित्व गरी माग सम्बोधन गर्ने। |
| समुदाय स्तरमा दौतरी पढाईको अवधारणा कार्यान्वयन गरिने। | • विद्यालयको सहजीकरण समुदाय स्तरमा साथी साथी बीच पढ्ने वातावरण निर्माण गर्ने। |

| | |
|---|---|
| | • एक जना अब्बल विद्यार्थीले कमजोर विद्यार्थीलाई पढाईका लागि सहयोग तथा सहजीकरण गर्ने। त्यसका लागि कक्षा शिक्षकले योजना बनाई कार्यान्वयन गर्ने। |

**९ अपेक्षित उपलब्धीहरुः**

मुख्य नतिजा **(Key performance)**

१. बालविकास अनुभवी सबै बालवालिकाहरु कक्षा १ मा भर्ना भएको हुने।

२. असमनता घटाई सबैका लागि अवसर सृजना सुनिश्चित भएको।

३. विद्यालय भन्दा बाहिर रहेका तथा जोखिमा रहेका तथा अपाङता भएका बालवालिकाको विद्यालयमा पहुँच सुनिश्चित भएको हुने ।

४. आधारभुत तह(कक्षा ५ र ८) कक्षा पुरा गर्ने बालवालिकाको संख्यामा वृद्धि भएको हुने ।

५. बालवालिकाको विद्यालय छोड्ने तथा उही कक्षा दोहो¥याउने दरमा कमी भई कक्षा उतीर्ण दरमा वृद्धि भएको हुने।

६. आधारभुत तहको न्युनतम सिकाई उपलब्धीमा वृद्धि भएको हुने।

७. शिक्षकको पेशागत विकास गरी शिक्षको शिक्षण कार्यमा सुधार भएको हुने।

८. विद्यालयको भौतिक संरचनाको सुदृढीकरण तथा शैक्षिक सामग्री तथा सिकाई सामग्रीको उपलब्धता तथा आवश्यक योग्य तथा दक्ष शिक्षकको व्यवस्थापन गरी गुणस्तरीय शिक्षाको अभिवृद्धि भएको।

९. प्रारम्भिक कक्षाका बालवालिकाका लागि बालमैत्री बातावरणको व्यवस्था गरी पठन सीपको वृद्धि भएको सुनिश्चित भएको हुने।

१०. सबै विद्यालयमा सुचना प्रविधि पहुँच तथा विस्तार गरी सुचना प्रविधि मार्फत शिक्षण क्रियाकलाप संचालन भएको हुने ।

११. विपद तथा महामारीको अवस्थामा बैकल्पिक माध्यमद्धारा बालबालिकाले निरन्तर शिक्षा प्राप्त गरेको सुनिशिचता भएका हुने।

१२. अभिभावकहरुको विद्यालयमा सहभागीता वृद्धि भएको भएको हुने ।

१३. कम्तीमा ५० प्रतिशत विद्यालयले प्राथमिकता प्राप्त सक्षमता बालवालिकाको गुणात्मक शिक्षाको प्रबन्ध गरेको हुने।

१० कार्यक्रमहरु तथा क्रियाकलाप

| क्र.स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | आवश्यकतानुसार | | | | | | स्थानीय तह |
| २ | विद्यालयमा मापदण्ड अनुसार तथा विषयगत शिक्षकको व्यवस्थापन | संख्या | १ | | | | | | स्थानीय तह |
| ३ | नमुना आधारभुत विद्यालय निर्मणका लागि निर्देशिका तथा कायक्रम तयार | संख्या | | १ | | | | | स्थानीय तह |
| ४ | सबै बालवालिकाको बिद्यालयको पहुच वृद्धिका लागि सघन अभियान संचालन | संख्या | २५ | २५ | २५ | २५ | २५ | | स्थानीय तह |
| ५ | विद्यालयको भवन निर्माण तथा फर्निचर, तारबार तथा खेलकुद सहयोग | विद्यालय | १ | १ | १ | १ | १ | | सशर्त बजेट, प्रदेश बजेट, स्थानीय तह |
| ६ | शौचालय तथा खानेपनीको व्यवस्था | विद्यालय | १ | २ | २ | २ | २ | | सशर्त बजेट, प्रदेश बजेट, स्थानीय तह |
| ८ | प्रारम्भिक कक्षामा बालवालिकाका बसाई व्यवस्थापनका लागि कार्पेट तथा कक्षाकोठा छापामय बनाउनका सहयोग गर्ने । | विद्यालय | ३ | ४ | ५ | ५ | ५ | | स्थानीय तह |
| ९ | एकीकृत पाठ्यक्रमलाई थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान | जना | २५ | २५ | | | | | स्थानीय तह |
| १० | प्रारम्भिक कक्षा बालवालिकाको लागि शैक्षिणिक सामग्री सहयोग | | २५ | २५ | २५ | २५ | २५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | स्थानीय शैक्षिक सामग्री निर्माणका लागि स्रोत व्यक्तिको उत्पादन | जना | ५ | ० | ० | ० | ० | | स्थानीय तह |
| १२ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | | स्थानीय तह |
| १३ | शैक्षिणिक सामग्री सहयोग | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | | सशर्त बजेट |
| १४ | आधारभुत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम अनुदान सहयोग | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | | सशर्त बजेट, स्थानीय तह |
| १५ | विपन्न, जेहेन्दार बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण | ज्ना | ५ | ५ | ५ | ५ | ५ | | सशर्त बजेट, प्रदेश बजेट, स्थानीय तह |
| १६ | कक्षा १ देखि ३ सम्म बालबालिकाको पठनसीप परीक्षणका लागि कक्षा | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | | सशर्त बजेट, NEGRP न्यूनतम प्याकेज बजेट |
| १७ | कक्षा १ देखि ५ कक्षा सम्म पुस्तकालयका लागि सहयोग गर्ने कोठामा आधारित पठन सीप परीक्षण (CB-EGRA) सचालन | | २५ | २५ | २५ | २५ | २५ | | सशर्त बजेट |
| १८ | कक्षा १ देखि ५ कक्षा सम्म पुस्तकालयका लागि सहयोग गर्ने कोठामा आधारित पठन सीप परीक्षण (CB-EGRA) सचालन | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | | स्थानीय तह |
| १९ | कक्षा ६ देखि ८ सम्मका बालवालिकालाई जीवनउपयोगी शिक्षा दिने | संख्या | २५ | २५ | २५ | २५ | २५ | | स्थानीय तह, बिद्यालय |
| २० | शिक्षको पेशागत विकास | संख्या | २५ | ० | ० | ० | ० | | सशर्त बजेट स्थानीय तह, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धी परीक्षण | | २५ | २५ | २५ | २५ | २५ | | सशर्त बजेट स्थानीय तह, |

## आधारभुत शिक्षाका लागि आवश्यक बजेट

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थनीय सरकार | गै.स.स. | जनसहभागिता | अन्य |
| १. | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | ० | ० | ० | ० | ० | ० | | | √ | | | |
| २ | विद्यालयमा मापदण्ड अनुसार तथा विषयगत शिक्षकको व्यवस्थापन | २७० | २७० | ० | ० | ० | ० | | ✓ | √ | | | |
| ३ | नमुना आधारभुत विद्यालय निर्मणका लागि निर्देशिका तथा कायक्रम तयार गर्ने | ५००० | ० | १५०० | १००० | १००० | १५०० | √ | | | | ✓ | |
| ४ | सबै बालवालिकाको बिद्यालयको पहुच वृद्धिका लागि सघन अभियान संचालन गर्ने | ० | ० | ० | ० | ० | ० | | | √ | | ✓ | |
| ५ | विद्यालयको भवन निर्माण तथा फर्निचर, तारबार तथा खेलकुद सहयोग | ९०० | १८०० | १८०० | १८०० | १८०० | १८०० | √ | | | | | |
| ६ | शौचालय तथा खानेपनीको व्यवस्था | ३५०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | √ | | | | | |
| ७ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका उपलब्ध गराउने । | ४५०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | √ | | | | | |
| ८ | कक्षा १ देखि ३ सम्मका बालवालिकाका बसाई व्यवस्थापनका लागि कार्पेट तथा कक्षाकोठा छापामय बनाउनका सहयोग गर्ने । | ११०० | १५० | २०० | २५० | २५० | २५० | | | √ | | | |
| ९ | एकीकृत पाठ्यक्रमलाई थप प्रभावकारी | ५०० | २५० | २५० | ० | ० | ० | | | √ | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान | | | | | | | | | | | | |
| १० | प्रारम्भिक कक्षा बालवालिकाको लागि शैक्षिणिक सामग्री सहयोग | ३१२५ | ६२५ | ६२५ | ६२५ | ६२५ | ६२५ | √ | | | | ✓ | |
| ११ | स्थानीय शैक्षिक सामग्री निर्माणका लागि स्रोत व्यक्तिको उत्पादन | ५० | ५० | ० | ० | ० | ० | | | √ | | ✓ | |
| १२ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग | ० | ० | ० | ० | ० | ० | | | √ | | ✓ | |
| १३ | शैक्षिणिक सामग्री सहयोग | १०० | ५०० | ५०० | ५०० | ५०० | | | | √ | | | |
| १४ | आधारभुत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम अनुदान सहयोग | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | √ | | | | | |
| १५ | विपन्न, जेहेन्दार बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण | १०० | ५०० | ५०० | ५०० | ५०० | | √ | | √ | | | |
| १६ | कक्षा १ देखि ३ सम्म बालबालिकाको पठनसीप परीक्षणका लागि कक्षा कोठामा आधारित पठन सीप परीक्षण (CB-EGRA) सचालन | ३७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | √ | | | | | |
| १८ | पअद्धारा कक्षा अनुगमन | ० | ० | ० | ० | ० | ० | | | √ | | | |
| २० | शिक्षको पेशागत विकास | ६०० | ३०० | ३०० | ० | ० | ० | | | √ | √ | | |
| २१ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धी परीक्षण | ० | ० | ० | ० | ० | ० | | | | | √ | |

### ३.३ माध्यमिक शिक्षा

### १. पृष्ठभूमिः

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धि हकलाइ मौलिक हकको रुपमा व्ववस्था गरि माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गरेको छ । साथै संविधानको धारा ५१ "ज" मा नागरिकका आधारभुत आवश्यकता सम्बन्धि निति अन्तर्गत "शिक्षालाइ वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने" भन्ने उल्लेख छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार क्षेत्र भित्र आधारभूत तथा माध्यमिक शिक्षा राखिएको छ । संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूचि र साझा अधिकार सूचिमा समेत शिक्षालाइ राखिएको छ । शिक्षा ऐन २०२८ (संशोधनसहित) अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाइ माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ । जसमा माध्यमिक शिक्षालाइ साधारण, संस्कृत र प्राविधिक शिक्षा भनेर ३ धारमा बर्गिकरण गरिएको छ । नेपाल सरकारबाट माध्यमिक शिक्षालाइ अझ व्यवस्थित, जनमुखी, रोजगारउन्मुख र राष्ट्रियतापूर्ण बनाउनका लागि विभिन्न निति तथा प्रारुपहरु ल्याएको छ । राष्ट्रिय शिक्षा निती २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा दिगो विकास लक्ष्य चार कार्यान्वयन कार्यढाँचा लगायत अन्य नितीगत प्रावधानहरु स्विकृत भइ कार्यान्वयनको चरणमा छन् ।

**वर्तमान अवस्थाः**

फ्ल्यास रिपोर्ट २०७६ अनुसार देशभर कुल ३५५२० विद्यालयहरु मध्ये कक्षा ९ – १० सञ्चालन भएका विद्यालयहरु १०६४४, कक्षा ११ – १२ सञ्चालन भएका विद्यालयहरु ४१८७ र कक्षा ९ – १२ सञ्चालन भएका विद्यालयहरु १०८८९ रहेका छन् । बान्नीगढी जयगढ गाउँपालिकामा २५ वटा विद्यालयहरु रहेका छन् । जसमध्ये कक्षा ९ – १० सञ्चालन भएका विद्यालयहरु ३, कक्षा ११ – १२ सञ्चालन भएका विद्यालयहरु ३ र कक्षा ९ – १२ सञ्चालन भएका विद्यालयहरु ६ वटा रहेका छन् **। (श्रोतः बा.ज.गा.पा. वस्तुगत विवरण २०७५)**

यस गाउँपालिकाको माध्यमिक तह कक्षा ९ – १०, कक्षा ११ – १२ र कक्षा ९ – १२ को सहजै देखिने भर्नादर (GER) क्रमश: ८५.८ प्रतिशत, ७६.३ प्रतिशत र ७६.३ प्रतिशत रहेको छ । साथै माध्यमिक तह कक्षा ९ – १०, कक्षा ११ – १२ र कक्षा ९ – १२ को खुद भर्नादर (NER) क्रमश: ५८.४ प्रतिशत, २५.५ प्रतिशत र ४३.७१ प्रतिशत रहेको छ । साथै यस पालिकाको माध्यमिक तह कक्षा ९ – १२ को लैंगिक समता सूचक १.० रहेको छ ।

**(श्रोतः : बा.ज.गा.पा. वस्तुगत विवरण २०७५)**

## २. माध्यमिक शिक्षाका समस्या र चुनौतीहरुः

माध्यमिक शिक्षामा सिकाइ उपलब्धी बढाउन तथा दक्ष्य जनशक्ति उत्पादन गर्नका लागि दक्ष्य एवंम तालिम प्राप्त शिक्षक हुन आवश्यक रहेको छ । प्रतिस्पर्धी जनशक्ति सृजना गर्न आवश्यक पूर्वाधारहरु नहुँदा निकै कठीनाई भइरहेको छ । माध्यमिक शिक्षाका समस्याहरु मध्ये खेल मैदान, खानेपानी, शौचालय, विद्यालयमा घेरा पर्खाल, चमेना गृह एवम् रुढिवादी-अन्धविश्वास, कु-सस्कारले समेत माध्यमिक शिक्षालाई ठूलो असर पारिरहेको छ । माध्यमिक तहमा प्रयाप्त दरबन्दी नहुँदा शिक्षाको गुणस्तर बढाउन कठिन भइरहेको छ । यी विविध समस्याहरुलाई निर्मुल पार्दै माध्यमिक तहको शिक्षामा सुधार गर्न सकिन्छ । माध्यमिक शिक्षामा देखिएका समस्याहरुलाई समाधान गरी शिक्षाको गुणस्तर बढाउन निकै चुनौतीहरु रहेका छन । शिक्षक दरबन्दी मिलान गर्न निकै चुनौती रहेको छ । विद्यालय सञ्चालनमा आवश्यक सामग्री एवम् विद्यालय कर्मचारीको सन्तुलन मिलानमा चुनौती रहेको छ । शिक्षामा पर्याप्त मात्रामा लगानी स्वरुप बजेट विनियोजन नगर्नु पनि चुनौती नै हो । विधार्थीको अनुपातमा तालिम प्राप्त बिषयगत शिक्षक व्यवस्थापन गर्न नसक्नु पनि चुनौती हो ।

संघीयता र संविधानको मर्मअनुसार माध्यमिक शिक्षालाइ व्यवस्थापन गर्नु नै प्रमुख चुनौतीको रुपमा रहेको छ । माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षाको व्यवस्थापनको कार्य स्थानीय तहको अधिकार क्षेत्रमा रहेकाले स्थानीय सरकार (जनप्रतिनिधी) तथा कार्यरत कर्मचारीहरुको अनुभव, परिपक्वता, दक्षता र ज्ञानमा कमी भएका कारण शिक्षा क्षेत्र कम प्राथमिकतामा पर्नु, संघीय शिक्षा ऐन नआइसकेकाले प्रदेश तथा स्थानीय शिक्षा ऐन ल्याउन नसक्नु, संविधान अनुसार माध्यमिक तहसम्मको शिक्षा निशुल्क बनाउनु (दुइ थरी विद्यालय : सामुदायिक र संस्थागत), माध्यमिक शिक्षामा लगानी न्यून हुनु, माध्यमिक तहमा विद्यार्थी संख्या र विषयगत दक्ष शिक्षकको व्यवस्थापन, विद्यालय सुपरीवेक्षण, माध्यमिक शिक्षामा समतामूलक पहुँच, शैक्षिक गुणस्तर र सान्दर्भीकता कायम राख्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, तीन वटै सरकारहरुको समन्वय र संविधानको साझा अधिकारको बुझाइ मुख्य चुनौतीको रुपमा रहेका छन् ।

## ३. अवसरहरुः

बर्तमान संविधान जारी भएको ५ बर्ष पूरा भै सकेकाले संघीयता अनुसार स्थापना भएका राज्यका नयाँ तहहरु क्रमश: संस्थागत र अनुभवी भएका, संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निती निर्देशक सिद्धान्त र सरकारका अधिकार सूचीहरुले शिक्षा सम्बन्धी आवश्यक निर्देश गरेको, संघीय सरकारबाट राष्ट्रिय शिक्षा निती २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पारित भएको, जसले माध्यमिक शिक्षालाइ व्यवस्थापन, सञ्चालन, प्रमाणिकरण र पाठ्यक्रम निर्माणमा निर्देश गरेको छ । संघीय सरकारले नमूना विद्यालय विकास गर्ने कार्यक्रम अन्तर्गत विभिन्न माध्यमिक

विद्यालयहरुलाइ नमूना विद्यालयको रुपमा विकास गरिराखेको, सुदुरपश्चिम सरकारले ठूला विद्यालय विकासका लागि विद्यालय छनौट गरिराखेको, संघीय तहमा १० बर्षे शिक्षा क्षेत्र योजना बन्ने क्रममा रहेको, संघीय सरकारबाट जारी भएका शिक्षा ऐन तथा नियमावली कार्यान्वयनमै रहनु, तीनवटै राज्यका तहबाट विभिन्न निर्देशिका / कार्यविधिहरु जारी भइ कार्य सूचारु हुनु, स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले गर्ने शिक्षाका २३ काम स्पष्ट गर्नु, माध्यमिक शिक्षकको अभाव कम गर्न गणित, विज्ञान र अंग्रेजी विषयमा शिक्षण सिकाइ अनुदान प्रदान हुनु, नयाँ संविधानको सुरुवातसंगै शिक्षामा बिकेन्द्रिकरण सुरु हुनु माध्यमिक शिक्षाको लागि अवसरको रुपमा रहेका छन् भने त्यसै गरी १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्ने क्रममा रहेको अवस्थामा स्थानीय सरकारले विद्यालय समायोजनको कार्य सञ्चालनमा रहनु, अधिकाशं माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान ल्याब, विषयगत शिक्षक दरबन्दी मिलान गर्नु, अनुदान छुट्याउनु, पुस्तकालय, प्रयोगशाला, आइसिटी ल्याबको व्यवस्था हुनु, विद्यालयहरु एक अर्कोमा गाभिनु, सुविधा सम्पन्न भवन एबम् खेल मैदान निर्माण गर्नु माध्यमिक शिक्षाका अवसरका रुपमा रहेका छन ।

**४. दिर्घकालिन सोचः**

दक्ष एवम् प्रतिस्पर्धी जनशक्ती उत्पादन गर्ने ।

**५. लक्ष्यः**

गुणस्तरीय माध्यमिक शिक्षा मार्फत सिर्जनशील, प्रतिस्पर्धी, दक्ष नागरिक तयार गर्ने ।

**६. उद्देश्यः**

१. माध्यमिक शिक्षा अनिवार्य बनाई सबै बालवालिकाको गुणस्तरीय शिक्षा प्रदान गर्नु।

२. अपाङता भएका तथा जोखिममा रहेका बालवालिकाको पहुँच विस्तार गरी माध्यमिक तहको शिक्षा पुरा गरेको सुनिश्चित गर्नु।

३. जीवन उपयोगी र रोजगार मुलक शिक्षा प्रदान गर्नु ।

४. माध्यमिक तहका बिद्यालयमा बालमैत्री तथा समावेशी भौतिक संरचना निर्माण गर्नु।

५. माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउनु।

६. बालवालिकाको सिकाई उपलब्धी उपलब्धीमा वृद्धि गर्नु।

७. बालवालिकालाई सीपमुलक, व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गरी दक्ष तथा व्यवसायिक प्रतिस्पर्धी नागरिक उत्पादन गर्नु।

८. शिक्षकको पेशागत अभिवृद्धि गरी शिक्षण सिकाई सीपमा सुधार गर्नु।

### ७. माध्यमिक शिक्षाको रणनीति र कार्यनीति

| रणनिति | कार्यनिति |
|---|---|
| विद्यामान मापदण्ड अनुसार विद्यालय नक्साङ्न गरी सबै बालवालिकाको विद्यालयमा पहुँचको सुनिश्चि गरिने छ। | विद्यालयको नक्साङ्कन गर्ने। |
| माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुच भएको सुनिश्चित गरिने छ | सबै बालवालिकालाई भर्ना गर्ने तथा माध्यमिक शिक्षा अनिवार्य गर्ने। |
| भौगालिक विकटका करण माध्यमिक विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालवालिकाको लागि आवसिय विद्यालय संचालन गरिने छ। | आवसीय विद्यालय संचालन गर्ने। |
| विद्यालयलाई भौतिक संचरना तथा शैक्षिक वातारण निर्माणका लागि अनुदान उपलब्ध गराईने छ। | • आवसीय विद्यालय संचालन तथा भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि विद्यालयलाई अनुदान उपलब्ध गराउने।<br>• शिक्षक व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने।<br>• विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि बजेट उपलबध गराउने। |
| माध्यमिक तहको खुद भर्नादर तथा टिकाउ दर बढाउनका लागि विद्यार्थी प्रोत्सहन कार्यक्रम संचालन गरिने छ। | • विपन्न, अपाङ्ता तथा जेहेन्दार बालवालिकालाई शैक्षिक सामग्री तथा छात्रवृत्ति सहयोग गर्ने।<br>• बालवालिकाको सिकाई उपलब्धी तथा वृद्धि गर्नका लागि थप कक्षा संचालन, अध्ययन सामग्री छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गरिने छ  ट्युसन कक्षा संचालन गरिने छ। |
| विद्यालयको भौतिक संचरना तथा शैक्षिक वातावरण बालमैत्री तथा समावेशी बनाईने छ। | • विद्यालयको भौतिक संरचना, खानेपानी, शौचालयको व्यवस्था गरिने छ।<br>• विद्यालयको भवन, कक्षाकोठा, शौचालय, खेलमैदन तथा तरबारका लागि सहयेग गर्ने।<br>• विज्ञान प्रयोगशालाको स्थापना तथा प्रयोगका लागि अनुदान उपलब्ध गराउने। |

| | |
|---|---|
| शिक्षक शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षा कोठा भित्रको शिक्षणमा सुधार गरिनेछ । | • शिक्षकको पेशागत विकासका लागि तालिम संचालन गर्ने।<br>• साप्ताहिक रुपमा विद्यालयमा बैठक संचालन गर्ने।<br>• सबै शिक्षकको अर्धवार्षिक तथा वार्षिक रुपमा कार्यसम्पादन तथा मुल्याङकन गर्ने। |
| विद्यालयमा सूचना प्रविधि तथा सञ्चारको सेवा तथा संरचना विस्तार गरिने छ। | विद्यालयमा सुचना प्रविधि मार्फत शिक्षण क्रियाकलाप संचालनका लागि आवश्यक कम्प्युटर तथा इन्टरनेटको पहँुच विस्तार गर्ने। |
| विद्यालयमा सुरक्षित वातावरण सिर्जना गरिने छ। | विद्यालयमा भयमुक्त, विभेद रहित वातावारण निर्माणका लागि गुनासो पेटिका स्थापना गर्ने। |
| बालवालिकाको नेतृत्व विकास गरिने। | • विद्यालय स्तरमा बालक्लबको गठन गर्ने।<br>• बाल क्बलको नेतृत्व विकास तथा सहयोगका लागि एक जना शिक्षकलाई सहजकर्ताको रुपमा व्यवस्थापन गर्ने।<br>• विद्यालय भित्र विद्यालय सुधारका योजनामा बालवालिकाको सहभागीत सुनिश्चित गर्ने।<br>• बालवालिकाको क्षमता विकासका लागि रचनात्मक तथा सिजनात्मक कृयाकलाप जस्तै भित्ते लेखन, अतिरिक्त क्रियाकलाप। |
| समुदाय स्तरमा दौतरी पढाईको अवधारणा कार्यान्वयन गरिने। | • विद्यालयको सहजीकरण समुदाय स्तरमा साथी साथी बीच पढ्ने वातावरण निर्माण गर्ने।<br>• एक जना अब्बल विद्यार्थीले कमजोर विद्यार्थीलाई पढाईका लागि सहयोग तथा सहजीकरण गर्ने। त्यसका लागि कक्षा शिक्षकले योजना बनाई कार्यान्वयन गर्ने। |

**८. मुख्य नतिजा (Key performance)**

१. सबै बालवालिकाहरुलाई माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गरी कुल भर्नादर तथा खुद भर्नादरमा बृद्धि भएको हुने।

२. सबै बालवालिकाको न्युनतम सिकाई उपलब्धीमा वृद्धि भएको हुने।

३. बालवालिकाको तह पुरा गर्ने दरमा वृद्धि भएको हुने।

४. जोखिम, अपाङता भएका तथा भौगोलिक दृष्टिकोण विकटमा रहेका बालवालिकाको माध्यमिक तहको शिक्षामा पहुँच वृद्धि भएको हुने।

५. सबै माध्यमिक विद्यालयले आधारभुत मापदण्ड पुरा गरेको हुने

६. विद्यालयहरूमा न्यूनतम आवश्यक पूर्वाधारहरूको उपलब्धता (शिक्षक, सुरक्षित भवन, छनोट गरिएका विद्यालयहरूमा विज्ञान र सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीहरू

७. सुचना तथा सञ्चार प्रविधिको प्रयोगले सबलीकृत विज्ञान, गणित तथा अंग्रेजी विषयको शिक्षण सिकाइ भएको हुने।

८. माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षाका विषयहरूको सुदृढीकरण भई प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार भएको हुने।

९. विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाईलाई सहयोग हुने ।

१०. शिक्षकको पेशगात दक्षता वृद्धि भई शिक्षण सिकाई क्रियाकलाप सुधार भएको हुने।

११. आपकालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन उत्थाशील योजना तयार गरी लागु गरिएको हुने।

१२. सबै बालवालिकालाई जीवनउपयोगी शिक्षा प्रदान गरी विद्यालय छोड्ने दरमा कमी भएको हुने।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि। निर्देशिका तयारी | संख्या | ✓ | | | | | | |
| २ | विद्यालय सेवा क्षेत्र पहिचान गरी सेवा क्षेत्रका बालबालिकाहरुको पुर्ण रुपमा भर्नाको सुनिश्चिता गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ४ | मा.वि. आवासीय विद्यालय संचालन तथा व्यवस्थापनका लागि Grant support सहयोग | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा छोड्ने दर कम गर्न किशोर किशारी तथा अभिभावकसंग अन्तक्रिया गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ६ | कक्षा छोड्ने दर कम गर्न किशोर किशारी तथा अभिभावकसंग अन्तक्रिया गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ७ | विद्यालयको न्युतम भौतिक पुर्वाधार विकास(कक्षाकोठा फर्निचर, शौचालय, खानेपानी, घेराबार) | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ८ | बालबालिकालाई जीवनउपयोगी सीप प्रदान गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ९ | विद्यालयमा बिज्ञान प्रयोगशाला स्थापना गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| १० | सबै विद्यालयमा कम्पुटर, प्रोजेक्टर जस्ता ICT सम्बन्धित सामग्री सहयोग गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |

**माध्यमिक शिक्षा लागि आवश्यक बजेटः**

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | जनसहभागी | अन्य |
| १. | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि निर्देशिका तयारी | o | o | o | o | o | o | √ | | √ | | |
| २ | विद्यालय सेवा क्षेत्र पहिचान गरी सेवा क्षेत्रका | o | o | o | o | o | o | o | ✓ | √ | | √ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाहरुको पुर्ण रुपमा भर्नाको सुनिश्चिता गर्ने | | | | | | | | | | | |
| ३ | मा.वि. आवासीय विद्यालय संचालन तथा व्यवस्थापनका लागि Grant support सहयोग | ६९० | १२० | १२० | १५० | १५० | १५० | | | √ | | ✓ |
| ४ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि निर्देशिका तयारी | ० | ० | ० | ० | ० | ० | ० | | √ | | ✓ |
| ५ | कक्षा छोड्ने दर कम गर्न किशोर किशोरी तथा अभिभावकसंग अन्तक्रिया गर्ने | ३०० | ६० | ६० | ६० | ६० | ६० | | | √ | | √ |
| ६ | विद्यालयको न्युतम भौतिक पुर्वाधार विकास(कक्षाकोठा फर्निचर, शौचालय, खानेपानी, घेराबार) | ३०० | ६० | ६० | ६० | ६० | ६० | | | √ | | |
| ७ | बालबालिकालाई जीवनउपयोगी सीप प्रदान गर्ने | ९९०० | १८०० | १८०० | १८०० | १८०० | १८०० | √ | | | | |
| ८ | बालबालिकालाई जीवनउपयोगी सीप प्रदान गर्ने | | ० | ० | ० | ० | ० | | | | | √ |
| ९ | विद्यालयमा बिज्ञान प्रयोगशाला स्थापना गर्ने | ३२५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | √ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सबै विद्यालयमा कम्पुटर, प्रोजेक्टर जस्ता ICT सम्बन्धित सामग्री सहयोग गर्ने | ३२५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | √ | | | | ✓ |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### १. पृष्ठभूमीः

शिक्षालाई आर्थिक तथा सामाजिक विकासको आधारशिला मानिन्छ । व्यक्तिमा अन्तर निहित सम्भावित शक्तिहरुलाई एउटा सब्य नागरिकको रुपमा जीवनयापन गर्न सहयोग गर्ने माध्यम शिक्षा हो । शैक्षिक कार्यक्रमहरुको उपलब्धि स्वरुप ज्ञान, सिप, दक्षता र असल आचरण योग्य जनशक्ति तयार भई उत्पादन तथा सेवा प्रवाह स्वोजगारी श्रृजना र आय आर्जनका माध्यमबाट सामाजिक आर्थिक विकासमा सहभागिता बृद्धि गराउदा मात्र गुणस्तरीय शिक्षा प्रदान गरिएको मानिन्छ ।

नेपालको संविधान २०७२ मा १५ औं आवधिक योजना राष्ट्रिय शिक्षा नीति प्राविधिक तथा व्यवासायिक शिक्षा नीति दिगो विकास तथा स्थानीय सरकारको नीति तथा कार्यक्रमले प्राविधिक तथा व्यावसायिक शिक्षालाई अत्यन्त महत्व दिएको छ । स्थानीय सरकारले पनि १० बर्षे नीति तथा योजना तयार गर्ने अवधारणा राखेको छ । नीति तथा कार्यक्रमहरु बनाउन सबै सरोकारवालासंग समन्वय गर्नुपर्ने आवश्यकता महशुस गरी विभिन्न योजना तयार गरिएको छ ।

### २. प्रमखु समस्या र चुनौतीहरुः

नेपालको भौगोलिक बनावटले राज्यसम्मको पहुँचको आर्थिक विपन्नता, बेरोजगारी,सामाजिक असमानता, लैङ्गिक तथा सामाजिक असमायोजन, विभेदिकरण जस्ता कारणहरुले बान्नीगढी जयगढ गाउँपालिका दृष्टिकोणले पछाडि परेको मानिन्छ । प्राकृतिक सम्पदा, सास्कृतिकको प्रायप्त मात्रामा हुदाँ हुदै पनि उपलब्ध साधन श्रोतःको उपभोग हुन नसकेको हो । शिक्षा प्राणाली लाई ज्ञान, सीप र आचरण परिवर्तनको मूल साधका रुपमा हेरेर सिकाईलाई व्यवाहारिक बनाउन नसकेको अवस्था छ । विद्यार्थीहरुको पढाई भन्दा सिकाई, पढ्ने भन्दा सिक्ने र बोल्ने भन्दा गर्ने पक्षमा बल पुग्ने गरी शिक्षण सिकाई गर्नु पर्ने देखिन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षालाई श्रम रोजगारी/स्वरोजगारी उत्पादन तथा सेवासंग प्रत्यक्षरुपमा जोड्न नसकिनु प्रमुख समस्या देखिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको वारेमा जनचेतना पुऱ्याउन नसक्नु श्रम बजारको अध्ययन नहुन नसक्नु ।

प्राविधिक तथा व्यावसायिक शिक्षण संघ संस्थाहरुले न्यूनतम पूर्वाधारहरु जस्तैभवन, कक्षाकोठा, प्रयोगात्मक कक्षा तथा शैक्षिक सामाग्री, प्रशिक्षक, कर्मचारी आदीको उपलब्धता विना नै कार्यक्रम सञ्चालन गरेको अवस्थाले गर्दा गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउन सम्भव छैन् यस्ता संस्थाबाट उत्पादित शिक्षित र दिक्षित श्रम बजरमा प्रवेश गर्दा रोजगारदाता उद्योगी व्यवसायीहरुको लागि उत्पादन तथा सेवा प्रवाहमा दक्षता प्रस्तुत गर्न सक्षम हुन्छन् वा हुदैनन् चुनौतिको विषय हुन जान्छ । गुणस्तरीय शिक्षा बिना जनशक्तिले शिक्षा, स्वास्थ्य, निर्माण, अर्थ, धर्म, संस्कृत न्याय लगायतका उत्पादन र सेवा प्रवाह गर्नुपर्ने प्रत्येक क्षेत्रमा गुणस्तरहीन सेवा प्रदान गर्दै पुनः सबै क्षेत्रमा नकारात्मक असर परेको हुन्छ । यसले गर्दा रोजगारदाता उद्योग क्षेत्रलाई प्रत्यक्ष रुपमा

शिक्षा र सिप विकासमा उद्‌देश्यपूर्ण सहभागिता गराउन नसक्नु ठूलो चुनौती रहेको छ । बान्नीगढी जयगढ गाउँपालिकामा प्राविधिक जनशक्तिको अभाव रहेको छ ।

**३. अवसरहरुः**

संघीय संरचनाको अभ्यास गरिराखेको सन्दर्भमा स्थानीय तह शैक्षिक केन्द्र सुहाउदो आवश्यक शिक्षा तथा प्राविधिक शिक्षा नीति बनाउन पाउनु आफैमा ठुलो अवसरको रुपमा रहेको छ । यस अवसरलाई प्रयाप्त सदुपयोग गरेर गाउँपालिकामा प्राविधिक शिक्षाको विकास विस्तार, सान्दर्भिकता, लैङ्गिक तथा सामाजिक समायोजन, गुणस्तर सुधार र संयोजन सहित परिवर्तित अवधारणमा शिक्षालाई व्यवहारिक बनाउन सकिने सम्भावना रहेका छन् । प्राविधिक तथा व्यवासायिक शिक्षा तालिमको आधारभूत तथा माध्यमिक स्तरिय जनशक्ति उत्पादन गर्ने लक्ष्य अनुसार प्रयाप्त शिक्षण संस्थाहरु विस्तार गर्नुपर्ने छ । आजको वैज्ञानिक प्रविधि अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि शिक्षण संस्थाहरुको विस्तार गर्ने, विपन्न वर्गको पहुँच पुगेको, प्राविधिक शिक्षा प्रति अभिभावक तथा विद्यार्थीहरुको सोच बढेको, उद्योग, व्यवासाय, कलकारखानाहरुमा सीप र प्रविधियुक्त जनशक्तिको आवश्यकता महशुस हुदै गएको अवस्थामा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा धैरै अवसरहरु रहेका छन् ।

**४. दीर्घकालिन सोच:**

“सीपयुक्त स्थानीयवासी समृद्ध गाउँपालिका”

**५. लक्ष्य:**

बजारमुखी प्राविधिक तथा व्यावसायिक शिक्षा एवंम तालिम प्रणाली मार्फत विश्व बजारमा प्रतिस्पर्धा र नवप्रवर्तनशील मानव पूजीँको विकास गर्ने ।

**६. उद्‌देश्यः**

प्राविधिक तथा व्यावसायिक शिक्षा एंव तालिम प्रणाली पहुँच र समानताको सुनिश्चिता हुने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) कार्यक्रमको विस्तार गर्ने ।

**७. रणनीतिहरुः**

७.१ नेपालको संविधान २०७२, १५ पञ्चवर्षिय योजना, शिक्षा नीति २०७६ दिगो विकासका लक्ष्यहरु स्थानीय शासन संचालन ऐन लगायत अन्य राष्ट्रिय ऐन, कानुन तथा नीतिहरुसंग नवाझीने गरी “स्थानीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्” गठन गर्ने सो को कार्यान्वयनको लागि सहजीकरण र जिम्मेवारी लिन सक्ने वातावरण सिर्जना गर्ने ।

७.२ स्थानीय तहमा कार्यक्रमहरुको सन्तुलित विस्तार गर्नु प्रदेश स्तरमा व्यावसायिक तालिम केन्द्र स्थापना गर्ने ।

७.३ सबै स्थानीय तहमा आवश्यकता पहिचान गरी शिक्षा तथा तालिमका कार्यक्रमहरु विस्तार गर्ने ।

७.४ कार्यरत कर्मचारीहरुको सीप अभिवृद्ध पुनर्ताजगी तालिमका विभिन्न स्वरुप तयार गर्ने ।

७.५ शिक्षा तथा तालिमका सबै कार्यक्रमहरुमा छात्रवृत्तिको कार्यविधि बनाई समावेशी सहभागीता सुनिश्चित हुने गरी लागु गर्ने ।

७.६ उपलब्ध श्रोतः साधनको अधिकतम उपभोग गर्दै बढी भन्दा बढी कार्यक्रम संचालन गर्न सिफ्टका आधारमा कार्यक्रम संचालन गर्ने ।

७.७ प्रशिक्षार्थीहरुका लागि स्थानीय तह, उद्योग र शिक्षण संस्थाहरुको समन्वयमा सीप कमाउ र तिरको अवधारणा लागु गर्न प्रोत्साहित गर्ने ।

**८. कार्यनीतिः**

८.१ कार्यक्रमहरुमा सबैको पहुँच र समानताको सुनिश्चितता हुने गरी विस्तार गरिनेछ ।

८.२ सुविधाको अधिकतम उपयोगिता बढाईनेछ ।

८.३ उद्योग तथा व्यावसायहरुमा कार्यरत कामदारका लागि आवश्यकतामा आधारित सीप विकास तथा सीप अभिवृद्धिका कार्यक्रमहरु विस्तार गरिनेछ ।

## ३.५ पाठ्यक्रम र पाठ्यसामग्रीः

### १. पृष्ठभुमि

समाजवाद उन्मख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक प्राविधिक व्यवसायिक सिपमुलक रोजगार मुलक बनाउन नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रुपमा प्रदान गरिएको छ । नेपालको पाठ्यक्रम प्रारुप २०६२/ ०६३ ले १०० पूर्णाङ्क स्थानीय पाठ्यक्रम बनाउने अधिकार तथा सामाजिक विषयमा २०% को स्थानीय पाठ्यक्रम बनाउने अधिकार दिए ता पनि अझै सम्म स्थानीय पाठ्यक्रम निर्माण हुन सकेन र पाठ्यक्रमलाई पनि शिक्षणको प्रमुख मापदण्ड नमानिदा पनि यसले ठूलो समस्या लिएको छ ।

### २. प्रमुख समस्या र चुनौतीहरु

स्थानीय स्तरमा भएका / रहेका विभिन्न कला, संस्कृति, भेषभुषा, प्रविधिलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्न नसक्नु एक प्रमुख समस्याको रुपमा रहेको छ । र पाठ्यक्रम केन्द्रले निर्माण गरेको पाठ्यक्रम र पाठ्यसामाग्री पनि स्थानीय स्तरमा उपलब्ध नहुनु पनि समस्या रहेको छ । पाठ्यक्रम निर्माण र पाठ्यसामाग्रीको व्यवस्था गर्नाको लागि पालिकाबाट उचित बजेटको व्यवस्था नगर्नु ।

### ३. अवसरहरु

पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी बन्दै गरेको १० वर्षे रणनितिक योजनालाई पनि अवसरको रुपमा मान्न सकिन्छ । साथै यसको कार्यशालालाई पनि अवसर नै मान्न सकिन्छ । स्थानीय पाठ्यक्रम सम्बन्धि २ जना प्रशिक्षक तयार गरिनु पनि अवसर हो । त्यसै गरि एकिकृत पाठ्यक्रम सम्बन्धि २ दिने कार्यशाला पनि अवसर हो । विभिन्न संघ संस्थाले तयार गरेका विषय कुना पुस्तकालयहरुलाई पनि अवसर नै मान्न सकिन्छ । अहिले प्रत्येक विद्यालयमा इन्टरनेट जडान भएका कार्यलाई पनि प्रमुख अवसरका रुपमा लिन सकिन्छ । पाठ्यसामाग्रीका रुपमा विद्यालयमा रहेका ल्यावहरुलाई पनि लिन सकिन्छ ।

३.१ स्थानीय तहले प्रदेश र संघीय सरकारको शैक्षिक नीति नियम मापदण्डसँग नबाझिने गरी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था हुनु ।

३.२ संघीय संरचना अनुसार संचालनमा रहेका सबै तहमा शिक्षाका नयाँ योजना निर्माण हुनु

३.३ योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु

३.४ राष्ट्रिय शिक्षा नीति २०७६ निर्माण हुनु ।

३.५ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन हुनु ।

३.६ स्थनीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा मार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्बन्धि योजनाबद्ध शुरुवात हुनु ।

३.७ राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन र विषयगत मापदण्ड बमोजिम मूल विषयबाहेक स्थानीय सरकारले आफ्नो आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न सक्ने प्रावधान हुनु ।

३.८ स्थानीय सरकारले आवश्यकताको आधारमा आधारभूत तहमा संरचनामा तोके बमोजिम र माध्यमिक तहमा एक इच्छाधिन विषयको स्थानीय प्राविधिक तथा व्यवसायिक प्रकृतिको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न सक्ने प्रावधान हुनु ।

**४. सोच**

सक्षम सफल र सीपयुक्त विद्यार्थी निर्माण बान्नीगढी पाठ्यक्रमको पूर्वाधार ।

**५. लक्ष्य**

स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सुनिश्चितता गर्ने ।

**६. उद्देश्य**

६.१ स्थानीय पाठ्यक्रम तयार पारि लागु गर्नु ।

६.२ स्थानीय पाठ्यक्रम अनुरुपको पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण गर्नु ।

६.३ सबै विद्यालयमा पुस्तकालयको व्यवस्था गर्नु ।

६.४ पाठ्यक्रमको उचित कार्यान्वयन गर्नु ।

६.५ पाठ्यक्रमका सबै प्रणालीको कार्यान्वयन गर्नु ।

६.६ विभिन्न कला संस्कृतिको जगेर्ना गर्न अवलोकन तथा भ्रमण गर्नु ।

६.७ पाठ्यक्रम सम्बन्धि कार्यशालाहरु संचालन गर्नु ।

६.८ शिक्षा क्षेत्रमा उचित बजेट व्यवस्थापन गर्नु ।

**७. पाठ्यक्रम र पाठ्यसामग्री रणनीति र कार्यनिति**

| **रणनीतिः** | **कार्यनिति** |
|---|---|
| स्थानीय पाठ्क्रम निर्माणका लागि स्थानीय तहमा आवश्यक नीति नियम, कार्यक्रम तयार गरिने छ। | • स्थानीय पाठ्क्रम निर्माणका लागि नीतिगत तथा बजेट व्यवस्थापन गर्ने।<br>• कार्यपालिकाबाट अनुमोदन तथा पारित गर्ने । |
| स्थानीय पाठ्क्रम निर्माणका लागि शिक्षक तथा विषय विज्ञलाई क्षमता विकास गरिने छ। | • स्थानीय पाठ्यक्रम निर्माण समिति निर्माण गर्ने।<br>• समितिकलाई अभिमुखीकरण गर्ने।<br>• स्थानीय पाठ्क्रम निर्माणका लागि स्थानीय स्तरमा कार्यदल गठन गरी त्यस मार्फत पाठ्क्रमको मस्यौदा तयार गरिने छ।<br>• व्यक्तिहरुसंग छलफल गरी थिम छनौट तथा खाका तयार गर्ने। |

| | |
|---|---|
| स्थानीय स्तरमा पुराना तथा मौलिक कला, संस्कृति, रीतिरिवाज रहनसहन आदिको पहिचानका लागि विज्ञ टोली तयार गरी अन्वेषण गरिने छ। | स्थानीय पाठ्यक्रमका लागि संस्कृति, धार्मिक तथा स्थानीय परिवेश तथा रहनसहन बुझेका विज्ञ |
| स्थानीय पाठ्क्रमको प्रयोगको लागि शिक्षकलाई क्षमता विकास गरिने छ | • पाठ्यक्रम निर्माण सम्बन्धि शिक्षक तालिम प्रदान गरिनेछ। • समयमा सबै बालवालिकालाई पाठ्यपुस्तक तथा पाठ्य सामग्री उपलब्ध गराईने छ। • पाठ्क्रम छपाई तथा वितरण गर्ने। |
| प्रभावकारी कार्यान्वयको अनुगमन, मुल्याङन तथा पृष्ठपोषण गरिने छ। | • सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रवोधीकरण, अनुगमन तथा मूल्याड्ढन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने । • कक्षाकोठामा शिक्षणसिकाई क्रियाकलापहरुको अनुगमन नियमित गर्ने। |

**९. अपेक्षित उपलब्धिः**

१. स्थानीय स्तरमै पाठ्यक्रम निर्माण गर्न सक्ने दक्ष जनशक्ति तयार भई प्रारम्भिक बालविकास, आधारभूत तह, माध्यामिक तहका पाठ्यक्रम, पाठ्यांश, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सामाग्रीहरुको निर्माण भएको हुने।

२. स्थानीय तहमा स्थानीय पाठ्क्रम निर्माण भई कार्यान्वयन भएको हुने।

३. बालवालिकाहरुको स्थानीय कला, संस्कृति, भाषा, रहन सहनका ज्ञानमा वृद्धि भएको।

४. पाठ्क्रमको कार्यान्वयन तथा तथा बालवालिकाको सिकाई उपलब्धी मापनका लागि मुल्याङ्कन प्रणाली विकास हुने।

### कार्यक्रम वा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय कला,संस्कृति, भाषा आदिको पहिचानका लागि विज्ञ व्यक्ति संग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | | |
| २ | स्थानीय पाठ्यक्रम निर्माणका लागि विज्ञ समिति गठन गर्ने तथा पाठ्यक्रम निर्माण गर्ने। | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला गोष्ठी | पटक | १ | १ | | | | | |
| ४ | पाठ्क्रम निर्माण, छपाइ तथा वितरण गर्ने | | २५ | २५ | २५ | ० | ० | | |
| ५ | शिक्षकलाई क्षमता विकास तालिम तथा अभिमुखीकरण संचालन | | २५ | २५ | २५ | ० | ० | | |
| ६ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारीताको अनुगमन, मुल्याङ्न तथा प्रतिबेदन | | २५ | २५ | २५ | २५ | २५ | | |

### पाठ्यक्रम र पाठ्यसामग्री लागि आवश्यक बजेटः

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थनीय सरकार | गै.स.स. | जनसहभागिता | अन्य |
| १. | स्थानीय कला,संस्कृति, भाषा आदिको पहिचानका लागि विज्ञ व्यक्ति संग अन्तरक्रिया गर्ने | | | | | | | | | √ | | √ | |
| २ | स्थानीय पाठ्यक्रम निर्माणका लागि विज्ञ समिति गठन गर्ने तथा पाठ्यक्रम निर्माण गर्ने | | | | | | | | ✓ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला गोष्ठी | | | | | | | | | | | ✓ | |
| ४ | पाठ्क्रम निर्माण, छपाइ तथा वितरण गर्ने | | १५० | | | | | | | √ | | ✓ | |
| ५ | शिक्षकलाई क्षमता विकास तालिम तथा अभिमुखीकरण संचालन गर्ने | | १५० | | | | | | | √ | | | |
| ६ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारीताको अनुगमन, मुल्याङन तथा प्रतिबेदन | | | | | | | | | √ | | | |

### ३.६ शिक्षक व्यवस्थापन र विकास

### १ पृष्ठभूमि र परिचय

हाल शिक्षालाई विकासको आधारभूत पूर्वाधार र मानव अधिकारको रूपमासमेत लिइएको छ । त्यसैले सबैका लागि शिक्षा मात्रभन्दा पनि सबैका लागि गुणस्तरीय शिक्षा अहिले नेपालको सन्दर्भमा मुख्य मुद्दा भएको छ । शिक्षाका सरोकारवालाहरूमध्ये शिक्षक, विद्यार्थी र अभिभावकको शिक्षाक्षेत्रमा विशेष भूमिका हुन्छ । बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउन र गुणात्मक शिक्षा प्रदान गर्न शिक्षकहरूको निर्णायक भूमिका रहन्छ । शिक्षक शैक्षिक गुणस्तर विकासका लागि मेरुदण्डका रूपमा रहने हुँदा शिक्षक शिक्षा र शिक्षक प्रशिक्षण गुणस्तरीय शिक्षाका लागि अपरिहार्य तत्वहरू हुन् । शिक्षकहरू दक्ष भएमा मात्र उनीहरूले दिने ज्ञान शिक्षार्थीहरूमा निर्बाधरूपमा पुग्छ (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५) । शिक्षकहरू शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रीय भूमिकामा रहेका हुन्छन् । गुणस्तरीय शिक्षाको लागि शिक्षकको पेसागत विकास र दक्षता पनि अपरिहार्य हुन्छ । शिक्षकको पेसागत विकासमा शिक्षक तालिमको महत्वपूर्ण भूमिका हुन्छ । यसरी शिक्षाको गुणस्तर विकासमा सक्रिय भूमिकामा भएका शिक्षकहरूको पेसागत योग्यता एवम् कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले नर्मल स्कूल, कलेज अफ एजुकेशन, त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयहरू, नेपाल सरकारका विभिन्न निकायहरू, शैक्षिक जनशक्ति विकास केन्द्र आदिबाट योजनाबद्ध प्रयासको फलस्वरुप लगभग सबै (९८.२%) शिक्षकहरूलाई दस महिने सेवाकालीन वा पूर्वसेवाकालीन शिक्षक तालिम प्रदान गरिसकिएको छ (शैजविके, २०६७) । शिक्षकहरूमा रहेको योग्यता एवम् क्षमतालाई समयसापेक्ष नवीकरण, सबलीकरण र अद्यावधिक

गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य शर्त हो । यस तथ्यलाई दृष्टिगतगरी शिक्षकहरू आफैंले आत्ममूल्याङ्कन गर्ने, शिक्षण जीवनमा आवश्यक ज्ञानसीपमा पहुँच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन सँस्कृतिको विकासगरी अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता विधिहरूमार्फत् निरन्तर पेसागत विकास गर्ने प्रचलन विश्वब्यापीरूपमा रही आएको छ ।

नेपालमा विद्यालय शिक्षाको औपचारिक सुरुवात १९१० सालमा भए पनि शिक्षक शिक्षा र शिक्षक तालिम प्रशिक्षणको थालनी भने काठमाडौंको ताहाचलमा २००४ साल जेष्ठ १० गते, गान्धीवादी आधार शिक्षाबाट प्रेरित आधार शिक्षक तालिम केन्द्रको स्थापना भएपछि मात्र भएको पाइन्छ । यसपछि यसै भवनमा २०११ साल भदौ १४ गते राष्ट्रिय शिक्षक शिक्षण केन्द्रको स्थापना भयो र २०१३ सालमा यस केन्द्रको नाम नर्मल स्कूल भयो । २०१३ सालमा नै उपत्यका बाहिर र घुम्ती नर्मल स्कूलहरू पनि सञ्चालन गरिए । ने.रा.शि.यो.आ. २०११ को सिफारिस बमोजिम २०१४ सालमा कलेज अफ एजुकेशनको स्थापना भयो । पछि २०२३ सालमा नर्मल स्कूलको नाम परिवर्तन भई प्राथमिक शिक्षक शिक्षण केन्द्र भयो । यसमा २०२६ सालदेखि युनिसेफको अनुदानमा टीचर्स एजुकेशन ट्रेनिङ प्रोग्राम पनि सञ्चालन भयो । नयाँ शिक्षा लागू भएपछि २०२९ सालमा कलेज अफ एजुकेशन, अङ्ग्रेजी भाषा तालिम केन्द्र, राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र र प्राथमिक स्कूल शिक्षक तालिम केन्द्रहरूलाई गाभी त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र अध्ययन सँस्थानको स्थापना भयो (शर्मा, २०६० र २०६२) ।

वि.सं. २०२८ सालमा नयाँ शिक्षा योजनासँगसँगै शिक्षा ऐन २०२८ ले शिक्षक बन्न तालिम अनिवार्य बनायो । शिक्षाशास्त्र अध्ययन संस्थानले आई.एड., बी.एड. र एक वर्षे बी.एड. एवम् एम.एड. जस्ता पूर्वसेवाकालीन तालिम सञ्चालन गरेको थियो भने शिक्षा मन्त्रालयले शिक्षकहरूलाई छात्रवृत्ति दिएर यिनै कार्यक्रमहरूमा सामेल गराई सेवाकालीन तालिमको रूपसमेत दिइएको थियो । त्यस्तै प्राथमिक शिक्षकहरूका लागि सेवाकालीन तालिममा ए लेभल, बी लेभल, तत्स्थानीय तालिम, दूर शिक्षण कार्यक्रम, दुर्गमक्षेत्र महिला शिक्षिका तालिम र माध्यमिक शिक्षामा आधारित तालिमहरू सञ्चालन भए ।

कास्कीको लाहचोक सफल परीक्षणबाट परियोजना विधिलाई कार्यान्वयनमा ल्याउन तत्कालीन समयमा विकासमा पछाडि रहेको सेती अञ्चलका पाँच जिल्लामा प्राथमिक शिक्षाको समग्र गुणस्तर सुधार गर्ने उद्देश्यले सन् १९८२ (वि.सं. २०३८/०३९)देखि १० वर्षसम्म तत्कालीन श्री ५ को सरकार, युएनडीपी, युनेस्को र युनिसेफको सहयोगमा ग्रामीण विकासका लागि शिक्षा परियोजना (सेती परियोजना) लागू भएको थियो । यस परियोजनामा नजिकका विद्यालयहरूलाई समूहीकृत गरी विद्यालय समूह पद्धति (school cluster system)अवलम्बन गरिएको थियो । यसैका आधारमा पछि श्रोतः केन्द्रहरू निर्धारण गरिएका थिए । यसका लागि माध्यमिक वा नभएका स्थानमा निम्न माध्यमिक विद्यालयहरूलाई श्रोतः केन्द्र कायम गरिएको थियो । यसै श्रोतःकेन्द्रमा

एक जना श्रोतः व्यक्तिको व्यवस्था गरी समूह विद्यालयहरूको सुपरिवेक्षण, प्रौढ शिक्षा, चेलीबेटी शिक्षा, ग्रामीण वाचनालयको सुपरिवेक्षण, विद्यालय निरीक्षक, श्रोतः केन्द्र शिक्षक वा श्रोतः व्यक्ति, प्रधानाध्यापक र शिक्षकका लागि सेवाकालीन एक हप्तादेखि दुई महिनासम्मका तालिम आदि क्षमता विकास लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको थियो । तत्कालीन समयमा यस परियोजनाका लागि निर्माण गरिएका डोटी जिल्लाको दिपायल जोगीडाब्रेका भवनहरूमा नै हाल सुदूरपश्चिम प्रदेशको शिक्षा तालिम केन्द्र अवस्थित रहेको छ ।

वि.सं. २०४० सालमा त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र अध्ययन सँस्थान, शिक्षाशास्त्र सङ्कायमा परिवर्तन भयो र यसले पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रम मात्र सञ्चालन गर्ने भएपछि, रेडियो शिक्षा शिक्षक तालिम, सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो र दोस्रो) आदिले विभिन्न चरणका सेवाकालीन प्राथमिक शिक्षक तालिमहरू सञ्चालन गरेको पाइन्छ । यसैगरी माध्यमिक र निम्न माध्यमिक तहको विज्ञान, गणित र अङ्ग्रजी विषय शिक्षणलाई सक्षम ढङ्गबाट सञ्चालन गर्न एशियाली विकास बैंकको ऋण सहयोगमा २०४१ सालदेखि २०४७ सालसम्म विज्ञान शिक्षा विकास परियोजनामार्फत् र पछि माध्यमिक शिक्षा विकास परियोजनाबाट तालिमहरू सञ्चालन भएका थिए ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनअनुसार शिक्षक हुन तालिम अनिवार्य गरिएको र २०५० सालमा केन्द्रीय स्तरमा शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके) को स्थापना भयो । शैजविके र तत्कालीन दूर शिक्षा केन्द्रको सँयुक्त कार्यक्रमअनुसार चार खण्ड (पहिलो, दोस्रो, तेस्रो र चौथो प्याकेज) को दस महिने (१३२० घण्टा) सेवाकालीन प्राथमिक शिक्षक तालिम सञ्चालन गरिएको थियो जुन तत्कालीन नौवटा प्राथमिक शिक्षक तालिम केन्द्रहरू र जिल्ला शिक्षा कार्यालय अन्तर्गतका श्रोतः केन्द्रहरूबाट दिइन्थ्यो । माध्यमिक शिक्षा विकास केन्द्रद्वारा माध्यमिक र निम्न माध्यमिक तहका गणित, अङ्ग्रेजी, नेपाली, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको लागि दस महिने सेवाकालीन तालिमहरू तत्कालीन २५ ओटा माध्यमिक शिक्षा विकास एकाइहरू (सेडु) मा सञ्चालन गरिएका थिए । २०६१ सालदेखि दूर शिक्षा केन्द्र र माध्यमिक शिक्षा विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्रमा गाभिएपछि शिक्षक शिक्षा परियोजना (टी.ई.पी.) अन्तर्गत सञ्चालित दस महिने (१३२० घण्टा) सेवाकालीन प्राथमिक शिक्षक तालिम र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (एस.ई.एस.पी.) अन्तर्गत सञ्चालित निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिमहरू तीन खण्ड (पहिलो, दोस्रो र तेस्रो चरण/मोडुल) मा ३४ वटा शैक्षिक तालिम केन्द्रहरूद्वारा २०६६ सालसम्म सञ्चालन गरिएका थिए । योसँगसँगै शैजविकेको तालिम पाठ्यक्रम अनुसार पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम ५/५ महिनाको दुई चरण (पहिलो र दोस्रो सेमेस्टर) मा पूराहुने कोर्स २०६६ सालसम्म सञ्चालन भएको थियो । यसरी वि.सं. २०६६ सम्म करीब ९८.२% शिक्षकहरू तालिम प्राप्त भएको कुरा तथ्याङ्कले देखाउँछ जसअनुसार अझै पनि १.८% शिक्षकहरूले १० महिने तालिम पूरागर्न बाँकी रहेको देखिन्छ (शैजविके, २०६७) । पुनः सबै शिक्षकहरूलाई

तालिमप्राप्त बनाउने सरकारी प्रतिबद्धताअनुरुप साविककै पाठ्यक्रम ढाँचामा रही दूर शिक्षा पद्धतिअनुसार तालिम सञ्चालनगरी उक्त १.८% शिक्षकहरूलाई तालिमप्राप्त गराउने व्यवस्था गरिएको थियो । यसरी सामुदायिक विद्यालयहरूमा कार्यरत तालिम अप्राप्त (विगतमा प्रमाणीकरण तालिम लिन वा पूरा गर्न बाँकी १.८%) स्थायी शिक्षकहरूको लागि वि.सं. २०६७/०६८ मा तीन चरण वा मोडुलमा गरी १० महिने प्रमाणीकरण तालिम दूर शिक्षा विधिबाट शैजविकेले सञ्चालन गरी सकेको छ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६–०७२) मा शिक्षकको पेसागत विकासका लागि शिक्षकहरूको न्यूनतम योग्यताको स्तर वृद्धि हुनुपर्ने भनी प्रस्ताव गरिनुकासाथै अनिवार्य तालिम तथा पुनर्ताजगी तालिमका प्रावधानहरूको योजना गरिएको छ । यस योजनाअनुसार आधारभूत र माध्यमिक दुवै तहका शिक्षकको पेसागत वृत्तिविकासका चार चरण वा तह हुनेछन्ः नवप्रवेशी, अनुभवी, निपूर्ण र विशेषज्ञ । विभिन्न सूचकहरू जस्तैः पूरा समयभरी कार्यगर्ने, ज्येष्ठता, योग्यता, तालिम र विद्यार्थीहरूको उपलब्धिलाई आधार मानी शिक्षकहरूको बढुवा वा स्तरोन्नति गर्ने प्रावधान राखिनेछ । यस प्रावधानको कार्यान्वयन स्वरूप शैजविकेबाट सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई एकपटकमा दस दिन अवधिको शिक्षक पेसागत विकास (टीपीडी) मोड्युल सञ्चालन गरी योजनाको पाँच वर्ष (आ.व.२०७०/०७१) भित्र एक महिना बराबरको टीपीडी कार्यक्रममा पहुँच सुनिश्चित गर्न योजना एवम् कार्यक्रम तर्जुमा भएको थियो । यसैअनुसार देशभर मौजुदा तत्कालीन १०५३ ओटा श्रोतः केन्द्रहरूबाट आधारभूत तहका लागि र ४६ ओटा अगुवा श्रोतः केन्द्र एवम् २९ ओटा शैक्षिक तालिम केन्द्रहरूबाट माध्यमिक तहकोसमेत टीपीडी कार्यक्रम सञ्चालन हुनेगरी व्यवस्था गरिएको थियो । (शिक्षा मन्त्रालय, २०६६)

विद्यालय क्षेत्र विकास योजना (एसएसडीपी) अनुसार टीपीडीको कार्यान्वयन अनुभव र समीक्षाका आधारमा शिक्षकको पेसागत विकासका लागि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४–२०७९/०८०) मा केही परिमार्जनसहित निन्तरता दिइने कुरा उल्लेख गरिएको छ ।यस अनुसार शिक्षकहरूलाई एकपटकमा १५ दिन अवधिको शिक्षकको निरन्तर पेसागत विकास (सीपीडी) मोड्युल सञ्चालन गरी कार्यक्रम कार्यान्वयन अवधिभित्र ३० दिनको तालिम सञ्चालन गरिने छ । यसअनुसार देशभर मौजुदा सातओटा शिक्षा तालिम केन्द्रहरूबाट आधारभूत र माध्यमिक तहका शिक्षकका लागि सीपीडी कार्यक्रम सञ्चालन हुनेगरी व्यवस्था गरिएको छ । यसका लागि साविकको शै.ज.वि.के. र शिक्षा तथा मानव श्रोतः विकास केन्द्रबाट तालिम पाठ्यक्रम विकास गरी सोही अनुसार तालिम प्याकेजहरू तयार गरिएको छ । यसमा साविकका तीन ओटा चरणहरूलाई निम्नानुसारका अन्तरसम्बन्धित र एकीकृत दुई ओटा भागहरूको सँयोजनबाट विविधतायुक्त १५ कार्यदिने एक सीपीडी मोड्युलको विकास र कार्यान्वयन गरिएको छ । यी दुई भागहरू एकअर्काका परिपूरक भएकाले ती सबैको सञ्चालनबाट मात्र एउटा मोड्युल पूर्ण हुने व्यवस्था छ । यसरी कुनै शिक्षकले

यस्ता दुई ओटा १५ कार्यदिने स्वतन्त्र मोड्युल पूरा गरेपछि मात्र एक महिना बराबरको सीपीडी प्रमाणपत्र प्राप्त गर्नेछ ।

तालिका ६.१: शिक्षकको निरन्तर पेसागत विकास (सीपीडी) मोड्युल सँरचना

| तालिम–कार्यशाला | स्वाध्ययन अभ्यास र शैक्षणिक परामर्श |
|---|---|
| शिक्षा तालिम केन्द्रमा | विद्यालयमा आधारित |
| शिक्षकहरू र विशेषज्ञ/प्रशिक्षक बीच फेस टु फेस मोड, लिखित परीक्षा | तोकिएका कार्यहरू (परियोजना कार्य, कार्यमूलक अनुसन्धान, पाठयोजना सहित शिक्षण) सम्पादनगरी (४५ दिनभित्र) |
| १० दिन | ५ दिन कार्यभार |
| एक मोडुलको जम्मा १५ दिन<br>दुई मोडुलको कुल जम्मा ३० दिन वा एक महिना | |

श्रोतः शै.ज.वि.के.(२०७३)

यस अवधिमा एक दिन देखि एक हप्तासम्मका समसामयिक विषयका अभिमुखीकरण, आवश्यकतामा आधारित विभिन्न तालिमहरू समय समयमा विकास साझेदारहरू, तत्कालीन जिल्ला शिक्षा कार्यालय, पाठ्यक्रम विकास केन्द्र, तत्कालीन उच्चमाध्यमिक शिक्षा परिषद आदिबाट तालिम कार्यशाला लगायतका छोटो अवधिका क्षमता विकासका कार्यक्रमहरू गरिएका थिए । यसैगरी बालविकास शिक्षक, विशेष शिक्षाका शिक्षक आदिका लागि एक महिना अवधिका तालिम कार्यक्रमहरू पनि सच्चालन गरिएका थिए ।

नेपालमा सङ्घियताको कार्यान्वयन पछि २०७४ सालमा साविकका शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र र शिक्षा विभाग एकीकरण गरी शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव श्रोतः विकास केन्द्र (CEHRD) को स्थापना भएको छ । यस क्रममासाविकका 34 ओटा शैक्षिक तालिम केन्द्रहरू पनि एक प्रदेशमा एउटा रहने गरी सात ओटा शिक्षा तालिम केन्द्रको रुपमा स्थापित भई सञ्चालनमा रहेका छन् । यीमध्ये यस सुदूरपश्चिम प्रदेशको साविकको दिपायल जोगिडाब्रेमा रहेको शिक्षा तालिम केन्द्र यस प्रदेशमा शिक्षकका लागि तालिम सञ्चालनको जिम्मेवारीसहित प्रदेश सामाजिक विकास मन्त्रालय मातहत राखिएको छ । यस केन्द्रले हाल साविकका पाटन महेन्द्रनगर र धनगढीमा रहेका तालिम केन्द्रहरूको भवन लगायतका सँरचनाको रेखदेख एवम् ती केन्द्रहरूमा केही तालिमका कार्यक्रमहरूसमेत सञ्चालन गरिरहेको छ ।

विद्यार्थीको सिकाइ वा शैक्षिक उपलब्धिमा प्रभावपार्ने तत्वहरूमध्ये शिक्षक एक महत्वपूर्ण तत्व हो । भनिन्छ, यदि विद्यार्थीले सिकेन भने शिक्षकले पढाएन । शिक्षकको शिक्षण प्रभावकारिता अर्थात् कार्यसम्पादनको स्तर अन्य पक्षहरूका अतिरिक्त उसको शैक्षिक योग्यता, लिएको तालिम, शिक्षण पेसाप्रतिको अभिवृत्ति आदिमा निर्भर हुन्छ (माथेमा र बिष्ट, सन् २००५, पृ. २५) ।शैक्षिक

उपलब्धि भन्नाले शिक्षण सिकाइ क्रियाकलाप पश्चात् प्राप्त हुने अनुभवहरूको गुणात्मक र परिमाणात्मक प्राप्ताङ्कहरूको योग हो । यसलाई शिक्षण सिकाइको प्रभावको रूपमासमेत हेर्न सकिन्छ । शैक्षिक उपलब्धिलाई विभिन्न आन्तरिक तत्वहरू जस्तैः उत्प्रेरणा, परिपक्वता, मानसिक प्रक्रिया, विद्यार्थीको क्षमता, उमेर, लिङ्ग आदि र बाह्य तत्वहरू जस्तैः शिक्षक, शैक्षिक सामग्री, प्रयोगशाला, शिक्षण विधि, शैक्षिक व्यवस्थापन, साथी समूह, जाति, परिवारको आकार, अध्ययन समय, आयस्तर आदिलेसमेत प्रभाव पार्दछन् (खनाल र मुडभरी, २०६२) ।

हाल नेपालका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तहगत न्यूनतम शैक्षिक योग्यताका अतिरिक्त दुई किसिमले तालिम प्राप्त मानिएको छ । पहिलोमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरूबाट दस महिने सेवाकालीन प्रमाणीकरण तालिम लिएका र दोस्रोमा कक्षा ११ र १२ को शिक्षा शास्त्रका विषयहरू पढेको; उच्च माध्यमिक शिक्षा परिषद् वा विश्वविद्यालयहरूबाट शिक्षाशास्त्र विषयहरूमा शैक्षिक योग्यता हासिल गरेका, जस्तै आई.एड., बी.एड. उत्तीर्ण गरेका । यसरी नेपाल सरकारले शिक्षण पेसामा दस महिने प्रमाणीकरण तालिम र शिक्षाशास्त्र विषयमा लिएको शैक्षिक योग्यतालाई बराबरको मान्यता दिएको छ । तर लोक सेवा आयोगले लिने प्रतिस्पर्धात्मक परीक्षाहरूमा आई.एड., बी.एड. उत्तीर्ण गरेकाहरूले आवेदन दिन पाउने प्राविधिक पदहरूमा दस महिने सेवाकालीन शिक्षक तालिमप्राप्त व्यक्तिहरूले आवेदन दिन र प्रतिस्पर्धा गर्न पाउदैनन् । यसैगरी विश्वविद्यालयहरूले पनि तालिमलाई शिक्षक शिक्षा सरहको मान्यता दिएका छैनन् । शिक्षाशास्त्र बाहेकका विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण र दस महिने तालिमप्राप्त शिक्षकले एम.एड.मा भर्ना हुनुपूर्व बी.एड. गर्नु अनिवार्य गरिएको छ ।

शिक्षक तालिमको आवश्यकता, सञ्चालन प्रक्रिया र यसको प्रभावकारिताका बारेमा विभिन्न साहित्यहरूमा धेरै किसिमका उदाहरण र प्रसङ्गहरू उल्लेख गरिएको पाइन्छ । सेवाकालीन, पूर्वसेवाकालीन, पुर्नताजगी, शिक्षकको पेसागत विकास आदि तालिमसँग सम्बन्धित विषयवस्तुहरू र घटनाहरूलाई समय–समयमा रेडियो, टीभी, पत्रपत्रिका, जर्नलहरू, मुखपत्रहरू आदि विभिन्न समाचार माध्यमहरूले पनि सार्वजनिक गरिरहेका हुन्छन् । त्यसैगरी विभिन्न बैठक, गोष्ठी, कार्यशाला आदिमा पनि शिक्षकको पेसागत विकास र तालिम कार्यक्रमसम्बन्धमा त्यसको औचित्य, सञ्चालन प्रक्रिया, व्यवस्थापन, प्रगति र प्रभावकारिताका विषयवस्तुहरू पनि सार्वजनिक भएका छन् ।

**२. समस्या र चुनौतिहरुः**

बान्नीगढी जयगढ गाउँपालिकामा शिक्षक शिक्षा,जनशक्ति विकास तथा व्यवस्थापनमा निम्नानुसारका समस्या तथा चुनौतिहरु विद्यमान रहेका छन ।

२.१ विद्यालयमा कार्यरत शिक्षकहरु विभिन्न प्रकारका हुनु तर अपेक्षा एउटै हुनु ।

२.२ सामुदायिक विद्यालयमा तहगत तथा बिषयगत शिक्षकहरु व्यवस्थापन गर्न नसक्नु ।

२.३ माग तथा आवश्यकता बमोजिम बिशेष शिक्षाका लागि शिक्षकको व्यवस्था र पेशागत विकासका कार्यक्रम संचालन गर्न नसकिनु ।

२.४ शिक्षक तालिमको कक्षा कोठामा प्रयोग नहुनु ।

२.५ शिक्षा क्षेत्रका कर्मचारीहरुमा प्रशासनिक अनुभव, पेशागत दक्षता तथा अनुगमन सुपरिवेक्षणको अनुभव नहुनु ।

२.६ शिक्षक शिक्षा र तालिमको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयको भौतिक तथा आर्थिक अवस्था र प्रयोगशालाको अभाव हुनु ।

**३. अवसरः**

नेपालको बदलिदो राजनैतिक प्रशासनिक र शासकीय प्रणाली एवम् अन्र्तराष्ट्रिय प्रतिवद्वताका आधारमा बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षक शिक्षा र जनशक्ति विकासका लागि निम्नानुसार अवसरहरु रहेका छन ।

३.१ नेपालको संविधानले शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ ।

३.२ नेपाल सरकारले शिक्षकहरुको पेशागत दक्षता विकास र तालिम सम्बन्धी विभिन्न योजना तथा कार्यक्रम तयार गरिरहेको छ ।

३.३ शिक्षकको पेशागत बिकास लागि संघ, प्रदेश, स्थानीय तह र विभिन्न राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघ संस्थासँग सहकार्य गर्ने अवसर प्रदान गरेको छ ।

३.४ शिक्षण पेशामा प्रबेश गर्न अध्यापन अनुमति पत्र अनिवार्य गरेकोले शिक्षण पेशामा आउन शिक्षक सेवा आयोगले प्रतिष्पर्धात्मक परिक्षा मार्फत शिक्षणका लागि आधाभूत सिप र दक्षता शिक्षकमा विद्यमान रहेको छ ।

३.५ अपुग भयपनि शिक्षक दरबन्दी तथा विद्यालय कर्मचारीको पद सृजना संघिय सरकारले गरेको छ ।

३.६ खुला तथा दुर शिक्षा विधि एवम् अनलाइनबाट स्वाध्ययन तथा तालिम सञ्चालन र पेशागत विकासका अवसर विद्यमान रहेका छन ।

**४. सोचः**

गाउँपालिकाको शिक्षा क्षेत्र र शिक्षण पेशामा परिवर्तनशिल एवम् कर्यब्यनिष्ठ शिक्षक कर्मचारी कार्यरत ।

**५ लक्ष्यः**

शिक्षक शिक्षा र तालिम मार्फत शिक्षण पेशामा परिवर्तनशिल एवम् कर्तब्यनिष्ठ जनशक्ति विकास गर्दै शिक्षण पेशालाई आर्कषित र सम्मानित पेशाका रुपमा स्थापित गर्ने ।

**६. उद्देश्यः**

६.१ गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्न कार्यरत तथा नवप्रवेशी शिक्षक कर्मचारीको विषयगत एवम् पेशागत क्षमता विकास गर्ने ।

६.२ विद्यमान शिक्षा नीति,योजना तथा कार्यक्रमहरुलाई समय सुहाउँदो एवम् कार्यान्वयन योग्य एवम् प्रभावकारी बनाउने ।

६.३ गाउँपालिकाको सेवा क्षेत्र भित्र सञ्चालित शैक्षिक संस्थामा आवश्यक पर्ने न्यूनतम दरबन्दी सृजना गर्ने ।

६.४ शिक्षण पेशामा क्षमतावान जनशक्तिलाई आर्कषित गर्न शिक्षक छनौट र पदस्थापनाको योजना बनाई लागु गर्ने ।

**७. रणनीतिः**

७.१ शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्थापन गर्ने ।

७.२ विविधता व्यवस्थापनका लागि शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम संचालन गर्ने ।

७.३ प्रदेश तथा संघिय सरकारको साझेदारीमा शीक्षकहरुको पेशागत विकास तालिम संचालन गर्ने ।

७.४ शिक्षक शिक्षा र तालिमको कक्षा कोठामा प्रभावकारी कार्यान्वयनका लागि विलालयको भौतिक व्यवस्थापनका लागि प्रदेश र संघिय सरकारसँग समन्वय गर्ने ।

७.५ विधार्थी संख्या र विषयगत आधारमा न्यूनतम शिक्षक दरबन्दी सृजना गर्ने ।

**८ कार्यनीतिः**

८.१ शिक्षक र प्रशिक्षकका लागि दुर ताथ खुला शिक्षा र वैकल्पिक सिकाइका लागि तालिम संचालन गरिने छ ।

८.२ विद्यालयका शिक्षक र विधार्थीको शैक्षिक  आवश्यकता पहिचान गरि तालिम लगायतका कार्यक्रम संचालन गरिने छ ।

८.३ शिक्षक तालिममा सुचना प्रविधिको प्रयोग ,कार्यमुलक अनुसन्धान परियोजना कार्य र अवस्था अध्ययन जस्ता विषयबस्तु समाबेश गरी कक्षाकोठामा प्रयोग गर्न लगाउनेछ ।

८.४ स्थानिय तहका शिक्षकका लागि आवश्यकतामा आधारित तालिम संचालन गरिने छ ।

८.५ विद्यालयको श्रोतःमा नियुक्त शिक्षकहरुको पेशागत विकास तालिम संचालन गरिनेछ । शिक्षक सेवामा प्रवेश गर्न इच्छुक पढाइमा कार्यरत शिक्षकको क्षमता विकासका लागि अनुसन्धानमूलक कार्यमा सहजीकरण गरिने छ ।

८.६ शिक्षक शिक्षा र तालिमको प्रभावकारीता र कक्षा कोठामा स्थानान्तरणको सम्बन्धमा अध्ययन अनुसन्धान गरिने छ ।

८.७ विद्यालयमा कार्यरत शिक्षकको क्षमता विकासका लागि अनुसन्धानमुलक कार्यमा सहजीकरण गरिने छ ।

८.८ शिक्षक शिक्षा र तालिमको प्रभावकारिता र कक्षा कोठामा स्थानान्तरणको सम्बन्धमा अध्ययन अनुसन्धान गरिने छ ।

८.९ अनुसन्धान र मागका आधारमा शिक्षक शिक्षा र तालिमको प्रभावकारी स्थानान्तरणको लागि शिक्षण संस्थाको भौतिक व्यवस्थापनमा सुधार गरिने छ ।

गाउँपालिकाको सेवा क्षेत्र भित्रका बालबिकास केन्द्र र विद्यालयहरुमा आवश्यक न्यूनतम दरबन्दी सृजना गरिने छ ।

**९. अपेक्षित उपलब्धीः**

यस योजनाको अन्त्य सम्म सबै कार्यरत शिक्षकहरुले पेशागत विकास तालिम,पुर्नताजगी तालिम लिएका हुनेछन । विद्यालय डाउन साइज र समायोजन गरि विद्यालयमा आवश्यक न्यूनतम बिषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुनेछ । शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा प्रभावकारी कार्यान्वयन भई सिकाइ उपलब्धीमा वृद्धी भएको हुनेछ । शिक्षण पेशा एक आर्कषक र मर्यादित पेशाका रुपमा स्थापित भएको हुनेछ ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | सबै स्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने | संख्या | ✓ | ✓ | ✓ | | | | स्थानीय तह, बिद्यालय |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |
| ३ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षहकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, बिद्यालय |
| ५ | नियमित शिक्षण सिकाई सुनिश्चित गर्न मापदण्ड तयारी गर्ने | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, बिद्यालय |
| ६ | कमजोर विद्यार्थीका लागि बिशेष सहयोगी कक्षा गर्ने र उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |
| ७ | स्थानीय तहमा दरबन्दि मिलान गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ८ | विद्यालय लेखा तथा जिन्सि व्यवस्थापन तालिम | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ९ | शैक्षिक नेतृत्व विकास तालिम | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षक तथा कर्मचारी दरबन्दी सृजना गर्न विज्ञ समुह गठन कार्क्रम | संख्या | ✓ | | | | | | |
| ११ | सरुवा बढुवालाई पुर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कानुनी व्यवस्था गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| १२ | शिक्षक बन्नका लागि हालको न्यूनतम् शैक्षिक योग्यतामा वृद्धि गर्ने गरी कानुनी व्यवस्था गर्ने । (प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण भएको सुनिश्चित गर्ने ।) | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| १३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| १४ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| १५ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |

**शिक्षक व्यवस्थापन र विकास लागि आवश्यक बजेटः**

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गै.स स | जनसहगीता |
| १. | सबै स्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने | | | | | | | | | | | |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | | | | | | | | | | | |
| ३ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षहकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने | | | | | | | | | | | |
| ४ | नियमित शिक्षण सिकाई सुनिश्चित गर्न मापदण्ड तयारी गर्ने | | | | | | | | | | | |
| ५ | कमजोर विद्यार्थीका लागि बिशेष सहयोगी कक्षा गर्ने र उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय तहमा दरबन्दि मिलान गर्ने | | | | | | | | | | | |
| | सबै स्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | |

## ३.७ शैक्षिक व्यवस्थापन सबलीकरण (सामुदायिक विद्‌यालय सबलीकरणसमेत)

### १. संस्थागत क्षमता विकास

नेपाल सरकाले नेपालको संविधान २०७२ को धारा ३१ ले प्रत्याभूत गरेको व्यवस्था र संविधानको अनुसूची ५ ६ ७ ८ ९ मा भएको शिक्षा सम्वन्धी व्यवस्थालाइ कार्यान्वयन गर्न संघीय प्रादेशिक र स्थानीय तहमा शैक्षिक प्रणालीको नीतिगत प्रक्रियागत संस्थागत संरचना र जनशक्तिको समेत प्रवन्ध गरेको छ । संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय; स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले संविधान, ऐन, कानुन बमोजिम शैक्षिक प्रणाली संचालनमा छ । यो शैक्षिक संगठन कुशल व्यवस्थापन, समावेशीता, भौतिक संरचना, शैक्षणिक क्रियाकलापहरु तथा मानवश्रोतः व्यवस्थापनमा क्षमतावान एवम् आत्मनिर्भर भएर चल्न सक्ने वनाउनु आजको आवश्यकता हो ।

समग्र शैक्षिक प्रणालीको दक्षता र प्रभावकारीता अभिवृद्‌धिका लागि स्थापित मन्त्रालय निर्देशनालय तालिम केन्द्रहरु सामाजिक विकास कार्यालयहरुको जुनसुकै परिस्थितिमा पनि उपलव्ध साधन श्रोतःको अधिकतम उपयोग गर्ने क्षमता दक्षता कार्यकुशलता लेखाजोखा गरि परिवर्तित सन्दर्भमा पनि शैक्षणिक प्रक्रियालाइ निरन्तरता दिने गरि नीतिगत, कानुनी, संस्थागत संयन्त्रको विकास गरिएका छन ।

शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु अभिभावक लगायत जनशक्तिको क्षमता विकासका लागि शिक्षा तथा मानव श्रोतः विकास केन्द्र प्रदेश सरकार अन्तर्गत शिक्षा विकास निर्देशनालय, शैक्षिक तालिम केन्द्र, स्थानीय तहहरुमा शिक्षा युवा तथा खेलकुद शाखा रहेका छन् । खास गरि शैक्षिक तालिम केन्द्रले स्थानीय तहको शिक्षामा कार्यरत जनशक्ति र शिक्षकहरुको क्षमता विकासका कामहरु सञ्चालन गरिरहेको छ । स्थानीय तहवाट संविधानको अनुसूची ८ बमोजिमका शिक्षाका कार्यहरु शिक्षा, युवा तथा खेलकूद शाखाबाट संचालन हुदै आइरहेकोछ ।

### २. प्रमुख समस्या र चुनौतीः

संविधानमा शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा उल्लेख भएकाले सो सम्वन्धी संघीय शिक्षा ऐन र उच्च शिक्षा ऐन जारी नहुदा प्रदेश र स्थानीय तहहरुले शिक्षा सम्वन्धी कानुन मापदण्ड वनाउन कठिनाइ भएको जनशक्तिको अभाव काममा दोहोरोपन ल्याउने गरि संघ प्रदेशवाट जिल्ला कार्यालयहरु स्थापना हुनु संस्थागत विद्‌यालयको नियमन संयन्त्रको विकास नहुनु शैक्षिक जनशक्ति विकास र शिक्षक तालिम नीतिको तर्जुमा र कार्यान्वयन नहुनु स्थानीय तहमा सबै प्रकारको सेवा उपलब्ध गराउन एकीकृत जनशक्ति व्यवस्थापनको ढाँचा तयार नहुनु कर्मचारीको स्वाभिमानमा चोट लाग्ने गरी खटन पटन गरि कनिष्ठको मातहतमा जेष्ठ कर्मचारी रहनु पर्ने अवस्था सिर्जना भई वृति विकासमा गम्भिर असर परेकोले कर्मचारीको मनोवल कमजोर भइ स्थानीय तहको सेवा सञ्चालन प्रक्रिया प्रभावकारी हुन नसकेको ।केन्द्रिकृत शासन व्यवस्थाका

विद्यालय शिक्षक र शिक्षा क्षेत्रका कर्मचारीहरु संघीयताको मर्म अनुसार रुपान्तरण नहुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

संघीयताको मर्म अनुरुप शिक्षा क्षेत्रको पनि संरचनात्मक व्यवस्था परिवर्तन भए पनि राजनैतिक नेतृत्व र जनशक्तिको केन्दिकृत मानसिकता कायमै हुनु, लगानी अनुसारको प्रतिफल हासिल नहुनु, एउटै प्रकृतिको कार्य गर्न ३ वटै सरकारका अलग अलग संस्थागत संरचना कायम हुनु, प्रविधिमैत्रि भौतिक संरचना निर्माण गर्नु, आवश्यतामा आधारित क्षमता विकास तालिम र सिकेका सीप कार्यक्षेत्रमा प्रयोग गरि नतिजासंग जोड्नु, तिनै तहका सरकार बीच समन्वय, बढ्दो जनआकांक्षा सम्बोधन गर्न साधन श्रोतःको कमि हुनु, शैक्षिक व्यवस्थापन सुचना प्रणालीलाइ सुदृढ प्रभावकारी र कार्यमुलक बनाउनु, सुशासन र उत्तरदायित्व कायम गर्नु प्रमुख चुनैति रहेका छन् ।

**३. अवसरहरुः**

तीन तहबीच सहशासन र स्वशासनको अबधारणा संविधनतः व्यवस्था भएकाले जहाँ सहशासन हुन्छ त्यहाँ शासन गने सरकारहरुकाबीच समन्वय, सहकार्य र सह अहअस्तित्व आबश्यक हुने हुदा संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भइ कानुनी र संरचनागत प्रणालीगत व्यवस्था गरिएको, तिनै तहले कार्यकारिणी, विधायन र न्यायिक कार्य गर्ने व्यवस्था अनुरुप स्थानीय तह र प्रदेश सरकाले शिक्षा संघीय सरकारको शैक्षिक नीति नियम मापदण्डसंग नवाझिने गरी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने व्यवस्था हुनु, प्रदेशमा समाजिक विकास मन्त्रालय र अन्तर्गत शिक्षा विकास निर्देशनालय शैक्षिक तालिम केन्द्र (३ वटा उप केन्द्र बैतडी कञ्चनपुर र कैलाली), ९ वटै जिल्लामा सामाजिक विकास कार्यालयहरु स्थापना र ८८ वटै स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा मार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्वन्धी कार्यको योजनावद्ध सुरुवात हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

**४. सोचः**

सुदृढ सक्षम प्रभावकारी उपलव्धी मुलक स्थानीय शैक्षिक प्रणालीको विकास।

**५. लक्ष्यः**

संघीयतामा आधारित शैक्षिक प्रणाली अनुसार सुदृढ सवल दिगो प्रविधिमैत्री संरचना र सक्षम दक्ष जनशक्ति विकास गर्ने।

**६. उद्देश्यः**

६.१ संविधान र संघीय नीति तथा कानुन अनुसार स्थानीय शिक्षाका अधिकार र जिम्मेवारीहरुको योजनावद्ध एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने संस्थागत संरचनाको विकास र निर्माण गर्नु।

६.२ विद्यालय शिक्षालाइ गुणस्तरिय व्यावहारीक प्रविधिमैत्री वनाउन तत्पर जनशक्तिको विकास र परिचालन गर्नु ।

६.३ शिक्षा क्षेत्रको समग्र संरचना र जनशक्तिको व्यवस्थापनको सन्तुलन मिलाइ उचित किसिमले क्षमता विकास र सोको निरन्तरताका लागि चुस्त छरितो संयन्त्रको विकास गर्नु ।

**७. रणनीति र कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. आवश्यक नीति, नियम तथा कानून निर्माण | • नेपालको संविधान, १५ औं पञ्चबर्षिय योजना, शिक्षा नीति २०७६, स्थानीय शासन संचलान ऐन लगायत अन्य राष्ट्रिय ऐन, कानून तथा नीतिहरुसंग नबाझिने गरि स्थानीय तहका लागि आवश्यक पर्ने नीति, नियम, कानूनहरुको निर्माण गरी कार्यान्वयनको लागि सहजीकरण र जिम्मेवारी लिनसक्ने गरि क्षमता विकास समेत गर्ने वातावरण तयार गर्ने । यसरी कानूनहरुको निर्माण गर्दा दीगो विकासका लक्ष्यले राखेका लक्ष्यहरुलाई पनि ध्यान राखेर गर्ने ।<br>• नीति, नियम तथा कानून निर्माण कार्यहरु गर्दा विकास साझेदार, नागरिक समाज, राजनितिज्ञ, स्थानीय समुदाय एवम् अन्यसरोकारवालाहरुको सहभागिता सुनिश्चित गराउने तथा उनीहरुको विचार र सुझावलाई समेत मनन गर्ने । |
| २. शैक्षिक जनशक्ति व्यवस्थापन | • शिक्षा क्षेत्रको जनशक्ति व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई गुनासोमुक्त बनाउनका लागि शिक्षक तथा शिक्षा कर्मचारीको क्षमता विकास, सरुवा, पदोन्नति जस्ता कुरालाई तथ्यांकमा आधारित बनाईनेछ । यसका लागि सम्पूर्ण आवश्यक विवरण आवधिक रुपमा अद्यावधिक गर्ने कार्यलाई तिब्रता दिइनेछ ।<br>• शिक्षक तथा कर्मचारी दरवन्दी मिलान गरी जनशक्ति अभावलाई सम्बोधन गरिनेछ ।<br>• इन्टरनेट जडान, इ पुस्तकालय,अनलाइन मोडुल तथा... अन्तरक्रियात्मक सिकाइ सामाग्रि सहित (अंग्रजी गणित विज्ञान शिक्षण सिकाइका लागि) शैक्षिक संस्थालाइ ।TC प्याकेजले सुसज्जित गराइनेछ। |
| ३. शैक्षिक तथ्याक व्यवस्थापन | • शिक्षा क्षेत्रको तथ्यांक व्यवस्थापन प्रणालीलाई सुदृढ र विश्वसनीय बनाउन संलग्न कर्मचारीको क्षमता |

| | |
|---|---|
| | अभिवृढी गरी IEMIS प्रणालीको सूचना तथा तथ्यांकलाई शैक्षिक क्षेत्रको योजना निर्माण, अनुगमन तथा पृष्ठपोषण कार्यका लागि सदुपयोग गर्ने गरि व्यवस्थापन गरिनेछ ।<br>• शैक्षिक तथ्यांक व्यवस्थापनका लागि स्थानीयस्तरमा दक्ष जनशक्तिको एक रोष्टर तयार गरि आवश्यकता अनुसार विद्यालयलाई प्राविधिक सहयोग उपलब्ध गराईनेछ । विशिष्ट प्राविधिक सहयोगका लागि प्रदेश तथा संघीय निकायसंग सहयोगका लागि समन्वय गरिनेछ । |
| ४. पाठ्यक्रम तथा सो सम्बन्धी श्रोतः सामग्री विकास | • स्थानीय तह सुहाउँदो स्थानीय पाठ्यक्रम विकासका लागि तत् सम्वन्धी विज्ञहरुको आवश्यक सरसल्लाह र सुझाव लिइ संस्थागत संयन्त्रको विकास गरिनेछ ।<br>• स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि सम्बन्धित शिक्षकहरुको क्षमता विकास गरि श्रोतः सामग्री तयार गर्ने । |
| ५. तीनैका सरकार र तीनका इकाईहरुसंग सहकार्य, समन्व्य र सह अस्तित्वको सम्वन्धलाई संस्थागत र सुदृढ गर्ने | • नेपालको संविधान तथा स्थानीय शासन सांचलन ऐनको मर्म अनुसार तीनवटै तहलाई प्रदान गरिएका विशिष्टिकृत तथा साझा अधिकारहरुको कार्यान्वयनका लागि प्रदेश तथा जिल्ला तहमा अवस्थित त्यस्ता निकायहरु र संघीय निकायहरुबीच आवश्यक समन्वय गर्ने संयन्त्रको विकास गरि भुमिका प्रभावकारी वनाउने।<br>• प्राविधिक सर सल्लाह तथा नीतिगत सहयोगका लागि सहकार्यको पद्धतिको विकास गर्ने । |
| ६. शैक्षिक जनशक्ति विकास तथा परिचालन | • परिवर्तित सन्दर्भ र शैक्षिक सवालहरु त्था नविनतम शैक्षणिक गतिविधि निर्वाध रुपमा संचालन गर्नका लागि उपलब्ध शैक्षिक जनशक्तिको क्षमता विकास तथा परिचालनका लागि कार्ययोजना निर्माण गरिनेछ ।<br>• स्थानीय तहबाट विद्यालयसम्म विषयगत प्राविधिक सहयोग एवं सहजीकरणको प्रणाली विकास गरि |

| | |
|---|---|
| | यथोचित रुपमा सहयोग तथा परिचालन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।<br>• विद्‌यालयस्तरमा संचालन हुने शैक्षणिक गतिविधिको अनुगमन तथा सुपरिवेक्षणका लागि प्रदेश तथा संघीय तहबीच सहकार्य र समन्वयलाई सुदृढ र सुनिश्चित गरिनेछ ।<br>• हालको कर्मचारी नियुक्ति प्रणालीलाई कर्मचारीको तालिम र निजको कामसँग आवद्ध गरी सुधार गर्ने कार्य विष्लेषण गरि पुनः कार्यविवरण तयार गरि सोहि बमोजिम जनशक्ति व्यवस्थापन गरिनेछ । |
| ७. शिक्षा क्षेत्रमा अध्ययन अनुसन्धानको विकास गर्ने । शैक्षिक सुपरीवेक्षण र निरीक्षण प्रणालीलाइ संस्थागत गर्ने | • शिक्षा क्षेत्रलाई प्रत्यक्ष वा परोक्ष रुपमा असर र प्रभाव पार्ने समसामयिक विषय तथा मुद्दाहरुमा अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गर्ने परिपाटीको विकास गरि तथ्यांक तथा प्रमाणका आधारमा योजना निर्माण गर्ने परिपाटीको विकास गरिनेछ ।<br>• अध्ययन तथा अनुसन्धानबाट प्राप्त खोजहरुलाई शैक्षिक क्षेत्रको सुधारको लागि प्रयोग गर्नसक्ने गरी शिक्षक तथा शिक्षा क्षेत्रका कर्मचारीहरुको क्षमता विकासका लागि कार्ययोजना बनाई लागु गरिनेछ ।<br>• स्थानीय स्तरमा अवकासप्राप्त शिक्षक तथा शिक्षा प्रशासनका व्यक्तिहरुको क्लस्टर निर्माण गरि शिक्षकको माग अनुसार विद्‌यालयमा आधारित सुपरिवेक्षण<br>गरिने । |
| ८. विद्‌यालय व्यस्थापन समिति तथा शिक्षक अभिभावक संघ लगायत सबै शैक्षिक संस्थाहरुको व्यवस्थापकिय सक्षमता सुदृढीकरण गर्ने | • स्थानीय तहको लागत साझेदारीमा क्षमता विकासका लागि विस्तृत प्रस्तावमाग गरि विद्‌यालय व्यस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता सुदृढीकरण एवं शशक्तिकरण गर्ने । |
| ९. विद्‌यालय गाभ्ने तथा एकीकरण कार्यको | • स्थानीय तहमा विगतमा वितरित विभिन्न तहका विद्‌यालयहरुलाई वर्तमानको विद्‌यार्थी संख्या तथा |

| | |
|---|---|
| वैज्ञानिकिकरण तथा अवलम्बन | दुरीको आधारमा आवश्यकता अनुरुप गाभ्ने तथा एकीकरणको थालनी गर्न लागत साझेदारीका आधारमा अनुदान दिने कार्यको सुवात गरिनेछ ।<br>• संघीय सरकारको नीति मापदण्डका आधारमा विद्यालय एकीकरण वा मर्ज गर्दा स्थानीय तहलाइ शिक्षक तथा कर्मचारी दरवन्दी मिलान र पुनर्वितरणको कार्यमा सहजिकरण समन्वय गरिनेछ । स्थानीय स्वयम् सेवक शिक्षकहरु खटाउदा यस्ता विद्यालयहरुलाइ प्रथमिकता दिइनेछ । |
| १०. विकास साझेदार तथा नागरिक समाजसंगको सम्वन्ध विस्तार तथा सहकार्य | • शिक्षाक्षेत्रका क्रियाकलापहरुलाई नतिजामुखी बनाई विद्यमान समस्या तथा सवालहरुलाई सम्बोधन गर्नको लागि स्थानीय तहमा कार्यरत विकास साझेदार तथा नागरिक समाजसंग कार्यगत सम्बन्ध विस्तार गरिनेछ ।<br>• कार्यक्रममा देखिने दोहोरोपना तथा श्रोतःको दुरुपयोगलाई निरुत्साहित गर्नका लागि सबै सरोकारवालासंग छलफल तथा अन्तरक्रिया गरि कार्यक्रम कार्यान्वयनको उचित कार्ययोजना बनाई लागु गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।<br>• विकास साझेदार तथा नागरिक समाजसंग आर्थिक सहकार्य मात्र नभई प्राविधिक सहकार्यका निम्ति पनि त्यस्था संस्थाहरुको सबलता र सक्षमताको नक्शांकन गरि सहकार्यगर्ने वातावरण सिर्जना गरि सोही अनुरुप लागु गरिनेछ । |
| ११. विपत व्यवस्थापन तथा प्रतिकार्य | • विभिन्न खालका विपदबाट शिक्षा क्षेत्रमा हुने क्षति न्यूनिकरणका लागि सम्बन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सोही अनुरुप प्रतिकार्य गर्न सक्ने क्षमता विस्तारका लागि उचित संयन्त्र विकास गरि कार्यान्वयनमा ल्याइनेछ ।<br>• शिक्षण संस्थाहरुमा न्युनतम सुरक्षित सिकाइ वातावरण भए नभएको परिक्षण गर्ने सूचकहरु विकास गरि परिक्षण गरिनेछ । |

| | |
|---|---|
| | • शिक्षा क्लष्टर लाई वडा तथा विद्यालय स्तरमा सक्रिय र सुचारु गरिनेछ ।<br>• शिक्षा क्षेत्रको आपतकालिन योजनालाई अद्यावधिक तथा चुस्त दुरुस्त राख्न स्थानीय जनप्रतिनिधिहरुलाई सक्षम गराउन उचित समन्वय र सहकार्य गरिनेछ । |

**८. अपेक्षित उपलब्धी**

सरकारहरु बीच सहकार्य, समन्वय तथा सहअस्तित्वको भावनालाई सम्मान गर्दै आ आफ्नो जिम्मेवारीबोध भई सोही अनुरुप कार्य सम्पादन तथा कार्यान्वयन भएको हुनेछ । तीनवटै तहमा समन्वय र सहकार्य वृद्धि गर्ने र त्यसै अनुरुप एक अर्कोलाई समयमै सहि सूचना संवाह तथा प्रेषण गर्ने सयन्त्र सुदृढ भई संचालन भएको हुनेछ । शिक्षामा आम नागरिक तथा समुदायको अवनत्व विकास भई शैक्षिक गुणस्तरमा सहयोग प्राप्त भएको हुनेछ साथै शिक्षा क्षेत्रमा पारदर्शिता तथा अनुशासन अनि नतिजामुखी योजना निर्माण तथा कार्यान्वयन पद्धतिको विकास भएको हुनेछ । शिक्षक तथा शिक्षा कर्मचारीहरुको क्षमता विकासलाई प्रभावकारी बनाई त्यसलाई आफनो कार्यक्षेत्रमा लागु भएको सुनिश्चित गर्ने उचित परिपाटीको विकास भएको हुनेछ । विभिन्न विपदका कारण शिक्षा क्षेत्रमा हुने क्षति न्युनिकरण गर्न शिक्षा क्षेत्र सक्षम भएको हुनेछ र विपद प्रतिकार्यका लागि सक्षम र सबल भै कार्य गरेको हुनेछ ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | आवश्यक कानुन निर्माण गर्ने | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, बिद्यालय |
| २ | प्रतिबेदन र तथ्याङक प्रणलीमा सुधार तथा सुदृढ | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |
| ५ | स्थानीम तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा संचालन | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |
| ६ | विद्यालय स्वास्थ्य तथा पोषण, सरफाई तथा विपद तथा महामरी सम्बन्धि संयन्त्र विभिन्न तह तथा विद्यालयमा स्थापना गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |

## ३.८ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा अनौपचारिक शिक्षा, दुर शिक्षा र खुला सिकाई

### १. पृष्ठभूमिः

शिक्षालाई आधारभूत मौलिक अधिकार मानिएको वर्तमान अवस्थामा विद्‌यालयको औपचारिक शिक्षाबाट वञ्चित नागरिक तथा विद्‌यालय शिक्षालाई बिचैमा छाडेका बालबालिका तथा किशोरकिशोरीहरुलाई अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर बनाउनु आजको आवश्यकता र राज्यको दायित्व हो । वि.सं २०६८ मा नेपालको साक्षरता ६५.९ प्रतिशत हुँदा बान्नीगढी जयगढ गाउँपालिकाको (हालको संरचना अनुसार समेटिएका साविकका गा.वि.स.हरुको संयुक्त रुपमा जोडदा) साक्षरता ६१.३९ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ४९.३५ प्रतिशत रहेको पाइन्छ । यसमा पनि ग्रामिण साक्षरताको अवस्था सुधारको लागि भरपर्दो विकल्प अनौचारिक तथा खुला शिक्षा हुन सक्छ ।

सिकाई जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । मानिसले औपचारिक अनौपचारिक अन्य अतिरिक्त तरिकाबाट ज्ञान, सीप तथा अनुभव प्राप्त गर्छ । निश्चित उमेर, समय र स्थानबाट दिइने शिक्षाबाट वन्चित सबै नागरिकलाई उपयुक्त हुने गरि अनौपचारिक माध्यमबाट शिक्षा प्रदान गरि समुन्नत सभ्य, शिष्ट र सुखि समाज निर्माण राज्यको अभिभारा हो । वि.स.२०१३ साल देखि योजनाबद्‌ध रुपमा अनौपचारिक शिक्षा आरम्भ भएको हो । हाल नेपाल सरकारले प्रौढ शिक्षा, साक्षरता शिक्षा, साक्षरता अभियान लगायतका कार्यक्रम संचालन गरी हाल सम्म ५३ जिल्लाहरुलाई साक्षरता घोषणा भई सकेको छ । बान्नीगढी जयगढ सरकारले वि.स. २०७६ मा पालिकालाई साक्षर घोषणा गरिसकेको छ ।

### २. प्रमुख समस्या र चुनौतीः

नेपालजस्तो विकासोन्मुख देशमा सबैलाई पूर्ण साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पुर्ण साक्षर पालिका निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई कार्यमूलक बनाउनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौति रहेका छन् ।

अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी, सहभागीहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता, श्रोतः परिचालनमा कमी जस्ता कुरा पनि समस्याका रुपमा रहेका छन् । पालिका स्तरमा अनौपचारिक शिक्षा, दुर शिक्षा र खुला सिकाईको अवसर कमि हुनुले विद्‌यालय बाहिर रहेका बालबालिका, प्रौढ महिला र प्रौढ पुरुषलाई निरन्तर सिकाई अवसर पुर्याउन

सकिएको छैन । अपाङ्ग, दृष्टिविहीन, अटिजम, बौद्विक सुस्तपन आदिलाई अनौपचारिक, दुर र खुला शिक्षामा समाबेश गर्न नसक्नु ।

**३. अवसरहरुः**

नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्घता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्घ नेपाल सुखी नेपाली बनाउने सरकारको बाचा, साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

**४. सोचः**

पूर्ण साक्षरता बान्नीगढीको आवश्यकता ।

**५. लक्ष्यः**

अनौपचारिक दुर र खुला शिक्षालाई साक्षरता मूल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर बान्नीगढी जयगढ गाउँपालिकाको निर्माण गर्नु ।

**६. उद्देश्यः**

६.१ औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका अर्धसाक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु,

६.२ अनौपचारिक, दुर र खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री वितरण तथा अनुगमन निरिक्षण र कार्यान्वयन प्रक्रियालाई पालिका र वडा सरकार बिचको साझेदारी र समन्वयमा संचालन गर्ने ।

६.३ अनौपचारिक, दुर, खुला र वैकल्पिक शिक्षाका माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आय आर्जनका पेशा व्यवसायसँग आवद्ध गरी जीवन पर्यन्त सिकाइ सुनिश्चित गर्ने ।

६.४ अनौपचारिक,दुर र खुला शिक्षा कार्यक्रमलाई सफल बनाउन विद्यालय,वडा सरकार,पालिका सरकार र अन्य गैर सरकारी संघ संस्था, सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै आगामी १० बर्ष भित्र बान्नीगढी जयगढ गाउँपालिकालाई शिक्षित पालिका बनाउने ।

६.५ पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सूचना केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु,

६.६ पालिकास्तरका युवा सूचना केन्द्र, युवा क्लव तथा विद्यालयहरुलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गर्नु,

## ७. रणनीति तथा कार्यनीतिः

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| १. विभिन्न उमेर समूहका बालबालिका, किशोरकिशोरी, प्रौढ, महिला र युवालाई साक्षर बनाउने, | ▪ विभिन्न उमेर समूहका बालबालिका, किशोरकिशोरी, महिला र प्रौढहरुका लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम तर्जुमा गरिनेछ ।<br>▪ साक्षरता अभियान र जीवनपर्यन्त सिकाइका लागि विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिनेछ ।<br>▪ साक्षरता र साक्षरोत्तर कार्यक्रम विकास, योजना र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गरिनेछ ।<br>▪ स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरुलाई क्षमता र योग्यतानुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिनेछ । त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।<br>▪ निरक्षरहरुको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाइनेछ ।<br>▪ महिला, दलित, मुक्त कमैया, हलिया, धार्मिक समूह, बाल श्रमिक, मजदुर, दुर्गम बस्ती, अति विपन्न वर्गका लागि लक्षित सञ्चालन गरिनेछ । | ▪ आधारभूत साक्षरता शिक्षा<br>▪ साक्षरोत्तर शिक्षा<br>▪ निरन्तर तथा जीवनपर्यन्त शिक्षा<br>▪ मौखिक साक्षरता सचेतना<br>▪ साक्षरता अभियान<br>▪ स्थानीय सरोकारवालाहरुसँग समन्वय र सहकार्य लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन<br>▪ साक्षरता सिप प्रमाणिकरण |
| २. विद्यालय जान नपाउने र बिचमै विद्यालय छाडेकाहरुलाई वैकल्पिक र | ▪ आधारभूत तहको समकक्षी वैकल्पिक विद्यालय शिक्षा, माध्यमिक तहको समकक्षी खुला विद्यालय शिक्षा उपलब्ध गराइनेछ । | ▪ वैकल्पिक शिक्षा<br>दूर शिक्षा तथा खुला शिक्षा |

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| खुला विद्यालयीय शिक्षाको अवसर दिने, | ▪ विभिन्न उमेर र वर्गका व्यक्तिहरुलाई उनीहरुको आवश्यकतानुसार अनौपचारिक, खुला वा वैकल्पिक शिक्षाप्रदान गरिनेछ ।<br>▪ सूचना र सञ्चार प्रविधिको प्रयोग गरी खुला तथा दूर शिक्षा सञ्चालनलाई विद्यालयमार्फत व्यवस्थित गरिनेछ ।<br>▪ पम्परागत शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गरिनेछ । | |
| ३. अनौपचारिक शिक्षाका विभिन्न माध्यमका शिक्षा सञ्चालनमा विद्यालय संरचना र सञ्चार प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने | ▪ अनौपचारिक शिक्षालाई आवश्यकतानुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिनेछ । | ▪ टेलिभिजन, रेडियो तथा ई–पत्राचार शिक्षा |
| ४. परम्परागत अनौपचारिक तथा जातीय सिपपरक शिक्षाको मूल प्रवाहीकरण गर्ने | ▪ रोजगारी र वृत्ति विकासलाई जोड दिन सिपमा आधारित कार्यक्रम विकास र कार्यान्वयन गरिनेछ ।<br>▪ रोजगारदाता व्यक्ति वा संस्थालाई श्रमिकको स्तरअनुरुप अनौपचारिक शिक्षा प्रदान गर्न प्रोत्साहित गरिनेछ ।<br>▪ प्रदेशको भाषा संस्कृति संरक्षण सम्बर्धन गर्नका लागि भाषा-जातिगत संग्रहालय | ▪ आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम (पर्यटन, घरेलु उद्योग, खुद्रा पसल, हस्तकला, मसला उद्योग, अचार उद्योग, पाककला, फर्निचर, मस्यौरा, रैथाने खाजा बनाउने : मकै, भट्टमास, सातु, सिरौँला, |

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| | स्थापना गरी तिनीहरु मार्फत तत्तत् विषयको साक्षरता सिप विकास गरिनेछ । | लिटो, खट्टे, ढिक्री, खँरिया, चाकु, च्युरा)<br>▪ भाषा/जातिगत संग्रहालय स्थापना तथा विकास कार्यक्रम |
| ५. वैकल्पिक वा खुला विद्यालय शिक्षामा जान नसक्नेहरुलाई व्यवसायिक र पेसागत शिक्षाको प्रबन्ध मिलाउने | ▪ साक्षरोत्तर शिक्षालाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग सम्बन्धित गराइनेछ । | ▪ कृषि र गृहन्नोति कक्षा (पशुपालन, पंक्षीपालन, माछापालन, माहुरी पालन, जडिबुटी, तरकारी, च्याउ, बेत, बाँस, बगैँचा, पुष्प व्यवसाय, कौसी खेती, कम्पोस्ट मल निर्माण)<br>▪ परम्परागत धार्मिक तथा जातीय सिपलाई समन्वय गर्ने कार्यक्रम |
| ६. जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन स्थानीय स्तरमा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाउने | ▪ अनौपचारिक शिक्षा केन्द्र र इकाइलाई मार्गदर्शन गर्न समितिको व्यवस्था गरिनेछ । | ▪ योजना निर्माण तथा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन संयन्त्र विकास |

| रणनीति | कार्यनीति | कार्यक्रम |
| --- | --- | --- |
| ७. बान्नीगढी गाउँ पालिकालाई पूर्ण साक्षर पालिका बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने | ▪ स्थानीय स्तरमा अनौपचारिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण र वितरण प्रक्रिया व्यवस्थित गर्ने ।<br>▪ बान्नीगढी गा.पा.लाई साक्षर पालिका बनाउन साक्षरतालाई गापा स्तरमा अभियानका रुपमा सञ्चालन गर्ने ।<br>▪ नागरिक समाज, आमा समूह, बालक्लब ।<br>▪ युवाक्लब, युवा सुचना केन्द्र तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी पालिका स्तरीय स्वयम् सेवा तथा साक्षरता अभियान अभियान सञ्चालन गरिनेछ ।<br>▪ अनौपचारिक शिक्षा सञ्चालन, अनुगमनका लागि स्वयम्सेवक तथा सहयोगीलाई तालिम दिई परिचालन गरिनेछ ।<br>▪ माग र आवश्यकतामा आधारित सघन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>▪ साक्षरता कक्षामा सहभागीले जुन सत्र, कक्षा वा तह पूरा गर्छ सोको प्रमाणपत्र दिइनेछ । | ▪ साक्षर बान्नीगढी अभियान |
| ८. गा.पा.स्तरमा अनौपचारिक शिक्षालाई व्यवस्थित गर्न एक अनौपचारिक शिक्षा कोष स्थापना गर्ने | ▪ पालिकामा अनौपचारिक शिक्षा कोषको प्रयोग गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । | ▪ पालिकामा अनौपचारिक शिक्षा कोष स्थापना तथा सञ्चालन |

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| ९. पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न पुस्तकालय, वाचनालय र सामुदायिक युवा सुचना केन्द्रहरु विस्तार र स्तरोन्नति गर्ने । | ▪ पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न स्थानीय तहका वडास्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिनेछ ।<br>▪ सामुदायिक सुचना केन्द्र तथा सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको श्रोतःकेन्द्र बनाइनेछ ।<br>▪ समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिनेछ । | ▪ बान्नीगढीका सबै वडाहरुमा कम्तिमा १-१ वटा सूचना केन्द्र तथा सञ्चार प्रविधियुक्त पुस्तकालय स्थापना<br>▪ सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा श्रोतःकेन्द्रमा विकास<br>▪ स्थानीय तहमा अनौपचारिक शिक्षाका संरचनात्मक संयन्त्र निर्माण |

## ८. अपेक्षित उपलब्धी( Expected Achievement):

यस योजनाको अन्त्यसम्म वडा सरकार, पालिका सरकारको समन्वय र सहकार्यमा आगामी १० बर्ष भित्र राष्ट्रिय स्तरको साक्षरता सुचक सहित पुर्ण साक्षर / शिक्षित बान्नीगढी जयगढ गाउँपालिका घोषणा हुने छ । योजना अवधिभर यो गाउँपालिका शिक्षित / साक्षर हुनेछ । स्थानीय स्तरमा अनौपचारिक शिक्षा सम्बन्धी संरचनात्मक संयन्त्र तयार हुनेछ । साक्षारोत्तर कक्षाहरु आयआर्जन क्रियाकलापहरुसँग जोडिएको हुनेछ । योजनाको अवधीमा पालिकाको साक्षरतादर, भर्नादर, औषत आयु, शिशु स्याहार र पोषण खाद्य सुरक्षाका सुचकहरु बढेको हुनेछन भने गरिबी, बेरोजगारी, बाल मृत्युदर घटाउन अनौपचारिक शिक्षाले सहयोग पुर्याएको हुनेछ ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन तथा आजीवन सिकाईका डाटा तयार गर्ने | पटक | ✓ | | | | | | स्थानीय |
| २ | निरक्षर व्यक्तिहरुका लागि साक्षरता कक्षा संचालन गर्ने। | संख्या | ✓ | ✓ | | | | | स्थानीय |
| ३ | स्थानीय माग तथा आवश्यकताका आधारमा सिकाई केन्द्र थप गर्ने | संख्या | ✓ | ✓ | | | | | स्थानीय |
| ४ | सामुदायिक सिकाई केन्द्रमा सुचना तथा प्रविधिको विकास गर्ने | संख्या | ✓ | ✓ | ✓ | | | | स्थानीय तह, प्रदेश, संघ |
| ५ | सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्ने | संख्या | ✓ | ✓ | | | | | |
| ६ | अनौपचारिक तथा प्रौढ कक्षाका लागि अनुदानको व्यवस्था | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, प्रदेश, संघ |
| ९ | वडा तहमा सूचना केन्द्र तथा पुस्तकालय स्थापना | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, |
| १० | स्थानीय तहमा अनौपचारिक शिक्षा इकाई गठन । | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, |
| ११ | आयआर्जन तथा पेशागत एवम् व्यवसायिक कार्यक्रम । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| १२ | पाठ्यक्रम, पुस्तकालय तथा सिकाई सामग्री विकास र वितरण । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| १३ | उत्कृष्ट सहभागि शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार । | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाई लागि आवश्यक बजेटः**

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता |
| १ | निरक्षरहरुको विवरण संकलन तथा आजीवन सिकाईका डाटा तयार गर्ने | | | | | | | | | | | |
| २ | निरक्षर व्यक्तिहरुका लागि साक्षरता कक्षा संचालन गर्ने। | | | | | | | | | | | |
| ३ | स्थानीय माग तथा आवश्यकताका आधारमा सिकाई केन्द्र थप गर्ने | | | | | | | | | | | |
| ४ | सामुदायिक सिकाई केन्द्रमा सुचना तथा प्रविधिको विकास गर्ने | | | | | | | | | | | |
| ५ | सरकारी तथा गैरसरकारी | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निकायसंग समन्वय गर्ने | | | | | | | | | | | |
| ८ | अनौपचारिक तथा प्रौढ कक्षाका लागि अनुदानको व्यवस्था | | | | | | | | | | | |
| ९ | वडा तहमा सूचना केन्द्र तथा पुस्तकालय स्थापना | | | | | | | | | | | |
| १० | स्थानीय तहमा अनौपचारिक शिक्षा इकाई गठन । | | | | | | | | | | | |
| ११ | आयआर्जन तथा पेशागत एवम् व्यवसायिक कार्यक्रम । | | | | | | | | | | | |
| १२ | पाठ्यक्रम, पुस्तकालय तथा सिकाई सामग्री विकास र वितरण | | | | | | | | | | | |
| १३ | उत्कृष्ट सहभागि शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | |

### ३.१० शिक्षामा सूचना प्रविधि

### १. पृष्ठभुमि

आजको युग सुचना प्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण एवम् संचार गर्ने पत्रपत्रिका, कम्प्युटर, इन्टरनेट लगायतका प्रविधिलाई सूचना तथा संचार भन्ने गरिन्छ । बैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिले मानव जिवनमा धैरै ठुला परिवर्तनहरु ल्याउन सफल भएका छन । मानिसलाई बाँच्न हिड्डुल गर्न काम गर्न लगायतका विविध क्षेत्रमा विशेषत : सूचना प्रविधिको प्रयोगले अकल्पनिय बदलाब ल्याई मानिसमा नविनतम मुल्य मान्यतालाई स्थापित गर्दै लगेको आजको यथार्थ हो ।

सूचना प्रविधिले शिक्षा क्षेत्रमा विद्यामान रुढिवाढी संस्कार र पद्बतिलाई चुनौति दिदै नयाँ शिक्षामा अतभुत रुपमा अधि बढेको छ । शिक्षाका पाठ्यक्रम निर्माण देखि त्यसको कार्यान्वयन र मुल्याङ्कनका सम्पूर्ण कुरा सूचना तथा प्रविधिले गरेको छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणाली भित्रको महत्वपूर्ण अवयवका रुपमा रहन गएको छ । कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठन पाठनको सिद्बान्तलाई आधुनिक ढंगले सुरुवात भएको पाइन्छ । सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुबैका लागि शिक्षण सिकाइ क्रियाकलाप हुने पहुँचलाई वृद्बि गर्न सकिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई अफलाइन र अनलाइन दुवै माध्यमबाट शिक्षा लिने र दिने प्रक्रिया सहजिकरण गर्न सकिन्छ ।

नेपाल सरकारले सामुदायिक विद्यालयमा सुचना प्रविधिद्धारा पठपठन गर्ने उद्धेश्यका साथ विद्यालयमा सुचना प्रविधिको विस्तार गर्दे आईरहेको छ। यसैगरी ग्रामीण क्षेत्र सूचना प्रविधिको पहुँचका लागि ई–भिलेज कार्यक्रम आ.ब २०७०÷२०७१ देखि सूचना तथा प्रविधि विभगाले देशभरीका बिभिन्न ग्रामीण क्षेत्रमा ई–भिलेज स्थापना गरी कार्यक्रम संचालन गर्दे आईरहेको छ। साथै आ.ब.२०७८÷२०७९ को नीति तथा कार्यक्रममा पनि आगामी २ वर्ष भित्र सामुदायिक विद्यालयमा निःशुल्क इन्टनेट पहुँचको विस्ततर गर्ने व्यववस्था गरेको छ।

**वर्तमान अवस्थाः**

नेपाल सुचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सुचना सञ्चारका संरचनामा पहुच पु¥याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षा तथा सञ्चार प्रविधि सम्बन्धि गुरुयोजना योजना कार्यान्वयन गर्ने उल्लेख गर्ने भनेको छ। यस्तै डिटिचल नेपालको कार्याढाँचा २०७६ ले विद्यालय तथा क्याम्सहरुमा शिक्षा तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासिल र जिआएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्र शिक्षा तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धि क्षमता विकास गर्ने र सबैका लागि सुचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धक नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीतिहरु उल्लेख गरेको छ। उक्त नीतमा सबै विद्यालयमा सुचना तथा प्रविधि सम्बन्धि संरचना तयार गर्ने इन्टरनेटको पहुँच पु¥याउने तथा सीपयुक्त जनशक्ति तयार पर्ने व्यवस्था गरेको छ।

बान्नीगढी जयगढ गाउँपालिकाले २०७७ साल असारमा गरिएको सर्वेक्षणका आधारमा बालवालिका कम्प्युटर सहितको इन्टरनेटको पहुँच,

| सबै किसिमको प्रविधिको पहुँच भन्दा वाहिर रहेका बालवालिका | रेडियो, एफ एम रेडियोको पहुँचमा रहेका बालवलिका | टेलिभिजनमा पहुँच भएका बालवालिका | कम्प्युटर भएको तर अनलाईन कनेक्टिभिटी नभएका विद्याथी | कम्प्युटर भएको तर अनलाईन कनेक्टिभिटी नभएका विद्याथी |
|---|---|---|---|---|
| २८० | ४३०२ | ६१ | ०० | ०० |

## २. प्रमुख समस्या र चुनौतीः

सूचना संचना प्रविधिको क्षेत्रमा आएको बदलिदो परिवेशमा विगतका निति अनुरुपमा संस्थागत व्यवस्था हुन सकेको छैन भने इन्टरनेटको व्यापक प्रयोग संग सूचना तथा संचार प्रविधि क्षेत्रमा साइवर सुरक्षाको आवश्यकता अझ बढ्दै गइरहेको छ । पालिका भित्रका विद्यालयहरु तथा प्रारम्भिक बाल विकासहरुमा कम्प्यूटर, ल्याप्टप, मल्टिमिडिया, प्रोजेक्टर, स्पिकर, प्रिन्टर र इन्टरनेट लगायतका उपकरणहरुको व्यवस्था नभइ शिक्षा सूचना प्रविधिको प्रयोग गर्न कठिन भएको छ ।

आधुनिक युग संग संगै सूचना र संचार प्रविधिको प्रयोगको यस पालिकाबाट शिक्षा क्षेत्रमा नेट, इन्टरनेट, फेसबुक, सामाजिक संजालको दुरुपयोगले गर्दा यथार्थमा हुने सूचना संचार नभइ नकारात्मक सूचना दुरुपयोग भएको पाइयो ।

- योजनाको निर्माण नहुनु ।
- दिर्धकालिन सोचको अभाव ।
- बजेट व्यवस्था नहुनु ।
- दक्ष जनशक्तिको अभाव ।
- प्रविधि युक्त शिक्षा नहुनु ।
- भौगोलिक रुपमा विकट हुनु ।

- विद्युत र वैकल्पिक उर्जाको व्यवस्था नहुनु ।
- तालिमको व्यवस्था नहुनु ।

**३. अवसरः**

- शिक्षामा सूचना प्रविधिले दक्ष जनशक्ति उत्पादन गर्ने
- प्रविधि मैत्री शिक्षाको विकास हुनु
- ज्ञान र सिपमा वृद्बि हुनु
- रोजगारीका अवसरमा वृद्बि हुनु
- आत्मनिर्भरता हुनु
- दिर्धकालिन सोच

**४. सोचः**

सूचना तथा संचार प्रविधिको प्रयोगबाट बान्नीगढी जयगढ गाँपालिकालाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरणको सुनिश्चितता ।

**५. लक्ष्यः**

- पालिकामा बालबालिकाहरुलाई ७५% डिजिटल साक्षर बनाइने छ ।
- विद्यालयमा अध्ययनरत बालबालिकालाई इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ ।
- सूचना प्रविधिको दक्ष जनशक्ति उत्पादन गरि स्वरोजगार गरिनेछ ।

**६. उद्देश्यः**

- शिक्षालाई सूचना प्रविधि मैत्री बनाउने ।
- एक विद्यार्थी एक ल्यापटपको अवधारणा ल्याउने
- सबै बालबालिकालाई इन्टरनेटको पहुँचमा पुर्याउने
- संविधानको मौलिक हकको धारा २७ मा टेकि अधि बढ्ने

**७. रणनिति कार्यनिति**

**८. रणनिति कार्यनिति**

| रणनिति | कार्यनिति |
|---|---|
| सबै आधारभुत तथा माध्यमिक तहका विद्यालयहरुमा सूचना तथा प्रविधिको विस्तार गरिने छ। | विद्यालयलाई कम्प्युटर, इन्टरनेट तथा अन्य विद्युतीकरणका सामग्री सहयोग गर्ने। |
| सूचना तथा प्रविधिको प्रयोगका लागि शिक्षकको क्षमता विकास गरिने छ। | शिक्षकहरुलाई सुचना प्रविधि तथा सञ्चार संचालन सम्बन्धि तालिम प्रदान गर्ने। |

| | |
|---|---|
| स्थानीय तह तथा विद्यालयको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थापन गरिने छ। | शिक्षकहरुलाई IEMIS सम्बन्धि अभिमुखीकरण तथा तालिम उपलब्ध गराउने। |
| सबै विद्यालयमा विद्युतिय सिकाई Platform तयार गरी बालवालिकाको प्रयोगको पहुँचमा ल्याईने छ। | बालवालिकाको पढाईका लागि विद्युतीय सामग्री, अनलाईन पुस्तकालय तथा अन्य डिटिल अध्ययन सामग्रीको व्यवस्था गर्ने |
| गाउँपालिकामा रहेका सामुदायिक सिकाई केन्द्र मध्ये एक वटा सिकाई केन्द्रलाई डिटिल सिकाई तथा व्यवसायिक सीप विकास तथा अनौपचारिक तथा निरन्तर सिकाईमा विकास गरिने छ। | सामुदायिक सिकाई केन्द्रमा डिटिलाइज गर्नका लागि आवश्यक उपकरण उपलब्ध गराउने। |
| सबै किसिमका अपाङता भएका बालवालिकाको लागि उपयोगी हुने गरी डिजिटल सामग्रीको विकास गरिने छ। | अपाङ मैत्री डिजिटल सामग्रीको व्यवस्थापन गर्दा अपाङ निर्माण गर्ने तथा बालवालिकाको पहुँचमा ल्याउने। |
| विद्यालय अनुगमन तथा पृष्ठपोषण शिक्षको क्षमता विकास अभिवृद्धि तथा सहयोगमा सूचना तथा प्रविधिको प्रयाग गरिने छ। | • गाउँपालिका शिक्षा शाखमा संयुक्त रुपमा विद्यालय अनुगम Finding तथा प्रतिबेदन अनलाईनमा भर्ने<br>• शिक्षा प्रमुख तथा शिक्षा शाखाका अन्य कर्मचारी तथा शिक्षकलाई पेशागत विकास, अनुगमन तथा प्रतिबेदन प्रविधिको प्रयोग गरी तयार गर्न क्षमता विकास गर्ने। |

## ९. **अपेक्षित उपलब्धिः**

- विद्यालयमा सूचना तथा प्रविधिको विस्तार तथा सबै बालवालिकाको पहुँचमा भएको हुने।
- विद्यालयमा बालवालिकाको सिकाईका लागि अनलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन भएको हुने।
- प्रारम्भिक कक्षा बालवालिकाका लागि सुहाउदो डिजिटल सिकाई सामग्रीको विकास तथा पहुँच भएको हुने।
- नगरपालिका स्तरमा अनलाई पुस्तकालयको स्थापना गरी सबै नागरिकको पहुँच तथा प्रयोग भएको हुने।

- विद्यालयको अनुगमनको पृष्ठपोषण प्रतिबेदन तथा शिक्षकको पेशागत विकासका लागि सूचना प्रविधिको प्रयोग भएको हुने।
- स्थानीय तह तथा विद्यालयको IEMIS थप व्यवस्थिति भएको हुने।
- नगरपालिकाको एउटा सामुदायिक सिकाई केन्द्रको सूचना प्रविधिको विकास गरी सिकाई सहजीकरण, अनौपारिक शिक्षा सूचना प्रविधिको प्रयोग गरी संचालनमा आएको हुने।

**कार्यक्रम वा क्रियाकालाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | गाउँपालिकामा E-library को स्थापना गर्ने | संख्या | ० | ० | १ | ० | ० | | स्थानीय तह |
| २ | विद्यालयमा ICT संरचना विस्तार गर्ने | संख्या | ७ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |
| ३ | सबै विद्यालयमा इन्टरनेटको सुविधा विस्तार गर्ने | संख्या | १० | ० | ० | ० | ० | | स्थानीय तह |
| ४ | शिक्षक तथा IEMIS व्यवस्थित गर्न ICT सम्बन्धि तालिम | संख्या | | २५ | | | | | स्थानीय तह |
| ५ | सबै माध्यमिक विद्यालयमा कम्पुटरमा संचालन गर्ने । | संख्या | १५ | ३ | ३ | ३ | १ | | |
| ६ | सुचना प्रविधि मार्फत कक्षा संचालन गर्ने । | संख्या | १ | २ | ३ | १ | १ | | |
| ७ | बालवालिकाको डिटिल अध्ययन गराउनका लागि | संख्या | २५ | २५ | २५ | २५ | २५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाई पोर्टलको पहुँच वृद्धि गर्ने | | | | | | | | | |
| ८ | विद्यालयमा डिजिटल साम्रगीका प्रयोगका लागि शिक्षकको क्षमता विकास | संख्या | २५ | २५ | २५ | २५ | २५ | | | |

**शिक्षामा सूचना प्रविधि आवश्यक लागि आवश्यक बजेटः**

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १. | गाउँपालिकामा E-library को स्थापना गर्ने | ५०० | ० | ० | ५०० | ० | ० | | | ✓ | | | |
| २ | विद्यालयमा ICT संरचना विस्तार गर्ने | ३००० | ० | १००० | १००० | ५०० | ५०० | | ✓ | | | | |
| ३ | सबै विद्यालयमा इन्टरनेटको सुविधा विस्तार गर्ने | २०० | ० | २०० | ० | ० | ० | ✓ | | | | ✓ | |
| ४ | शिक्षक तथा IEMIS व्यवस्थित गर्न ICT सम्बन्धि तालिम | २५० | ० | ० | २५० | ० | ० | ✓ | | | | ✓ | |
| ५ | सबै माध्यमिक विद्यालयमा कम्पुटरमा संचालन गर्ने । | २०० | ० | ० | ५० | ५० | १०० | ✓ | | | | | |
| ६ | सुचना प्रविधि मार्फत कक्षा संचालन गर्ने । | ० | ० | ० | ० | ० | ० | | | | | | |
| ७ | बालवालिकाको डिटिल अध्ययन गराउनका लागि सिकाई पोर्टलको पहुँच वृद्धि गर्ने | ० | ० | ० | ० | ० | ० | | | ✓ | | | |
| ८ | विद्यालयमा डिजिटल साम्रगीका प्रयोगका लागि शिक्षकको क्षमता विकास गर्ने | ९०० | १५० | १५० | २०० | २०० | २०० | | | ✓ | | | |

## शिक्षकको पेशागत सहयोग तथा विकास

**परिचयः**

प्रारम्भिक तहमा नै बालवालिकामा पठन तथा लेखन सिपको राम्रो विकास भएमा उनीहरुको अन्य विषयहरुमा र माथिल्ला कक्षाहरुमा पनि राम्रो गर्न सक्ने र उनीहरुको समग्र शैक्षिक स्तर राम्रो हुदै जान्छ। शिक्षकलाई प्रधानाध्यापक, अनुभवी शिक्षक वा विषय विज्ञबाट नियमित कक्षा अवलोकन तथा सुपरिवेक्षणमार्फत पेसागत उन्नयनका लागि पु¥याइने आवश्यक प्राज्ञिक तथा प्राविधिक सहयोगलाई शिक्षक पेसागत सहयोगको रुपमा लिइन्छ।

तलिमा सिकेका ज्ञान, सीपहरु व्यवहारिक रुपमा कार्यान्यन गर्दा राम्रा पक्ष र सुधार गरिने पक्षलाई अवलकोन गर्दै समस्या परेको क्षेत्रमा स्थलगत प्राविधिक सहयोग पु¥याउनु नै पेशागत विकास सहयोग हो। केही पटकमा लिएको तालिममा सिकेको ज्ञान सीप नै पर्याप्त नहुन सक्दछन तथा तालिमा सिकेका सीप तथा ज्ञान व्यवहारिक रुपमा कार्यान्वयन गर्दा आईपर्ने चुनौतीलाई पहिचान गरी सहयोग पु¥याउनु पर्दछ।

शिक्षा विकास तथा प्रविधि मन्त्रालयले प्रारम्भिक तहमा शिक्षकको पेशागत सहयोग व्यवस्थापन कार्यविधि  तथा शिक्षक पेसागत सहयोग मार्गदर्शन २०७७ जारी गरेको छ। उक्त कार्यविधिमा शिक्षक पेशागत विकास गर्नका लागि रणनीतिहरु, क्रियाकलाप तथा सरोकारवालाहरुको भुमिका, कार्यहरु तथा जिम्मेवारीको व्याख्या गरेको छ।

### वर्तमान अवस्था

वर्तमान परिपेक्ष्यमा विद्यालय तह सम्मको पेशागत विकासको लागि संरचना छैन। नेपालको संविधान जारी भई सकेपछि देश संघयि लोकतान्त्रीक गणतन्त्रामक व्यवस्था भए अनुरुप तीन तहको सरकार क्रियाशिल रहेको अवस्था छ। विगतको जस्तो स्रोत केन्द्र तथा स्रोत व्यक्तिको अवधारण रहेको छन र स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ। उक्त शाखामा सिमित जनशक्ति रहेको तथा उक्त जनशक्ति पनि कार्यालयको प्रशासन कार्यमा व्यवस्त रहनु परेको अवस्थामा विद्यालय तहमा प्राविधिक रुपमा पेशागत सहयोग पुगेको छैन। त्यसैगरी विद्यालय तहमा पनि शिक्षकको पेशागत विकासका लागि त्यस्तो संरचना भएको हुदा प्रअ तथा अन्य शिक्षकहरुले प्राविधि सहयोग नगरिएको अवस्थामा शिक्षकले पाएको तालिमको आधारमा कक्षा सहजीकरण गरि रहनु भएका छन। शिक्षकले भोगेका समस्याहरु सम्बोधन गर्न नसकिएको अवस्था रहेको छ।

माथि उल्लेखित चुनौती तथा समस्यालाई सम्बोधन गर्नका लागि यस गाउँपालिकाले शिक्षक पेशागत अवधारण तयार गरी यस दश बर्षे गाउँ शिक्षा योजनामा समावेश गरिएको छ। यस शिक्षक पेशागत योजना कार्यान्वय भएमा विद्यालय तह सम्म शिक्षक पेशागत सहयोग पुग्ने छ र फलस्वरुप शिक्षकको कार्य दक्षता अभिवृद्धि भई समग्र रुपमा बालवालिकाको सिकाई उपलब्धी तथा शैक्षिक प्रगति हासिल गर्न सक्ने अपेक्षा गरिएको छ।

यस गाउँपालिकामा शिक्षक पेशागत विकासका लागि तपशिल बमोजिमको चुनौतीहरु रहेका छन र यी चुनौतीलाई सम्बोधन गर्दै समग्र शैक्षिक सुधार भएको हुनेछ।

- गाउँपालिकामा शिक्षकको पेशागत विकासका लागि विज्ञ समुह गठन नभएको अवस्थामा शिक्षकको कक्षा अवलोकन गरी स्थलगत प्राविधिक सहयोग गर्न नसकिएको अवस्था।
- विद्यालय तहमा कक्षा १, २ र ३ का नेपाली शिक्षक तथा अन्य विषयका शिक्षकहरुको शिक्षक सिकाई समुह गठन तथा परिचालन नभएको अवस्थामा विद्यालय तहमा शिक्षकको पेशागत विकासमा अपेक्षित काम गर्न नसकिएको अवस्था।

**अवसरहरुः**

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि २०७७ तथा शिक्षक पेसागत सहयोग मार्गदर्शन २०७७ तयार गरेको छ। रहेको छ जसले नीतिगत रुपमा शिक्षक पेशागत विकास कार्यक्रम अगाडी बढाउन सकिने छ।
- यस गाउँपालिकाले शिक्षक पेशागत विकासका लागि यस दश वर्षे शिक्षा योजनामा समावेश गरिनु।
- स्थानीय तहमा शिक्षक पेशागत सहयोगका लागि दक्ष तथा प्रविधि व्यक्ति रहेका छन।

**उद्धेश्यहरुः**

१. गाउँपालिका स्तरमा शिक्षक पेशागत सहयोग संरचना तथा संयन्त्र निर्माण गर्नु।

२. विद्यालय तहमा शिक्षक पेशागत विकासका लागि संयन्त्र निर्माण गरी प्राविधि सहयोग गर्नु।

घ. विज्ञ समुह मार्फत विद्यालयको अनुगमन, सहयोग तथा पृष्ठपोषणको व्यवस्था निर्माण गर्नु।

४. शिक्षक पेशागत सहयोग अभ्यास, उपलब्धी, चुनौती तथा सिकाईको प्रतिबेदन तयारी तथा प्रवोधिकरण गर्नु।

शिक्षक पेशागत सहयोग रणनित र कार्यनीति

| रणनित | कार्यनीति |
|---|---|
| गाउँपालिका स्तरमा शिक्षक पेशागत सहयोगका लागि संयन्त्रको स्थापना गरिनेछ। | • गाउँपालिका स्तरमा विषयगत विज्ञ समुह निर्माण तथा अभिमुखीकरण गर्ने।<br>• स्थानीय तहको योजना नीती तथा कार्यक्रम तथा बजेटमा शिक्षक पेशागत प्रणाीलाई समावेश गर्ने। |
| विद्यालय स्तरमा शिक्षक सिकाई समुह गठन गरिने छ। | • विद्यालयम तहमा प्रअको नेतृत्वमा कक्षा १ देखि ३ सम्मका नेपाली अध्ययपन गराउने तथा अन्य विषय विज्ञ शिक्षकहरुको सिकाई समुह गठन गर्ने तथा परिचालन गर्ने।<br>• त्रैमासिक रुपमा विज्ञ समुहद्धारा विद्यालयको अनुगमन गर्ने तथा शिक्षकलाई आवश्यक सहयोग गर्ने। |
| प्रअ तथा विज्ञ शिक्षकद्धारा कक्षा अनुगमन तथा पृष्ठपोषण प्रदान गरिने। | • महिनामा कम्तीमा ४ वटा कक्षा अवलोकन गरी शिक्षकलाई पृष्ठपोषण तथा प्राविधिक सहयोग गर्ने।<br>• कक्षा अनुगमनको फारम भरी प्रतिबेदन तयार गरी विद्यालय तथा पालिकामा बुझाउने। |

| | |
|---|---|
| शिक्षक पेशागत सहयोगका लागि ठुला विद्यालय परिचालन गरी साना विद्यालयलाई सहयोग गर्ने नीति अवलम्बन गरिने छ। | • शिक्षक पेशागत विकासका लागि साना विद्यालयको कक्षा अनुगमन गरी प्रविधिक सहयोग गर्ने।<br>• शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने।<br>• IEMIS तथा शैक्षिक सुचना निर्माण तथा व्यवस्थापनमा सहयोग गर्ने। |
| विद्यालय तहमा शिक्षक वीच अनुभव आदनप्रदानका लागि शुक्रबारीय बैठक संचालन गरिने छ । | • प्रत्येक शुक्रबार शिक्षकको बैठक संचालन गरी शिक्षकको भोगेका समस्या तथा पेशागत विकास क्षेत्रमा छलफल गर्ने।<br>• शिक्षकद्धारा अनिवार्य रुपमा दैनिक पाठयोजना तयार गर्ने तथा शिक्षक बीच छलफल गर्ने। |
| शिक्षक बीच सिकाई आदनप्रदान कार्यक्रम संचालन गरिने छ। | • अन्तरविद्यालय कक्षा सहजीकरण गर्ने अभ्यास गरिनेछ।<br>• अन्तरविद्यालय सिकाई आदनप्रदान भ्रमण संचालन गरिने छ। |
| शिक्षकको पेशागत सहयोग उपलब्धी, चुनौती तथा सिकाईका बारेमा समीक्षा गरिने छ। | • गाउँपालिका स्तरको पअको बैठकमा समीक्षा तथा भावी कार्ययोजना तयार गर्ने।<br>• गाउँपालिका स्तरमा( गाउँ शिक्षा समितिको बैठक तथा अन्य चौमासिक, अर्धवार्षिक तथा बार्षिक) बैठकमा समीक्षा गर्ने। |
| गाउँपालिकाद्धारा संयुक्त रुपमा अनुगमन गरिनेछ | जनप्रतिनिधि तथा शिक्षा शाखाद्धारा त्रैमासिक रुपमा विद्यालयको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने। |

**उपलब्धीः**

- गाउँपालिका स्तरमा शिक्षक पेशागत विकासको संयन्त्र निर्माण भई कार्यान्वय भएको हुने।
- शिक्षकलाई प्राविधिक सहयोग गर्नका लागि विज्ञ समुह, शिक्षक सिकाई समुह निर्माण भई परिचालन भएको हुने।

- विद्यालय स्तरमा प्रअको नेतृत्वमा कक्षा १, २, ३ का नेपाली विषय अध्ययापन गराउने शिक्षकहरु सम्मेलित शिक्षक सिकाई समुह गठन भई कक्षा अनुगमन तथा पृष्ठपोषण प्रदान तथा प्राविधिक सहयोग गरिएको हुने।
- विद्यालय स्तरमा शिक्षक पेशागत सहयोगका बारेमा लागि शुक्रबारीय बैठकमा छलफल तथा भावी सहयोगको रणनीति निर्माण भएको हुने।
- शिक्षक पेशागत विकासका लागि माध्यमिक तहका ठुला विद्यालयले साना विद्यालयलाई सहयोग गरेको हुने।
- जनप्रतिनिधि तथा शिक्षा शाखाद्धारा त्रैमासिक रुपमा विद्यालयको संयुक्त अनुगमन गरी पृष्ठपोषण प्रदान गरिको हुने।
- गाउँपालिका स्तरको समीक्षात्मक बैठकमा तथा प्रअको बैठकमा पेशागत विकाको उपलब्धी, चुनौती, सिकाई तथा भावी रणनीतिका बारेमा छलफल भएको हुने।
- गाउंपालिकाले शिक्षक पेशागत विकासको सिकाई तथा राम्रा अभ्यास समेटी प्रतिबेदन तयारी तथा प्रबोधिकरण गरेको हुने।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | प्रअको बैठकमा शिक्षक पेशागत कार्यविधिको प्रबोधीकरण गर्ने | संख्या | ✓ | ✓ | | | | | |
| २ | गाउँपालिका स्तरमा विज्ञ समुह गठन | संख्या | ✓ | | | | | | |
| ४ | विद्यालय तहमा प्रअको नेतृत्वमा विषयगत विज्ञ समुहको गठन गर्ने | संख्या | ✓ | | | | | | |
| ५ | विज्ञ समुहले कक्षाकोठा अनुगमन गर्ने तथा प्रतिबेदन तयार गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ६ | विद्यालयमा शुक्रबारीय बैठक संचालन गर्ने। | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ७ | अन्तर विद्यालय सिकाई भ्रमण गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ८ | विज्ञ समुहले विद्यालय अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा प्राविधि सहयोग गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ९ | जनप्रतिनिधि तथा शिक्षा शाखाद्धारा संयुक्त विद्यालयको अनुगमन गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | गाउँपालिका स्तरमा शिक्षक पेशागत विकासको उपलब्धी, चुनौती तथा असल अभ्यासको बारेमा छलफल गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ११ | शिक्षक पेशागतको समग्र बार्षिक प्रतिबेदन तयार गरी प्रकाशन गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |

## शिक्षकको पेशगत सहयोग तथा विकास आवश्यक बजेट

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गै.स.स | जनसहभागिता | अन्य |
| १ | प्रअको बैठकमा शिक्षक पेशागत कार्यविधिको प्रबोधीकरण गर्ने | ० | ० | ० | ० | ० | ० | | | ✓ | | | |
| २ | शिक्षक पेशागत कार्यविधिको प्रबोधिकरण | ० | ० | ० | ० | ० | ० | | | ✓ | | ✓ | |
| ३ | गाउँपालिका स्तरमा विज्ञ समुह गठन | | १०० | १०० | १०० | १०० | १०० | | | ✓ | | ✓ | |
| ४ | विद्यालय तहमा प्रअको नेतृत्वमा विषयगत विज्ञ समुहको गठन गर्ने | ० | ० | ० | ० | ० | ० | ० | | ✓ | | | |
| ५ | विद्यालयमा सिकाईआदानप्रदान कार्यक्रम गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | | | |
| ६ | विज्ञ समुहले विद्यालय अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा प्राविधि सहयोग गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | | | ✓ | | | |
| ७ | जनप्रतिनिधि तथा शिक्षा शाखाद्धारा | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | ✓ | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संयुक्त विद्यालयको अनुगमन गर्ने | | | | | | | | | | | | |
| ८ | गाउँपालिका स्तरमा शिक्षक पेशागत विकासको उपलब्धी, चुनौती तथा असल अभ्यासको बारेमा छलफल गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | ✓ | | | |
| ९ | शिक्षक पेशागतको समग्र बार्षिक प्रतिबेदन तयार गरी प्रकाशन गर्ने | १०० | २० | २० | २० | २० | २० | | | ✓ | | | |

## विपद तथा संकटापुर्ण अवस्थामा शिक्षा

**परिचयः**

विपद तथा संकटापुर्ण अवस्थामा पनि बालवालिकाले पढ्न पाउनु अधिकार छ। कोभिड १९ तथा महामारी, द्वन्द्वको अवस्थामा पनि बालवालिकाको पढ्न तथा सिक्न पाउने अधिकारको सुनिश्चित गर्न बिभिन्न वैकल्पिक विधिको प्रयोगद्धारा शिक्षाको सुनिश्चिता गरिनु पर्दछ। बाढी, पहिरो, भुकम्प जस्ता प्राकृति तथा मावन सिर्जित विपदको बेला बालवालिकाको पठपाठन प्रभावित भएको देखिन्छ। कोभिड १९ को अवस्थामा विद्यालय तहको प्रत्यक्ष पठनपाठन हुन सकेन। यस्ता तथ्यबाट सिक्दै आगामी दिन यस्तै विपद तथा संकटपुर्ण अवस्थामा पठनपाठन सुचारु गर्नका लागि यस १० वर्षे शिक्षा योजनामा सामावेश गरिएको हो।

उद्धेश्यहरुः

- विपद तथा संकटापुर्ण अवस्था पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु।
- बिपद उत्थाशील विद्यालयको भौतिक संरचना निर्माण गर्नु।
- सम्भावित संकटको समानाका लागि उत्थाशील योजना निर्माण तथा श्रोतको व्यवस्थापन गर्नु।

**रणनितिः**

- विपद न्युनीकरणका लागि विद्यार्थी तथा समुदायको क्षमता अभिवृद्धि गरिने छ।
- शिक्षा क्षेत्रमा विपदका कारण गर्ने सक्ने प्रत्यक्ष तथा परोक्ष अवस्थाको विश्लेषण गरी योजना तयार गरिने छ।
- विद्यालयका संरचना विपद प्रतिरोधी निर्माण गरिने छ।
- शिक्षक, विद्यार्थी, अभिभावकको विपद रोकथाम, प्रतिकार्य तथा पुनस्र्थापनाका लागि क्षमता विकास गरिने छ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिनेछ।
- विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप अडागी बढाईनेछ।
- समुदायमा गृह कक्ष (Home Schooling) कक्षा संचालन गरिने छ।
- बालबालिकालाई घरमै अध्ययन गर्न सक्ने कार्यपुस्तिका उपलब्ध गराईने छ। घरमा पढ्नका लागि अभिभावकले सहजीकरण गर्ने वातावरण सिर्जना गरिने छ।
- स्थानीय तहमा शिक्षाका लागि विपद कोष स्थापना गरिने छ।

**उपलब्धीः**

- बिपद तथा संकटापुर्ण अवस्थामा बालवालिकाले सुरक्षित तवरले शिक्षा प्राप्त गरेको हुने।
- बिपद तथा संकटापुर्ण अवस्थामा वैकल्पिक उपाय जस्तै घरमा कक्षा(Home Schooling) संचालन भएको भएको हुने ।
- बालवालिकाले पर्याप्त मात्रामा शिक्षण सिकाई सामग्री प्राप्त गरेको हुने।
- बिद्यालयका भौतिक संचरचना विपद उत्थाशील भएको हुने ।
- स्थानीय तहमा आपतकालीन अवस्थाका लागि शिक्षामा बजेट छुट्याउने छ।

**कार्यक्रम वा क्रियाकालाप कार्यान्वयन तालिका**

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स., शिक्षक तथा बिद्यार्थीको क्षमता विकास गर्ने | | | | | | | | |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | संख्या | १ | | | | | | |
| ३ | जोखिम नक्सांकन गर्ने | विद्यालय | २५ | | | | | | |
| ४ | विद्यालयमा आपतकाली कोषको स्थापन गर्ने | विद्यालय | १० | ५ | ५ | ५ | ४ | | |
| ५ | प्राथमिक स्वास्थ्य सामग्रीका व्यवस्था गर्ने | विद्यालय | २५ | | | | | | |
| ६ | विद्यालयमा सुचना प्रविधिको विस्तार गर्ने | विद्यालय | | | | | | | |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्रता दिने क्षमता विकास | विद्यालय | २५ | | | | | | |
| ८ | विद्यालयमा वृक्षारोपण गर्ने | विद्यालय | | | | | | | |
| ९ | निरन्तर तथा सुरक्षित सिकाईका लागि शिक्षक विद्यार्थी सम्मीलित समिति गठन गरी परिचान गर्ने | विद्यालय | २५ | | | | | | |

## समुदाय संलग्नता तथा परिचालन

**परिचयः**

बालवालिकाको पढाई सुधारका लागि अभिभावकहरु परिचालन तथा सहभागीता महत्वपुर्ण रहेको छ। अधिकांश समय बालवालिकाले घरमा विताउने गरेकाछन। यसकारण घरमा पनि बालवालिकाको पढाईका लागि वातावरण सिर्जना गरिदिनु पर्दछ। यस लागि अभिभावकहरु घरमा पढाई कुना स्थापना तथा पर्याप्त मात्रमा पढाई सामग्रीको व्यवस्थापन गरिनु पर्दछ। समुदाय स्तरमा पनि दौतरी पढाईलाई प्रोत्साहन गरी समुदाय बालबालिकालाई पढ्ने निश्चित ठाउँको व्यवस्था गरी आवश्यक सामग्रीको प्रबद्र्धन गरीदिनु पर्दछ। यसले गर्दा बालवालिकाले पर्याप्त मात्रमा पढ्न पाउदछन र उनीहरुको शैक्षिक उपलब्धी तथा सिकाई उपलब्धीमा वृद्धि हुन्छ। विद्यालयमा गठन भएका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको

क्षमता विकास गर्ने तथा परिचालन गर िसमुदाय स्तरमा पढ्ने वातावरण सिर्जना गर्न सकिन्छ।

**वर्तमान अवस्था**

आफ्ना बालवालिकाको शैक्षिक प्रगति बुझ्न अभिभावकहरु विद्यालय सम्म पुगेर शिक्षकहरुसंग छलफल गरेको अभ्यास अभ्यास देखिदैन। वर्षमा केही पटक अभिभावक भेला भई छलफल गरिएता पनि त्यस बाहेका विद्यालय तथा समुदाय स्तरमा बालालिकालाई पढ्न वातारण सिर्जन गर्ने विषयमा छलफल भई तथा योजना बनाइएको पाइदैन। अभिभावकहरुले आफ्ना बालवालिका विद्यालयमा पठाई दिने शिक्षकको जिम्मेवारी हो भनी पन्छिने कार्य भएको दखिन्छ। जबकि बालवालिकाको समग्र शैक्षिक उपलब्धी वृद्धि तथा सुधार गर्नका लागि अभिभावक तथा शिक्षकहरुको बराबार जिम्मेवारी रहेको छ।

विद्यालय सुधार योजनामा भौतिक पक्षलाई धैरै प्राथमिकता दिई योजना तयार गर्दछ जबकि कम बजेट लाग्ने तर धैरै नतिजा देखिने कार्यक्रम समावेश गरिएको हुदैन। यस्तो अवस्थामा बालबालिकाको शैक्षिक सुधारका लागि समुदायको संलग्नता जरुरी देखिन्छ। यसकारण यस गाउँपालिकाले विद्यालय तथा समुदाय स्तरमा शिक्षाको गुणस्तर सुधार गर्नका लागि १० वर्षे शिक्षा योजनामा समुदाय परिचालनको क्षेत्रलाई महतवपुर्ण रुपमा समेटेको छ।

**उद्धेश्यहरुः**

- बालबालिकाको समग्र शैक्षिक उपलब्धी वृद्धि गर्नका लागि  समुदायको संलग्नता अभिवृद्धि गर्नु।
- परिवार तथा समुदाय स्तरमा पढाईको वातावरण सिर्जना गर्नु।
- पढाईको महत्वको बारेमा जनचेतना अभिवृद्धि गर्नका लागि दौतरी शिक्षा तथा शैक्षिक महोत्सवको आयोना गर्नु।
- बालावालिकाको फुर्सदको समय पढाईमा उपयोग गर्नका लागि  घुम्ती पढाई शिविर संचालन गर्नु

## समुदाय संलग्नता तथा परिचालन रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पढाई समिति गठन वा वर्तमान अवस्थामा रहेका सामुदायिक समुहलाई परिचालन गर्ने। | • शिक्षक अभिभावक संघको नेतृत्वमा पढाई उपसमिति गठन गर्ने।<br>• आमा समुह, टोल शिक्षा समितिको बैठकमा बालवालिकाको पढाईको बारेमा छलफल गर्ने।<br>• शिक्षक अभिभावक संघको नेतृत्वमा समुदाय पढाई समिति गठन गर्ने र पढाई सम्बनिध छलपल तथा योजना बनाई कार्यान्वयन गर्ने।<br>• बाल क्लब तथा युवा क्लब मार्फत पढाई महत्वका बारेमा समुदायमा छलफल गर्ने र परिचालन गर्ने। |
| सामुदायिक सिकाई केन्द्रको परिचालन | • सामुदायिक सिकाई सहकर्ता तथा समिति पदाधिकारीको सहयोगमा समुदाय स्तरमा पढाई सम्बन्धि क्रियाकलाप संचालन गर्ने।<br>• समुदाय स्तरमा बालबालिकालाई पढ्नका सिकाई केन्द्रले सहजीकरण तथा सहयोग गर्ने। |
| माध्यमिक तहका बालबालिकालाई दौतरीको क्षमता अभिवृद्धि गरी दौतरी समुह परिचालन गरिने छ। | • माध्यमिक तहका विद्यार्थीलाई project work मार्फत पढाई सम्बन्धि अभिभावक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने।<br>माध्यमिक तहका विद्यार्थीलाई project work मार्फत पढाई सम्बन्धि अभिभावक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने। |
| अभिभावकहरुलाई दौतरी शिक्षा मार्फत बालवालिकाको पठनसीप वृद्धिका लागि घरमा पढ्नका लागि वातावरण सिर्जना गरिनेछ। | • माध्यमिक तहका बालवालिकालाई परिचालन गरी पढाईको महत्वका बारेमा अभिभावकलाई शिक्षा प्रदान गर्ने।<br>• सबै घरमा बालवालिकाको पढाईका लागि पढाई कुना स्थापना गर्ने।<br>• अभिभावकले आफ्ना बालवालिकालाई कम्तीमा १० मिनेट पढाईको लागि समय दिने ।<br>• अभिभावकले बालवालिका निम्ति पढ्ने सामग्री व्यवस्था गर्ने। |
| विदा तथा खाली समयमा बालबालिकाको पढ्न वातावरण सिर्जना गर्नका लागि घुम्ती पढाई शिविर तथा कोचिङ कक्षा संचालन गरिने छ । | हरेक शनिबार तथा विदाको दिन २ घण्टा पढाई शिविर संचालन गर्ने। टोल स्तरमा रहेका बाल क्लब तथा मा.वि स्तरका विद्यार्थीे सहजीकरण गर्ने। |

| | |
|---|---|
| समुदायमा स्तरमा शैक्षिक महोत्सव, शैक्षिक प्रतिस्पर्धा जस्ता क्रियाकलाप संचालन गरिने छ। | समुदाय स्तरमा वर्षमा कम्तीमा २ पटक शैक्षिक महोत्सव गरी बालवालिकाको प्रतिभा प्रस्टफुटन गर्ने। |
| शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बिद्यार्थी वीच बालबालिकाको समग्र सिकाई उपलब्धीको अवस्थाका बारेमा अन्तरक्रिया गरिने छ। | • त्रैमासिक रुपमा शिक्षक अभिभावकबीच अन्तक्रिया कार्यक्रम गर्ने।<br>• बालवालिकाको सिकाई उपलब्धीका बारेमा छलफल गर्ने र घरमा पढ्न वातावरण सिर्जना गरिदिने।<br>• कम्तीमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्धारा बालबालिकाको<br>• शैक्षिक अवस्था बुझ्न घरदैलो अभियान संचालन गरिने छ। |
| बालबालिकाको शिक्षामा योगदान गर्ने अभिभावकलाई उत्कृट अभिभावक तथा दौतरी समुहका व्यक्तिलाई बिद्यालाय तथा गाउँपालिकाद्धारा सम्मान गर्ने। | उत्कृष्ट व्यक्तिलाई सम्मान गर्ने |
| वडा कार्यालय,वडा शिक्षा समिति तथा अन्य पेशागत समितिद्धारा नियमित अनुगमन तथा सहयोग प्रदान गरिने छ। | • नियमति रुपमा अनुगमन गर्ने तथा आवश्यक सहयोग गर्ने।<br>• समुदाय स्तरमा रहेका अभिभावक, बाल क्लब, युवा क्लब, आमा समुहसंग छलफल गर्ने। |

**उपलब्धीः**

१. पढाई सम्बन्धि अभिभावकहरुको सचेतना वृद्धि भई सबै घरमा बालवालिकाको पढाई वातावरण तथा संरचना निर्माण भएको हुने।
२. बालवालिकाको शैक्षिक गुणस्तर सुधार तथा पठनसीप वृद्धिका लागि विद्यालय तह तथा समुदाय स्तरमा शैक्षिक महोत्सव जस्ता क्रियाकलाप संचालन भएको हुने ।
३. विद्यालय तह तथा समुदाय स्तरमा बालबालिकाको शैक्षिक उपलब्धीको बारेमा छलफल भएको हुने।
४. विदाको सयमा समुदाय स्तरमा बालवालिकाको अध्ययनका लागि घुम्ती कक्षा संचालन भएको हुने।
५. घर तथा समुदाय स्तरमा पढाई केन्द्र स्थापन भई प्रशस्त पढाई सामग्रीको व्यवस्था भएको हुने।
६. बालवालिकाको प्रगति बुझ्न अभिभावकहरु विद्यालयमा गई छलफल गरिएको हुने।
७. उत्कृष्ट अभिभावक तथा स्वयसेवीलाई लाई सम्मान गरिएको हुने।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | शिक्षक अभिभावक संघको नेतृत्वमा पढाई उपसमिति गठन तथा अभिमुखीकरण | संख्या | २५ | २५ | | | | | स्थानीय तह, विद्यालय |
| २ | त्रैमासिक रुपमा वि.व्यव.स.शि.अ.सं. तथा अभिभावक बीच बालवालिकाको सिकाई सिकाई उपलब्धीका बारेमा छलफल | संख्या | २५ | २५ | २५ | २५ | २५ | | स्थानीय तह, विद्यालय |
| ४ | दौतरी शिक्षा मार्फत अभिभावकलाई पढाईको महत्वको बारेमा जानकारी दिने | संख्या | २५ | ३५ | ५० | २० | २० | | स्थानीय तह, विद्यालय |
| ५ | समुदाय स्तरमा शैक्षिक महोत्सव संचालन गर्ने | संख्या | ५ | १५ | २० | १५ | १० | | स्थानीय तह, विद्यालय |
| ६ | समुदाय स्तरमा घुम्ती पढाई शिविर संचालन गर्ने। | संख्या | १५ | २० | १५ | २५ | १० | | स्थानीय तह, विद्यालय |
| ७ | कम्तीमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्धारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो गर्ने | संख्या | २५ | २५ | २५ | २५ | २५ | | स्थानीय तह, विद्यालय |
| ८. | उत्कृष्ट अभिभावकलाई सम्मान गर्ने। | संख्या | ५ | ५ | ५ | ५ | ५ | | नीय तह, विद्यालय |

## समुदाय संलग्नता तथा परिचलन  आवश्यक बजेट

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता |
| १ | शिक्षक अभिभावक संघको नेतृत्वमा पढाई उपसमिति गठन तथा अभिमुखीकरण | १०० | २० | २० | २० | २० | २० | | | ✓ | | |
| २ | त्रैमासिक रुपमा वि.व्यव.स.शि.अ.सं. तथा अभिभावक बीच बालवालिकाको सिकाई सिकाई उपलब्धीका बारेमा छलफल | १०० | २० | २० | २० | २० | २० | | | | | |
| ३ | दौतरी शिक्षा मार्फत अभिभावकलाई पढाईको महत्वको बारेमा जानकारी दिने | २०० | ४० | ४० | ४० | ४० | ४० | | | ✓ | | |
| ४ | समुदाय स्तरमा शैक्षिक महोत्सव संचालन गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | | | ✓ | ✓ | |
| ६ | समुदाय स्तरमा घुम्ती पढाई शिविर संचालन गर्ने। | ० | ० | ० | ० | ० | ० | | | ✓ | ✓ | |
| ७ | कम्तीमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्धारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो गर्ने | ० | ० | ० | ० | ० | ० | | | ✓ | ✓ | |
| ८. | उत्कृष्ट अभिभावकलाई सम्मान गर्ने। | १०० | २० | २० | २० | २० | २० | | | ✓ | | |
| | **जम्मा** | | | | | | | | | | | |

**परिच्छेद ४: कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, समन्वय र सहजीकरण**

कार्यक्रम कार्यान्यनको समय तथा त्यसपश्चात अनुगमन तथा मुल्यांकन गर्नु जरुरी छ। शैक्षिक कार्यक्रमहरुको स्रोत साधानको वियोजित तथा खर्च सही ठाउँ तथा प्रतिफल दिने खालको छ कि छैन भनी अनुगमन तथा म मुल्यांकन गर्न जरुरी छ। यसले कार्यक्रमहरुको वर्तमान अवस्था र प्रगतिको स्थितिको बारेमा जानकारी दिन्छ। अनुगम तथा मुल्यांकनले शैक्षिक कार्यक्रममा भएको लागानीलाई पारदर्शि, नतिजामुखी, जवाबदेही र उत्तरदायीपुर्ण बनाउन सहयोग गर्दछ।

**उद्धेश्यहरुः**

१. शैक्षिक कार्यक्रमहरुको स्रोत साधानको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु।
२. अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु।
**३.** नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाई प्रणाली बिकास गर्नु।

**रणनितिः**

१. संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिने छ
२. गाउँपालिका स्तरमा प्रमुख ज्युको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ।
३. शैक्षिक सुचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सुचक सहित कार्यान्वयन गरिने छ।
४. बर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिने छ।
**५.** बिद्यालय तहमा बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणली विकास गरी कार्यान्वय गरिने छ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नियमित रुपमा शिक्षा युवा खेलकुद शाखाबाट अनुगमन | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| २ | संयुक्त रुपमा विद्यालय अनुगमन जनप्रतिनिधि(शिक्षा शाखा) | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| ३ | वार्ड कार्यालयबाट नियमति विद्यालयको अनुगमन | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| ४ | गाउँशिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन | संख्या | १ | १ | १ | १ | १ | | स्थानीय तह, |

## कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, समन्वय र सहजीकरण आवश्यक बजेट

| क्र.सं. | शिर्षक | आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता |
| १ | नियमित रुपमा शिक्षा युवा खेलकुद शाखाबाट अनुगमन | ० | ० | ० | ० | ० | ० | | | ✓ | | |
| २ | संयुक्त रुपमा विद्यालय अनुगमन जनप्रतिनिधि(शिक्षा शाखा) | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | ✓ | | |
| ३ | वार्ड कार्यालयबाट नियमति विद्यालयको अनुगमन | ० | ० | ० | ० | ० | ० | | | ✓ | | |
| ४ | गाउँशिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन | १०० | २० | २० | २० | २० | २० | | | ✓ | | |
| | **जम्मा** | | | | | | | | | | | |

सन्दर्भ सामग्रीहरूः


बान्नीगढी जयगढ गाउँपालिकाको वस्तुगत विवरण २०७५

बान्नीगढी जयगढ गाउँपालिकाको शैक्षिक प्रोफाइल २०७७

राष्ट्रिय जनगणना तथ्यांक २०६८

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको वेवसाइट

आर्थिक सर्वेक्षण २०६७।०७७

बान्नीगढी जयगढ गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५

शैक्षिक सूचना तथ्यांक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वेवसाइट

शैक्षिक सूचना तथ्यांक सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश वेवसाइट


अनुसूचीहरूः